षड्यन्त्र खेती

सक्कली जति झुठ

इरानमा लुकेका अमेरिकीको कथा

भवनाथ दाहाल

सक्कली जति झुठ

षड्यन्त्र खेति

भवनाथ दाहाल

षडयन्त्र खेति

अमेरिका, इरान र क्यानाडा तीन मुलुकका कुटनैतिज्ञको पारस्परिक षड्यन्त्र खेतिको पर्दाफास गराउँने असी दिन लामो छ अमेरिकी गुप्तवासीको खेति हो यो । मूल समस्या इरानमा भएको अमेरिकी दूतावास कब्जा र कुटनैतिक बन्धकबारे सारा संसारले थाहा पाएता पनि यो चाही षड्यन्त्र खेतिको आभास कसैलाई भएन – पहिलो र अन्तिम दिनका घटनाबारे इरानभित्र सोह्र सोह्र जनामात्र जानकार रहे । सत्यखेतीमा अमेरिका, इरान र क्यानाडाले परस्पर कुटनैतिक आचरण कुल्चेका छन् – सम्भवतया परिस्थितिवस । आठ मुलुकका कुटनीतिज्ञ यस खेतिमा जानकार रहेर पनि मौन रहे ।

तेहरानमा छैसठ्ठी अमेरिकी कुटनीतिज्ञ बन्धक बन्दा छुटेका छ कर्मचारीको बहिर्गमनका लागि गरिएको षड्यन्त्र खेति हो यो । बन्धक मुक्ति हुन ४४४ दिन कुर्न पर्‍यो तर छयासी दिन लामो यो खण्डको षड्यन्त्र खेतीको ८० औं दिनमा पटापेक्ष भयो । षड्यन्त्र खेतिको खेतखलियान खन्ने काम सत्तरी वर्ष अगावै, सम्याउने काम चालीस वर्ष अगावै र बिजारोपणको काम यो खेति शुरुभन्दा झण्डै बत्तीस वर्ष अगावै भएको थियो । समग्र षड्यन्त्र खेति त कहिले इरान विरुद्ध त कहिले अमेरिका विरुद्ध चलिरह्यो – हजारौं इरानीको रक्तसिंचित रहने गरी । षड्यन्त्र खेतिको तानाबाना र सहयोग असहयोगमा बत्तीस अमेरिकी, बत्तीस इरानी, सोह्र क्यानाडेली र सोह्र अन्य देशका नागरिक यस खेतिमा झुल्किन्छन् । सोह्र भवनको उपयोग भएको छ । षडयन्त्र खेतिका खेताला भएका र नभएका गरी प्रशंगवस यस खेतिमा बत्तीस मुलुक देखा पर्नेछन् ।

षड्खेतिको अन्त्यमा एउटा सिनेमा आउँछ कतै नबनेको नबन्ने खालको । सिनेमा खिच्नु अगाडिसम्म षड्यन्त्र खेतिमा खासमा क्यानाडा तथा मौन सहयोगी इरान वरिपरी देखिन्छ तर नखिचिएको सिनेमा अमेरिकी नेतृत्वमा छ ।

भैसकेका षड्यन्त्र खेतिले अमेरिका, इरान र क्यानाडालाई सभ्यताको उचाइमा पुऱ्याएका छैनन् । षड्यन्त्रभित्रै पुग्दा ती पनि परिस्थितीले जन्माउँने खेति जस्तो लाग्छन् । उसै पनि ककेसस हिन्दुकुस कैलास क्षेत्र सबैको केन्द्रमा छ, परिस्थितिले भए गरेका गलतलाई अमेरिका, इरान तथा क्यानाडा संगै बसेर 'अब बिर्सौं है' भन्दा नै सबैको भविष्य उज्वल बन्दछ । षडयन्त्र खेतिको शुभकामना यहि नै हो ।

खेतिको मूल श्रोतमा सिआइएका चार अधिकृत एन्टोनियो मेन्डेज, स्कट कोच, विल्भर, विलियम डाउगेर्टी, वायरका लेखक ह्वाटेभस्की, ला प्रेसका जोन पेलेटर, ब्रुस लिङ्केन, सलमातिन लगायत ज्ञात वा अज्ञात आठ दर्जन संस्था र महानुभावहरु हुनुहुन्छ – तीन सय जति लेख, पेज, प्रतिवेदन, फुटेजमध्येबाट । सोह्र भाषाका शव्दका सहयोगीको खेतिमा योगदान छ । सबै श्रोतकर्ता र सहयोगीहरुसँग म ऋणी छु, नेपाली साहित्य ऋणी छ, उहाँहरु धन्यवादका पात्र हुनु हुन्छ ।

मार्गबार अम्रिका

'अल्लाहु अकबर! मार्गबार अम्रिका!'

'अल्लाहु अकबर! मार्गबार अम्रिका!'

'अल्लाह महान छन्! अमेरिकीलाई मृत्यु! '

अमेरिकाले शाहलाई उपचारको नाममा आश्रय दिएको दिन १९७९ अक्टोबर २२ देखि त अमेरिका विरोधी भिडले तेह्र महिनादेखि विरोध प्रदर्शनीको केन्द्र रहेको तख्त–ए-जस्मिद एभ आसपास प्रदर्शन नगरेको दिन नै थिएन, मुसलधारे वा हिउँ सेताम्य वा उखर्माउलो हपक्क गर्मीको दिनमै पनि । अत्यासपूर्ण वातावरणमा कुटनैतिक संसारलाई चकित खुवाउँदै १९७९ फरवरी १४ मा प्रदर्शनकारीहरु दूतावासभित्रै प्रवेश गरी तीन घण्टा कब्जा गरेका थिए – भ्यालेन्टाइन डे ओपेन हाउस घटनामा । अमेरिकी उपचार कुटनीतिको शुरुवात देखि त दूतावास बाहिरको अवस्था खतराजन्यरुपमा नाजुक थियो, सर्बशक्तिमान अमेरिकाले केही गर्न सकेको थिएन । अरु दिन झै, बाहिर उग्र प्रदर्शनकै बिचमा पनि दूतावासका स्थानीय कर्मचारीहरु सुरक्षा जाँच गराउँदै कार्यालय प्रवेश गर्दथे, द्वारमा भएको भिडमा एक छेउ लाग्दै, पन्छाउँदै घर फर्कन्थे । आज १९७९ को नोभेम्बर ४ पनि यहि निरन्तरता चलाउँदै थियो । अमेरिकामा चाही नोभेम्बर ३ को रातको मस्त निद्रा चलिरहेको थियो ।

आधा शताव्दीदेखि हुकुमद्लाई चोर औंलामा नचाएको र स्थानीयलाई हेत्वाद्दष्टिकले हेरेका अमेरिकीलाई एक डेढ वर्षदेखि 'अमेरिकीलाई मृत्यु' का अनवरत भाषण, टुक्का, व्यङ्ग, शव्द वाण र नारा सुन्दा सुन्दा शुरुशुरुमा अत्यास लाग्ने नमीठो र अनौठो मानेता पनि दूतावास कर्मचारीलाई बानी परिसकेको थियो । आफ्ना काम गर्न छोडेर दिनदिनै, विहान, दिउसो वा साँझमा वर्षदिन देखि लागिरहेका नाराजुलुसका पछि लाग्न सम्भव पनि थिएन, आवश्यक पनि थिएन । अचानोको चोट खुकुरीलाई के थाहा भने झै आफ्नै मृत्युको पुकारका कान खाने नारामा ध्यान नदिइ काम फत्ते गर्ने बानी परिसकेको थियो ।

अघिपछि जस्तै भएता पनि अनायासै सही, आज चाहीँ ठूलो भिड ओहिरिरहेको थियो । अमेरिकी दूतावासको भित्रैबाट तख्ते जस्मिद एभ (हाल तेलिघानी एभ) तर्फको विशाल भिड देखिन्थ्यो । अरुतिर, खासगरी चर्चिलमार्गमा पनि ठूलो भिड भएको समाचार आइरहेको थियो । अरु त अरु, जस्तासुकै भिड छिचोलेर काममा हाजिर हुन बानि परेका स्थानीय कर्मचारीलाई कार्यालय आउन सकस परिरहेको थियो । अत्यास लाग्दो भिड छिचोलेर भित्र आउन सकेका केही स्थानीयले मूख्य सडक, दूतावासका चारै पट्टिका सडक र मूल गेटमा देखेका दृष्यको जानकारी आफ्ना सहकर्मीलाई गराए । अनुमान नै सही, पढेलेखेका, देश देखेका स्थानीय भएकाले

उनीहरुसँग राजधानी शहरका केही अन्तरंग सूचना हुन्थे । आज ती गम्भिर पनि थिए । अरु दिनभन्दा आज फरक थियो – 'केही हुने' थियो, उनीहरुका विचारमा ।

अमेरिकी दूतावासको यो पहिलो अप्ठेरो वा पहिलो अवरोध थिएन । अवरोध श्रृंखलाका बिचमा नै तीसौं हजार सैनिक फिर्ता लगिएको, दुई हजार विद्यार्थी भएको विद्यालय बन्द गरिएको तथा दूतावास कब्जाको फरवरी घटना पछि दूतावास बाहिर क्रान्तिसेनाका केही समूह तथा प्रहरीको विशेष गस्ति नियमित थियो – दूतावास सुरक्षाका लागि । आजको भिडमा भने प्रहरी उपस्थिति देखिन छोड्यो, दूरविनबाट पनि कहिँ कतै पनि देखिएनन् । आन्दोलनकारीले या त प्रहरीलाई हटाइ सके या आन्दोलनकारीको भिडमा उनीहरुको सानो संख्या कतै हरायो, अझ हुन सक्दछ प्रहरी नै आन्दोलनकारीसँग मिले पो की । अरु दिनससाना घटनामा जानकारी गराउने प्रहरीले दूतावासमा कुनै होचोनिचो खवर पनि गरेको थिएन, छुसुक्क पनि कतैबाट कुनै खबर छैन ।

ओपेन हाउस घटना पछि कम्पाउन्डमा लगाइएको काडेतार, झण्डे खाँवो तथा गेटहरुमा मानिस उक्लन नमिल्ने गरी चिप्लो बनाउन ग्रिज पनि लगाइएको थियो, ग्रिजको पनि नियमित जाँच गरिएकै थियो । आजको 'केही हुने' स्थानीय कर्मचारीको सूचना जानकारी कानेखुशी कुनै कुराको पनि बाँकी छानविन अध्ययन पडताल भएन । अमेरिकी मालिकले अनवरत चल्ने विरोधका नाराजुलुसबारे स्थानीय कर्मचारीको 'केही हुने' गुनासोको वास्ता गर्नु उचित देखेनन् । आखिर उनीहरु जो स्थानीय न थिए ।

अखण्ड तारवार लागेको पर्खालमा मध्यदिन हुनै लाग्दा मिलिसिया विद्यार्थीहरु देखिए, एकको काँधमा अर्को – दोश्रोको काँधमा तेश्रो गर्दै विद्यार्थी तारबारका सजिला ठाँउ र मूलगेटबाट भित्र छिर्न थाले । अहिलेसम्म त मूलगेट भित्रबाट बन्द थियो, भित्र छिरेकाले ताला तोडेर गेट पनि खुलाइदिए । आधा निमेषमै बाढी सरह उर्लेको भिड भित्रै आइपुग्यो, ३००० जति मान्छे भित्र आइपुगे होलान । अम्रिकी विरुद्ध आगो उकेल्ने आत्मबल भएका युवा विद्यार्थीहरु विशाल आकारका पोस्टर बोकेर त्यो सत्ताइस एकडमा फैलिएको दूतावास कम्पाउन्ड भरिन बेर लागेन । अमेरिकी सुरक्षाकर्मीले चान्सरी भवनलाई भित्रबाट बन्द गरे – विद्यार्थीहरु जे पायो त्यसैको झट्टी हान्दै थिए । अघिल्लो साँझ आठ बजे भुटेको मकै खाँदै बेलाइती र अमेरिकी गफिंदै डेढ घण्टा लामो नोर्सेम्यान सिनेमा हेरिएको कोठासहितको राजदूत आवास प्रदर्शनकारी विद्यार्थीको नियन्त्रणमा गयो ।

अनियन्त्रित भिडले राजदूत आवास कब्जामा लिएसँगै दूतावासका अधिकांश कर्मचारी रहने मूख्य भवन चान्सरी कार्यालयमा धावा बोल्यो, भित्रबाट चुकुल लगाएको अवस्थामै । अन्तिम अवस्थामा भए भरका कागजात नष्ट गर्ने निर्देशन बमोजिम सबैजना कागजात नष्ट गर्न थाले – सुरक्षाकर्मीले अश्रुग्यास चलाउन्जेल । अभिलेख

नीति अनुसार बढिमा तीन महिनाका कागजात भल्टमा रहन्थे । अमेरिकीहरु निरन्तर कागजात नष्ट गर्न थाले, तर कागज धुल्याउने मेशिनले काम गर्न छोड्यो । आन्दोलनकारी कराउँदैछन्, चान्सरीका फलामे ढोका बन्द छन् – यता कागज धुल्याउने मेशिन चाही काम गर्न छोड्यो, बन्द भयो । अब शुरु भयो कागज च्यात्ने साना मेशिनबाट धुल्याउँन जसले कागजलाई सिधा च्यात्दथ्यो, ठूलो मेशिन जस्तो धुले टुक्रा बनाउन सक्दैनथ्यो ।

आन्दोलनकारीले जति प्रयास गरे पनि मध्यान्हसम्म पनि ढोका खोल्न खोलाउन सकेनन् र भित्रबाट नखोलिए आगजनीको धम्की दिए – थर्टिएट स्पेसिएल देखाउँदै । आगबहुला तालले चान्सरी बाहिर रहेका अमेरिकीहरुका आँखामा पट्टि र हात पछाडी बाँधेर मूल ढोकामा ल्याए, भित्र भने टुक्र्याइएका कागजात जलाउन आगो लगाइयो । अमेरिकाले राजदूतको स्तर घटाएर पद नै खाली गरेकाले चार्ल्स डे अफेयर्सको नेतृत्वमा रहेको दूतावासका प्रमूख, उपप्रमूख र सुरक्षा प्रमूख पनि मन्त्रालय गएको नेतृत्वविहिन अवस्थामा आगजनीको धम्की, पट्टि बाँधिएका सहकर्मी, निरन्तर तोडफोड तथा भित्रैबाट धुवाँ निस्केपछि भित्र बाहिरका सबै आतंकित भए, सुरक्षाकर्मी गले र ढोका खोलियो – चान्सरी पनि कब्जा, भएभरका कर्मचारी बन्धक, त्यतिखेर बर्ट मोर्रेको घडिमा १२ बजेर २० मिनेट गएको थियो ।

अक्षय र अकुण्ठित कुटनैतिक विशेषाधिकार भएको भनिएको दूतावास कब्जा भयो । अचम्म, त्यो पनि एक वर्षभित्रै दोश्रो कब्जा ।

आन्दोलनकारीले सबै कर्मचारीका आँखामा पट्टि बाँधे र आवासतिर लगे । आँखामा पट्टि बाँधिएकाहरु छामछाम छुमछुम गर्दा सोफा टेबुल कुर्सी जे पाइन्छ त्यसैमा बसे - भोलिपल्ट डाइनिङ्ग कोठामा हात नभएका कुर्सीमा नसार्दासम्म । आँखेपट्टिले बाहिर कार्तिकका पूर्ण चन्द्रको उज्यालो पनि देख्न सकिदैनथ्यो, बिजुलिको लाइन त दिउसै काटिएको थियो ।

**

अल्लिपर्तिर उही कम्पाउन्डभित्रको कन्सुलर कार्यालय भवनको दोश्रो तल्ला ।

अत्यासले भरिपूर्ण बाहिरको डर लाग्दो दृष्य, पूरै दूतावास कम्पाउन्ड र रहेका भवन कब्जा भैसक्यो । अछुतो रह्यो केबल एक भवन – कन्सुलर भवन । अमेरिकी भिसा लिन हजारौंले आतेजाते गरेको वा कम्तिमा देखेको खास भवन चाही विद्यार्थीको आँखामै परेन । अर्को आश्चर्य – उँघो गएँ भैरहवा देखिन भने जस्तो त्यो विशाल भिडमा कसैले यो भवनतर्फ वास्ता पनि गरेन । अमेरिकीको सबैभन्दा धेरै जनसम्पर्क र आवागमन हुने कार्यालय चाँही कसैको नजरमा परेन, संसारको नियम पनि गजब्बै रहेछ ।

अधिकृत जोसेफ स्टाफोर्ड, उसकी सहायकमा रहेकी पत्नी क्याथलीन, भिसा शाखाका उच्च अधिकृत रोबर्ट एन्डर्स लगायतका एक दर्जन अमेरिकी तथा केही दर्जन स्थानीय कर्मचारी साविक झैं आआफ्ना काममा तल्लिन थिए । अमेरिकीले देखाउन कै लागि पनि काम छोड्न भएन । अम्रिकी हाकिमको निर्देशन नआउँदै स्थानीय कर्मचारीले काम छोड्ने कुरा झन भएन – हरेकले शान्त रहेर कम्तिमा आफू काममा भएको देखाइरहेका थिए ।

'अब के गर्ने' – दुई घडी जति त्यहाँ अन्यौल रह्यो । आआफ्नो काम निरन्तर गरिरहने कोशिस पनि भयो – मानौं बाहिरको भयावह अवस्था थाहै छैन । आखिर हिजोसम्म पर्खाल बाहिर प्रदर्शन थियो, आज पर्खालभित्र ।

ओपेन हाउस घटनादेखि नै अझ भनौं त गत वर्ष सैनिक फिर्ती पछि नै त्यहाँ रहेका अमेरिकीको अवस्था चिन्ताजनक रुपमा नाजुक र अनिश्चयको थियो । अहर्न टम सिआइए स्टेसन प्रमूखका रुपमा कतै तीन महिना अगाडीमात्र आएका नौला व्यक्ति थिए – भाषा, संस्कृति, राजनैतिक सम्पर्क हरेक रुपमा । अपरेसन अधिकृत विलियम डाउगर्टी, टमका बत्तीस वर्षिय सहायकको पहिलो सरकारी सेवा थियो– आजको त्रिपन्न दिन अधिदेखि । अमेरिकी युगल जोडी, उनान्तीसका मार्क र पच्चीसकी कोरा लिजे पनि पहिलो वैदेशिक सेवामा आएका थिए – मधुमास जागिरेका रुपमा । अमेरिकी दूतावास आफैं चाहीँ अनिश्चय र विवादको भूमरीमा थियो, कर्मचारी चाहीँ अनुभवी र पाका मात्र थिएनन् – युगल र नयाँ पनि थिए, दूतावास चाहीँ नेतृत्वविहिन ।

अनायासै रुपमा भिसा शाखातर्फ भिडको सानो समूह सोझिएको देखियो । अब भने छटपटाहटमा काम गरेजस्तो देखाउने चाला पनि काम लागेन । अनियन्त्रित भिडले देख्ने डरले झ्याल, पर्दा, ढोकाका खापा खोल्ने अवस्था पनि थिएन । अमेरिकी जतिले पर्दाको कापबाट बाहिरको दृष्य हेरे, स्थानीयलाई त्यो पनि असम्भव दृष्य ।

"आन्दोलनकारी यतै आए, तल जाऔं", शाखाप्रमूख एन्डर्सले निर्णय सुनायो ।

आन्दोलनकारीको त्यो समूह भवनमा प्रवेश गरिनसक्दै सबै भूईं तलामा झरे – सीधा बाटोबाट जान नमिल्ने पहिलो तल्ला र भूईं तलामा लुक्न । आवत जावत सिधै दोश्रो तल्लामा हुने गरी बनाएको भवन भएकाले पहिलो तल्लामा काम नलाग्ने कागज, मेशिन, थोत्रा सामानको भँडार रहेकोले तिनमा कार्यालयको काम हुदैनथ्यो । अरु बेला कहिल्यै नटेकिएको र झ्याल ढोका नभएको सुरुङ्ग जस्तो भूईं तल्लामा सबै कर्मचारी भेला भए । अज्ञात बसाइको भूईं तलामा बाहिरी उज्यालोको गुञ्जाइस त थिएन, बिजुलीको लाइन अघि नै बन्द थियो । अध्यारोले नै आतंक सिर्जना भयो । आपसमा ठोकठाक धकेलाधकेल हुन गयो – बोल्न खोक्न डरमर्दो त थियो नै ।

आन्दोलनकारीको गोलाबारुद सहितका मिलिसियाको लक्ष र शक्तिबारे स्थानीय कर्मचारीहरुलाई जानकारी थियो – खासखुस खासखुसमा महाजेदिन खाल्गका मिलिसिया मिसिएको पनि सुनिन्थ्यो । अमेरिकीको

मेसोमा आफू पनि पिसिने अवस्था भैसकेको छ । अमेरिकीहरु आफ्नै सुरक्षा गर्न सक्ने अवस्थामा थिएनन् – स्थानीयको सुरक्षा प्राथमिकतामा पर्ने कुरा पनि त भएन । अल्लाहको नाम लिंदै उनीहरु जीवनको खराबभन्दा खराब अवस्थाका लागि चिन्तित देखिन्थे ।

"ओभर द् रुफ .. सम् वन – छानामा कोही छ"

अध्यारोमा बसेको स्थानीय एक कर्मचारी छतको चाल सुनेर लग्लग काम्दै चिच्यायो । अर्काले धुवाँको गन्ध आइरहेको चाल पायो – साँकसाँक र सुँकसुँक शुरु । आन्दोलनकारी मिलिसियाले अब भवन नै जलाइदिन्छन् भन्दै उनीहरु त अध्यारोमा रुन थाले, झट्याकझुटुक गर्न सकिने केही छैन – तावाबाट खसेर भुँग्रोमा पुगे झै भयो । अन्धकारमा फसेर कोही नजाने कोठामा मारिँदा बेठेगान लास सकिने अवस्था भयो ।

आन्दोलनकारी बिजेता भिडको बेलाबेलामा गर्जेको ठूलो स्वर हुन्थ्यो, अब झन नजिकै हो की जस्तो लाग्न थाल्यो । अमेरिकालाई गाली गर्न भन्न त मार्गबार अम्रिका भनेका हुन तर छिटोछिटो भनेकाले माम्रिका माम्रिका मात्र सुनिन्थ्यो । अघिपछि जस्तो निरन्तर त होइन, एकाध बन्दुकको आवाज सुनिएको थियो । आवाजको आधारमा त्यही एकाध पनि सम्भवतया सडकको हुनु पर्दछ, दूतावासभित्रको होइन ।

"अन्यौलमा कतिबेर?", एन्डर्सले बोलेको सुनियो, "कि हस्तिनापुरीको राज कि चपरी मुनिको बास" । अध्यारो समूहभित्र केहिबेरको गाङ्गगुङ्ग गाङ्गगुङ्ग पछि बाहिर निस्कने पक्का भयो । अझ यही बेला भाग्यले साथ दिंने गरी बाहिर दर्के झरी पर्न शुरु भो, जोरका झक्का धिरे से –कुलेलम ठोक्ने मौका यही हो ।

"अब भाग्न त भाग्ने, तर संवेदनशिल बस्तु?", एन्डर्सले सचेत गरायो, "यस्ता वस्तुको दुरुपयोग भयो भने ?"

अमेरिकीले भिसा छापका साँचाहरु नष्ट गरे । अध्यारैमा पनि कार्यालयका मेशिन तथा कागजातहरु सकेसम्म नष्ट गरे । अत्यास र कोलाहलपूर्ण हालतका अमेरिकीले आफूले गर्न सक्नेभन्दा बढी नै जिम्मेवारीपूर्ण काम फत्ते गरे ।

अड्को पड्को तेलको धुप नै सही, पूरै कम्पाउन्डमा सडकमा निस्कने रेअर डोर ढोका भएको भवन यही एक थियो, भरपुर प्रयोग गरे ।

"अब समूहमा पाँच वा छ जना मिलेर निस्कने" पालोमा रहेको सर्जेन्टले चिच्याएर भन्यो "स्थानीय पहिला, दम्पती त्यसपछि र बाकी अन्तमा" ।

अगाडि स्थानीयलाई राख्नुमा सर्जेन्टको उच्च स्तरको बुद्धिमत्तापूर्ण निर्णय थियो – उनीहरु कम्तिमा सुरक्षित घर पुग्थे र परिहाले तिनले बाहिरका स्थानीयलाई केहिबेर अल्मल्याउँन सक्दथे ।

अज्ञात लक्ष्यमा पुग्न सडकमा निस्केका अमेरिकीले पहिलो लक्ष्य बनाए – चान्सरी भवनमा हिजो संगै सिनेमा हेरेका सहकर्मी भएको बेलाइती दूतावास । अमेरिकी पर्खालको सानो ढोकाबाट ठमठमी हिँडे दश मिनेटमा पुगिने बेलाइती दूतावास रुखहरुको ताँती लागेको सानदार विन्स्टन चर्चिलमार्गमा थियो – बबि स्यान्ड्समार्ग भनिनु अघि दूतावासको मूलढोका पनि यही सडकमा फर्केको थियो ।

'आँटीलाई बाघले नि खाँदैन ।'

आँटी समूहले लक्ष्यमा पुग्न ढोका फोर्न शुरु गर्नु अगावै झमझम मुशलधारे पानी परिरह्यो । अटोमेटिक पद्दतिले खुल्ने र बाक्लो फलामको त्यो ढोका खोल्ने बिजुली पहिल्यै बन्द भइसकेको थियो । आकार र आवाजका कारणले अघिपछि भए हातले ढोका फुटाउनु पहाड फोर्नु सरह हुन्थ्यो । आवाज चाही, भाग्यवस, सडकमा भएकाका लागि भित्रेका प्रदर्शनकारीले गरेको तोडफोड र भित्रका लागि चाँही बाहिरकाले गरेको तोडफोडको इशारा हुन्थ्यो – त्यो पनि दर्केको पानीमा । अमेरिकी सुकिला मुकिलाले यत्तिको खतरा उठाउला भनि कसैले अनुमान गर्दैनथ्यो ।

अनुमान गरेर बस्ने फुर्सदै पनि कहाँ थियो र ? अमेरिकी र स्थानीय कर्मचारी सबैजना मिलेर गह्रुँगो फलामे ढोका फोडिछाडे । अल्लाहतालाको साथ थियो – घट्र्याक्क ढोका खुल्दा बाहिरपट्टिको सडक खाली थियो ।

आश्रयका लागि झरीमा रुझ्दै एक समूह उत्तरतर्फ मोडियो । अमेरिका सोसाइटी भवनमा पुगे पनि भोलिपल्ट समातियो –'फरार करेद' भन्दै झाङ्लझुङ्ल पार्दै बन्दुकको इसारामा दूतावासतिरै फर्काइयो मूलगेटतर्फबाट र बन्धकमा थपिन पुग्यो –पुनः मुशिकः भव ।

अर्को समूह स्टाफोर्डका जोडी, लिजेकका जोडी, एन्डर्स र केही स्थानीय कर्मचारीहरु – पश्चिमतिर मौशवीपथतर्फ मोडिए र समातिनबाट जोगिए । आन्दोलनकारीको हातमा र गाडीमा अमेरिकी झण्डाको टोपी सहितको दाह्रा भएका बुख्याँचा लिएको विशाल भिड फेर्दोसी एभतिरबाट उत्तर आँउदै रहेछ, बेलाइती दूतावास पुग्नै लाग्दा । आन्दोलनकारीमा मिलिसिया कमै थिए तर कालो बुर्का लगाएका महिला तथा विभिन्न पोशाकका पुरुष दुवै थिए –पाका वा युवा, शिक्षित वा अशिक्षित, धनी वा गरिव – हरेक खालका अनुहार थिए । अमेरिकी दूतावास कब्जाको सफलता चुमेको बिजित जुलुस थियो त्यो – चर्का नारामा उफ्रिरहेको । अत्यन्त उत्साहित उनीहरुका लागि झरी त खडेरीमा भ्यागुताको विहे गरेकै दिन पर्न थालेको पानी जस्तो थियो । । अमेरिकी चाही

रुझेभगुवा, भिजेको मुसो जस्ता । अमेरिकीको समूहभित्रकै कुनै स्थानीयले अगाडीको भिडको अवस्था यकिन गरेर सचेत् गराउँदै 'त्यता नजाउ' भन्यो र आफैंचाही भिडमा कतै हरायो ।

अगाडिपट्टिको एन्डर्सको एक कोठे अपार्टमेन्टको चौबाटोमा अल्मलिरहेको त्यो पश्चिमाको समूह बेलाइती दूतावास सक्ने अवस्था देखिएन । अल्मलिएका विदेशीहरु दूतावासका अमेरिकी हुन सक्दछन् भन्ने बिजयको रौनकमा रहेका विजेतालाई सोच्ने फूर्सद थिएन । अत्यासका बीच किंकर्तव्यविमुढ अवस्थामा पाँच जनाको समूह एन्डर्सकै निवासभित्र छिऱ्यो, एन्डर्स अगाडि अनि दुई दुईको जोडी मिलाएर । अज्ञात भिडले बरु एन्डर्सको बाहिरी गेटमा चाहीँ ताला माऱ्यो, भित्र छिरिसक्ने बित्तिकै ।

'अहिले दूतावासभित्र राइफल र हतियार ल्याइदैछ,' कुनै सुरक्षाकर्मी छैटौं तलामा बसेर बाहिरको दृष्य रेडियोमार्फत चिच्याउँदैथ्यो –'मान्छे ट्रकबाट ओरालिदै छन्' । अत्यावसेक सूचना आदान प्रदान गर्न दूतावास नेटवर्कमा रहेको विशेष फ्रिक्वेन्सीको रेडियो काम गर्दै थियो, त्यसको प्रशारण स्टेसन पनि कब्जा भयो – एन्डर्सको सानो रेडियो पनि नाकाम । अन्तिम अङ्ग्रेजी आवाजमा चान्सरीमा रहेकाहरुको आत्मसमर्पणको कुरा थियो । अलि चर्को स्वरमा चाही 'बारबार अम्रिका' जस्तो सुनिने त्यो रेडियोमा फारसीमात्र सुनिन थालिसकेकै थियो । अमेरिकी दुताबास बन्द भएको पक्का थियो, आत्मसमर्पण गरेका कर्मचारी के भए थाहा हुन सकेन ।

**

आजको दिन इरानी र अमेरिकी मित्रदेशका अनौठो दिन थियो – अमेरिकी कुकुर भनिएका शाह एकै जनाको रक्षाका कारण सिर्जित । अमेरिकाको सबैभन्दा मिल्दो साथी परम शत्रु बन्दै थियो । अमेरिकी राष्ट्रपति कार्टरले जतिसुकै मानवअधिकारको नाम लिएता पनि उनको दोश्रो कार्यकालको निर्वाचनलाई आजको दिनले पछार्नेवाला थियो । अमेरिकीको विश्वशक्ति हौं भन्ने आत्मविश्वास सोभियतहरुको नाकै छेउबाट चकनाचुर पार्ने पहिलो दिन थियो त्यो । आजै देखि गेरोगन–गिर्हका नियन्त्रणमा रहने ४४४ दिन लामो कुटनैतिक बन्धक समस्या शुरु भएको थियो । अघिल्लो वर्षसम्म दुई हजार कर्मचारी सहित विश्वको सबैभन्दा ठूलो रहेको दूतावास बन्द गराउने दिनको पहिलो दिन थियो त्यो । अमेरिकी हतियारको सबैभन्दा ठूलो आयातकर्तासँगको कारोवार शुन्यमा झार्ने पहिलो दिन पनि यही थियो ।

अठतीस वर्षको अमेरिकी उपस्थितीमा शाह बाहेक सबै इरानीलाई सधैं रुग्ण व्यवहार भएको महशुस गर्ने इरानीको स्वाभिमानको महसुश गराउने पहिलो दिन थियो त्यो । अर्कोतिर अमेरिकी सहयोगमा शाहका चरले गत

वर्षको ब्ल्याक फ्राइडेमा दिगंवत बनाएका एक सय इरानीको सपना साकार पार्ने वार्षिकी परेको पहिलो दिन थियो यो ।

अथाह सिया मुसलमानले अगाध आस्था राख्ने धर्मगुरु खुमेनीलाई दशाब्दिऔंसम्म आतङ्ककारीको रुपमा अमेरिकीहरुले लिने दिनको शुरुवात पनि आजै थियो । अमेरिकीले सबै इरानीलाई अराजकताबादी र आतङ्ककारीको उपमा दिने दिनको शुरुवातको पहिलो दिन थियो त्यो । अर्काको छालाको रंग वा दाह्रीको लम्बाइ हेरेर पश्चिमी र एसियाली परस्पर घुर्न शुरु गराउने दिन आजै थियो ।

आदिमकालदेखि दूत स्वतन्त्रताको मान्यता पाएका कुटनैतिक कर्मचारीलाई जासुसको अभियोगमा आँखामा पट्टि बाधेर राख्ने वा नक्कली फाँसी दिएर मानसिक यातना दिने शुरुवातको दिन पनि आजै थियो । अल्लाहको नाममा क्रिस्तानहरुले छिमेकी मुलुकमा चार महिना अगाडी समाजवादी आवरणमा सत्तामा आएका भावी तानाशाह सद्दाम हुसेन अब्द अलमजिद अलतिक्रितलाई उक्साइ मुसलमानहरुबीच लडाई गराउने दिनको जग आजै बस्दैथियो । अमेरिकी र मध्यपूर्वी सानको तँछाडमँछाडमा सोभियतहरुको खुच्चिङ्ग सुनाउन आज वास्तविक शिलन्यास हुदैथियो ।

**

अपरान्ह तीन साढे तीनदेखि सबैतिर खतरा, समयको अकर्मन्यता र लक्षको असफलता पछि एन्डर्सको एक कोठे अपार्टमेन्टमा गम्भिर संकटमा फसेका पाँच अमेरिकी शान्त रहन बाध्य भए । ओपन हाउस घटनामा तत्काल समाधान भएको, बन्दुकको आवाज खासै नचलेकाले र रेडियोमा आत्मसमर्पणको कुरो सुनिएकाले कम्तिमा नरसंहारको आशंका गर्नु पर्ने चाहीँ थिएन । अर्कोतिर भागेकाहरु आफ्नै तनाव थियो – कसैले 'ऊ अमेरिकी' भनेमा भिडले कुल्चेर सिध्याउने अवस्था थियो । आन्दोलनकारीले तेहरान शहर भरिभराउ थियो – झ्यालका कापबाट देखिने जति जतातत्तै । अमेरिकी झण्डा जलाउन नसकेर घरि सलाइसँग घरी झरीसँग रिसाएका – घरी झण्डामा लात्ताले हान्ने घरी हल्लाउने । अथाह भिडमा सुरक्षाकर्मीको नामोनिसान थिएन आन्दोलनकारीको विजय जुलुसका तुल र झण्डा झरीले लत्रिसकेका थिए, लगाएका कपडाबाट पानी निचोर्दै चिच्याउँदै थिए – मार्गबार अम्रिका, मार्गबार अम्रिका । अमेरिकी समूह एन्डर्सको निवासमा शान्त बस्यो– नबोली नचट्पटाइ अटल, सँगैको साथीले डडाल्नु कन्याउँदा पनि तर्सने गरी ।

**

आइतबार नोभेम्बर ४ शुरु विहानको ००:०० बजे ।

अमेरिकी विदेश मन्त्रालयको अतिगोप्य शाखामा तेहरानबाट लिंगेनको नामबाट केबल आयो – दूतावास कम्पाउन्डभित्र प्रदर्शनी शीर्षकमा, ११०४ अक्षरकोः

'अमेरिकी रेन्ज सेफ्टि अफिसर दूतावास कम्पाउन्डमा छिरेकाका नेताजस्तासंग वार्तामा, सम्भाव्य उद्देश्य दूतावासको सांकेतिक कब्जामात्र हुन सक्ने । आन्दोलनकारीका नेताले कर्मचारीउपर कुनै क्षति नपुऱ्याउने संकेत दिएका छन् । आन्दोलनकारीले कर्मचारीलाई कुनै हानी नगर्ने तुल देखाएका छन् .... उनीहरु शाहको सुपुर्दगी माग गरिरहेका छन् ।'

अर्धरात्रीमै विदेश मन्त्रालयमा केबलले हलचल ल्यायो –रात्रिआराम गरिरहेका उच्च अधिकारीहरु तथा विदेश मन्त्रीलाई तत्काल जानकारी गराइयो । अल्जेरिया भ्रमणमा रहेका सुरक्षा सल्लाहकार जिग्नु ब्राजाकी हवाइयात्रामै थिए, हवाइ अड्डामा झर्ने वित्तिकै खबर पाए । आफ्नो माछा मार्ने विदा मनाउन अघिल्लो दिउसो क्याम्प डेभिडमा रहेका राष्ट्रपति कार्टरलाई विहान ४:३० मा जानकारी गराइयो । आराममा दख्खल परेता पनि कार्टरले सुरक्षा सल्लाहकार र विदेशमन्त्रीसँग छलफल गरे – खुमेनीले फरवरीमा जस्तै समस्या सुल्झाउने निष्कर्श सहित । अनिश्चय र अन्योलताको खासै अन्दाज नगरी अकर्मण्यतापूर्वक कार्टर फेरी आरामकक्षमा सुते – तेहारानमा कार्यरत अमेरिकी सबै कर्मचारी भने बन्धक बने, आउँदा ४४४ दिनसम्म सुत्न बाध्य भए ।

आइतबारै खाडीक्षेत्रमा प्रतिआतङ्कबादी कार्यका लागि कर्नेल चार्ली बेकविथले एक दशक अध्ययन गरेर गठन गरेको डेल्टा फोर्सका सबलताहरुको पूर्णताको अन्तिम परीक्षण रक्षा मन्त्रालय पेन्टागनमा चलिरहेको थियो – सोमबार स्वीकृत गर्ने गरी । अमेरिकी कुटनीतिज्ञको बन्धक पछि पेन्टागन पनि अन्यौलमा पऱ्यो ।

***

'अत्यावसेक परेकाले तुरुन्त आउनु'

अमेरिकी रणनैतिक कार्यालयका कर्मचारीहरु तेहरानी तनावका कारण कार्यालय समयभन्दा चाँडै डाकिए, उज्यालो नहुँदै । अमेरिकी ओभल अफिस, विदेश मन्त्रालय, सिआइए केन्द्र र सैनिक मूख्यालयमा उच्च तह र मध्यपूर्व शाखाका कर्मचारी तत्कालै जसो हाजिर भए । अध्यारैमा आतङ्कित तरीकाले आएकाहरु तलदेखि माथिसम्म, भऱ्याङ्गमा वा बाटामा जतासुकै भयभित, तर शान्त देखिन्थे । अध्याँरैमा आएका भए पनि धेरैजसो कर्मचारी चाहीँ हलमा एकत्रित – तुन्द्रुङ्ग झुण्ड्याएका रंग रंगका फाइल र कागजका चिर्कटा बोकेका – कसैका हातमा र कसैका काखीमा, कोही कोही कानेखुशीरत । 'अतिगोप्य', अत्यन्त जरुरी', 'तुरुन्त' वा 'उच्चप्राथमिकता' जनाएका तोक लागेका ताउका ताउ कागजातले भरिभराउ कार्यकक्ष, युद्धरत अवस्थामा रहन आदेश ।

अमेरिकाको सबैभन्दा ठूलो दूतावास रहेको र सबैभन्दा धेरै हतियार निर्यात हुने मुलुकमा सिआइएका जम्मा तीन बन्धक एजेन्ट रहेछन्, यता बिदा मनाउन गएका राष्ट्रपति चाही चाहीँ तीन सल्ली घाम नआउन्जेल आरामपूर्वक सुतिरहेका छन् ।

काल नै बलवान

कैलास हिन्दुकुश, आधुनिक नाम पामिर, संसारको छानो – विश्वका छ सभ्यता र सात नदीहरुको केन्द्रः मंगोल, चिनियाँ, रसियन, युरोपीय, अरब र हिन्दु सभ्यता र अमू (वैदिक र ल्याटिन नाम वक्षु), हेल्मन्ड, सिन्धु, गंगा, ह्वाङ्हो र ब्रम्हपूत्र नदीको मध्य विन्दुमध्येको दक्षिण पश्चिमको सबैभन्दा उब्जाउ र आवासीय स्थान । काल कालमा भएका सभ्यताहरुको बसाइ सराइ, अन्तरसभ्यता व्यापार शिक्षा आदानप्रदान, विजेताहरुको विश्व विजेता बन्ने महत्वाकांक्षा, एक सभ्यताको विजेता अर्को सभ्यतामा छिर्ने प्रवेशद्वारमा पर्दछ पर्सिया । कहिले सानो कहिले विशाल साम्राज्य, तर रहन्छ हरेक सभ्यताको छबाटोमा । ककेसिएनका इतिहातमा होस् की अरबी इतिहासमा होस् वा युनानी रोमन इतिहासमा होस् की हिन्दु इतिहासमा होस्, हरेक सभ्यताले पर्सिया भूमी भएरै अर्को सभ्यतासँग नाता जोड्छ र त प्रागैतिहासिक कालदेखि युद्धका विभिषिका सहेको र सचेत परिश्रमी छ पर्सिया ।

कैलास हिन्दुकुश जसले एकिकरण गरी बाधेर राख्दछ उही विश्व विजेता हुन्छ, नसके कैलास हिन्दुकुशका शासकलाई जसले नियन्त्रण राख्दछ उही विश्व शक्ति । कैलास हिन्दुकुश टुक्र्याउँन जसले सक्दछ, उनीहरु विश्व शक्तिका मूख्य साझेदार हुन्छन् । कम्तिमा पाँच हजार वर्षको इतिहासले यही भन्दछ र पो हिन्दुकुश कैलासमा विश्वको समग्र तागत छ, व्यावसायिक लाभ छ, रणनैतिक लाभ छ । कतिसम्म भने, केही वर्ष युरोपिएन सभ्यताको हिन्दु सभ्यतासँग हिन्दुकुश पामिरको मार्ग रोकिदा युरोपिएनले अमेरिका भेटाएका थियो, पश्चिमी बाटोबाट पूर्व जाँदा ।

कालखण्डमा विभिन्न आकार र नाममा रहेका भए पनि आधुनिक टर्की, जर्जिया, अजरबैजान, तुर्कमेनिस्थान, ताजकिस्तान, इरान र अफगानस्तान – हिन्दुकुशका सजिला पैदल मूख्य मार्ग । कहिले आफ्नै शासकका महत्वाकांक्षाले त कहिले बाह्य शक्तिका महत्वाकांक्षाले यो क्षेत्रले युद्ध र अव्यवस्था व्यहोर्दछन्, व्यहोरिरहेका छन्, व्यहोर्ने छन् । ककेससका पूराना साहित्यमा पनि पर्सियाले लडेको छ, अरबीको इतिहासमा पनि लडेको छ, हिन्दुको महाभारतमा पर्सियाली मद्रराज शल्यले त कौरब सेनाका प्रधानसेनापति नै भएर धर्मयुद्धमा भाग लिएका थिए ।

कहिले कताको कहिले कताको, कहिले कस्को त कहिले कस्को गरी पर्सियाले यी सबै फाइदा र बेफाइदा बोकिरहेकै थियो, १९०७ मा बेलाइती र रसियाली बीच साम्राज्य बाँडफाँड सन्धि भयो – ककेसस तल रसिया नआउने, माथि बेलाइत नजाने । ककेसस त भनियो तर पर्सियाको मूख्य भागमध्ये एक भाग उत्तरी पहाड थिए, अहिलेको जर्जियाको पूरै उत्तरसम्म । कतिसम्म भने सन्धिका हिसावले मरुभूमिपट्टि बेलाइती साम्राज्य पर्दथ्यो,

जर्जियापट्टि रसियाली साम्राज्य । कुनै खासै उच्च मूल्यका र व्यवसायिक लाभ भएका प्राकृतिक श्रोत नभएको पर्सिया कता पर्दछ वा पर्सियाको राजधानी कता पर्दछ भन्नेमा दुवै सम्राटलाई खासै मत्लव पनि थिएन, अलमलमा नै पनि चल्ने नै थियो ।

कुकुरलाई घ्यु भुटेको बिउ भने झै साम्राज्यवादीलाई रक्तयुद्ध आमन्त्रण गराउने भूमिका खेलाउने गरी पर्सियाका मरुभूमिमा १९०८ मा तेल खानी भेटियो । ककेससभन्दा तलको भएकाले बेलाइतीहरुले तेलमाथि कब्जा जमाउन चाहे, रसिएनलाई मत्लव पनि भएन । कुरा लायो, कुरै खायो, कुरैले अघायो भने जस्तो तेल खानी कब्जा गर्न त पर्सियाली शाहलाई धपाउनु पर्दथ्यो, फलस्वरुप इरानका शाह विरुद्ध बेलाइतीले बाहिर र भित्रबाट विद्रोह शुरु गराए – पर्सियाका सीमामा रहेका तुर्की तथा भारतीय ब्रिटिसराज मार्फत । को कससँग मिलेको हो, कसले भनेको कसले मान्ने हो पूरै अन्यौलता शुरु भयो, शाहको दरबारमै सुरक्षा भएन । कौवाको हुलमा बकुल्लोको रुपमा राजकुमार नै निस्कियो – पाका उमेरका बाबुलाई हटाएर पन्ध्र वर्षे केटालाई शाहको गद्दिमा राखियो । कसैगरी पर्सियाली दरबारिया किनिए, बेलाइती तेल कम्पनी खुल्यो – पर्सियाको पन्ध्र प्रतिशत शेयर हुने गरी असी वर्षका लागि । कंशले जस्तै बाबुलाई हटाएर गद्दिमा बसेको नयाँ शाहमार्फत पर्सियाका हरेक आन्तरिक निर्णयमा अबदेखि बेलाइती हावी हुन थाले ।

कागले खालि हातमा झम्टँदैन भने झै हरेक हिसावले रणनैतिक रुपमा रहेको पर्सियामा बेलाइतीको मात्र होइन, पहिलो विश्वयुद्ध र सोभियत क्रान्तिमा पर्सियामा थप दुई शक्ति मडारिन थाले – उत्तरबाट सोभियत तथा दक्षिणबाट अमेरिका । क्रिडास्थल बन्यो पर्सिया, विदेशीको– अधिकांश भूभाग केन्द्र सरकारबाट बाहिर पुग्यो । कतिसम्म भयो भने, जर्नेल रिदाखानले व्यक्तिगत रुपमा विद्रोह गरी १९२० मा पर्सियाका केही भाग स्वतन्त्र गराउनु अघि त पर्सिया वास्तविक रुपमा तेहरान शहरमा सिमित भयो र शाहले आफ्नै परिवार चलाउन पनि सापट लिनु पर्ने अवस्था आयो । ककेसस क्षेत्रमा पर्ने गणराज्यहरुको 'ट्रान्सककेसियन सोभियत संघ'को स्थापना १९२२ मा गरिए पछि गधेपच्चीसका शाह तेहरान छोडेर उपचारको नाममा युरोपतिर लम्के । केन्द्रिय सत्ता खाली रह्यो, जर्नेल खान आफूले कब्जा गरेका भूमिमा अमन चयन कायम गर्दै येनकेन शाहलाई सकारिरहेकै थिए शाह, फर्केर आएनन् । कर्मीको घर पानी चुहिने भने झै युवा वयका शाहले उपचारको समय बढाएको खबर पो पठाए ।

***

१२ डिसेम्वर १९२५ ।

कर्म बलले बेलाइती र सोभियतहरुबाट मुलुकको सार्वभौमसत्ता जोगाउन योगदान गरेका ब्रिगेडियर जनरल रेज्दा खानलाई असफल राजवंश उखेलेर पर्सियाका शाहका रुपमा मजलिसको रुपान्तरित संविधान सभाले नियुक्त गरेको दिन । कहिले बेलाइतीको अह्वनखटन त कहिले रसिएनहरुको निर्देशनको पिडाबाट उन्मुक्तिको पहिलो दिन । ककेससको साम्राज्य बाँडफाँड गर्ने १९०७ को सन्धीमा पनि बाँडिन नसकी लुछाचुडीका लागि बाकी राखिएको यही चेपुवालाई चिर्न सफल रहे रेज्दा शाह, न त बेलाइतीको गुलाम बन्न स्वीकारे न सोभियतहरुको ।

कसैको दासता नस्विकारेका रिदाशाहले विश्व युद्धको विभिषिकाबाट मुलुकलाई स्वतन्त्र राखि राखे, न अरुलाई आफ्नो मुलुकमा ढिम्किन दिए न आफू कतै लागे । कस्तो भूराजनीतिक अवस्थामा पर्सिया छ भन्ने कुरामा त शाह कुनै विद्यावारिधीभन्दा कम थिएनन्, अरु लडाईमा लागि रहँदा प्राकृतिक श्रोत र परिश्रमीको धनी यो मुलुक थप प्रगतिमा चम्किरह्यो । कमजोर प्रशासनलाई सुदृढ बनाए, समाजमा अमनचयन कायम गरे, जनतालाई एकताबद्ध राखे र देशको पुरानो नाम पर्सियाबाट आफ्ना सजातीय पहिचान झल्कने गरी इरान बनाए १९३५ मा ।

कसले कति बेला कुन ठक्कर दिने हो भनि अनिश्चयमा बस्ने इरानीहरुको नयाँ पुस्ता स्वाभिमानी पुस्तामा गनिन थाल्यो । कर्मशिल रिदाशाहले इरानको विकासमा भरपूर रुपमा जर्मन वा इटालेली प्रविधी र प्राविधिकको उपयोग गरेका थिए, पैसा तिरेर । कुन प्रविधी कुन मुलुकको ठीक हुन्छ, अन्वेषण गरेर मुलुकलाई फाइदा हुने प्रविधी र प्राविधिकमा खर्च गरेका थिए । कोशेलीका रुपमा बेलाइतीले पाएको तेल कम्पनी बेलाइतीले चलाइ रहेकै थिए, त्यसमा हस्तक्षेप गरिएको थिएन । कालको गति अचम्मकै हुन्छ – इरानीको विकासपथको दुर्दशाको शुरुवात यिनै प्रविधी र प्राविधिक हुन गए ।

कम्पनी, प्रविधि र प्राविधिक ठिकठाक चलेकै भए पनि दोश्रो विश्व युद्ध शुरु भए पछि जर्मन प्राविधिकहरुले बेलाइती कम्पनीको जासुसी गरिरहेकाले देश निकाला गर्नु पर्ने माग गऱ्यो बेलाइतले । कामदार र प्राविधिकको रुपमा सपरिवार बसेका जर्मनले अरब सागर र क्यास्पियन सागर जोड्ने मार्गमा अवरोध पुऱ्याएको सिकायत गऱ्यो सोभियत संघले । कसैलाई युद्धमा समर्थन असमर्थन केही नगरेको इरानको संहार गर्न जर्मनको काँध टेकियो र बेलाइती तथा सोभियतले इरानमा हमला गरे, मुलुकका अधिकांश भाग कब्जा गरिए ।

कम्पनीको आवरणमा बसेको बेलाइतले इरानी नेता तथा सेनाको उपल्लो तहमा राम्रै पहुँच पुऱ्याइसकेको रहेछ – प्रधानमन्त्री अलि मन्सुर बेलाइतीको सेवामा सहयोग पुग्ने कार्य गर्न थाले, अधिकांश जर्नेलहरु बेलाइतकै

पक्षमा थिए । कन्सुत्ले काममा लागेको चाल पाए पछि प्रधानमन्त्री मन्सुरलाई शाहले राजिनामा दिन भने । कहाँ जान्छस् मछली मेरै ढडिया भने झै भेट्टाए बेलाइतीको अन्धसमर्थक मोहम्मद अली फोरोघी जो पहिल्यै शाहका विरोधी थिए – विदेशीको पक्षमा काम गरेकाले सैनिक सेवाबाट १९३५ मा शाहबाट हटाइएका ।

कम्पनीको सुरक्षाका नाममा मुलुक कब्जा गरेका बेलाइती र सोभियतहरुसँग कब्जा गरेका मुलुकका भूभाग फिर्ता गराउन बसेको वार्तामा फोरोघीले त मातृभूमि फिर्ताको कुरा छोडेर शाहभन्दा उदार शासकको अपेक्षा सुनाए । कन्सुत्ले फोरोघीको प्रस्ताव बेलाइतीलाई त के खोज्छस् काना आँखा भै गयो । कन्सुत्लेको मन्त्रणामा बेलाइतीहरु जर्मनहरुको सुपुर्दगीको माग थप गर्न थाले फोरोघीले यो पनि स्वीकार गरे । कर्मभूमिको रक्षार्थ युद्धमा तटस्थ बसेका दूरदर्शी राजाले यो मान्ने कुरै थिएन, फलतः सोभियतहरुले भने तेहरान शहरमा बमबारीको धम्की दिन थाले ।

१६ सेप्टेम्बर १९४१ ।

कम्पनी र बाटोको निहुँमा सोभियत लालसेनाले तेहरान कब्जा गरेको दिन ।

कसले के गऱ्यो भन्दा पनि मान्छेलाई पहिला आफ्नो ज्यानको माया हुन्छ । कब्जा भएको शहरका बासिन्दाको एउटै ध्याउन्न हुन्छ –सास रहे आश, तेहरानबासीहरु शहर छोड्न बाध्य भए ।

कब्जामा लिएको मुलुकमा साविककै शाह राख्नु घातकसिद्ध हुन सक्दथ्यो, त्यही भएर सारा तिर आफ्रातफ्री चलेकै बेलामा बेलाइतीहरु १९२५ मा हटाइएको कजार राजवंशका उत्तराधिकारीलाई राजा थपना गर्न चाहन्थे । कर्मभूमिबाट भागेको बेलाइती नागरिक हमिद हसन मिर्जालाई फारसी भाषा समेत् आउदैनथ्यो, बेलाइतमा मस्तिको जिन्दगी बिताइरहेको मिर्जालाई 'पराइभूमी' इरानमा मारिनु थिएन – मानेन, मिलेन ।

कर्मठ र दूरदर्शी शाह हटाए पछि नयाँ शाह खोज्न कठिनाइ परिरहेको थियो । कठिनाइकै बिचमा खन्खाँचाँ तेलको धुप सरह रिज्दाशाहको पुत्र मोहम्मद पह्लवी बेलाइतीहरुको पिठ्ठु फोरोघीको सिफारिसमा शाह हुने भयो । कसैलाई पनि शाहको पक्षमा वकालत गर्न मौका नै नमिल्ने भयो किनकी वलिअहद् नै गद्दिमा बसे पछि वगावतको कुरै हराउने भयो ।

कर बल छल शाह बनाइएको पह्लवीले बेलाइति र सोभियतहरुले तयार पारेको सैनिक सन्धिमा मोहोर लगाइदिए – विश्वयुद्ध सकिएको छ महिनामा सेना हट्नु पर्ने गरी । कब्जामा रहेका रिदा शाह चाही बेलाइती कैदिको रुपमा दक्षिण अफ्रिकामा मृत्यु वरण गर्न पुगे १९४४ मा ।

कर्मवीर पितालाई जेल पठाइ बेलाइतीलाई सेवा गर्न शाह बनेको कर्महारा मोहम्मद पह्लवी र उनका कुशासनका सहयोगीहरुलाई स्वाभिमानी इरानीहरुले चित्त बुझाउने कुरै थिएन, तैपनी कसैसँग शाह नै हटाउने बल पनि त थिएन ।

कर्महारा शाहको शाशन शुरु भएको चार वर्ष पछि परमाणु बमको अत्यासले गर्दा अगस्ट १९४५ मा जापानले आत्मसमर्पण गरेकाले विश्वयुद्धको अन्त भयो । कब्जा गरेका बेलामा गरिएको सन्धि अनुसार १९४६ फरवरीसम्म बेलाइती र सोभियतले इरान खाली गर्नु पर्ने थियो, तर सोभियतलाई अरब सागरमा रहेको इरान छोड्न सजिलो थिएन, तयार भएन । कम्युनिस्ट ढाँचाको व्यवस्था भएको सोभियतले खाडीको तेल खानीमा चिहाउने कुरा अमेरिकालाई पाच्य थिएन । १९४३ मा रुजवेल्टका दूत जनरल प्याट्रिक हुर्लेलाई इरान र इराक छुट्याउन गाह्रो परेको नयाँ ठाउँमा तीन वर्षमै सोभियतसाग भिड्ने अवस्था आयो । कुर्द भाषी तथा अजेरी भाषीलाई बेग्लै राज्य दिने सोभियतहरुले प्रपञ्च शुरु गरेको भनि अमेरिकाले आफूलाई इरानमा बलियो उपस्थिति जनाउन चाह्यो । को आयो वा आएन होइन, बेलाइती आए पनि, सोभियत झरे पनि, अमेरिकी कुदे पनि आखिर कुदिने त इरानी छाती न हो ।

काममा परिश्रम, श्रोत, साधन, सुख, भौगोलिक अवस्थिती, समाजले मात्र मुलुक सुरक्षित, विकसित र सुखी हुने होइन रहेछ, यिनै सुखका चिज दुःखका चिन्ह हुदा रहेछन् । कालो हि दुरतिक्रमः त्यक्तिकै भनिएको होइन रहेछ – सबैभन्दा बलमान समय हुँदो रहेछ ।

साम्यवादी अमेरिका

२८ अप्रिल १९५१

मजलिसले प्रधानमन्त्रीको रुपमा विकासप्रेमी र स्वाभिमान मोहम्मद मोशादेघ सिफारिस गऱ्यो, अत्यधिक बहुमतका साथ । प्रधानमन्त्रीले विदेशी साझेदार भएका कम्पनीहरुको सम्झौता बमोजिम लेखापरीक्षण गराउन चाहे, मूख्यतः त्यतिखेरको विश्वकै सबैभन्दा ठूलो पेट्रोलियम खानी चलाइरहेको आंग्लो इरानी तेल कम्पनीको (अहिलेको बिपी) । पहिलेदेखि नै हिसावमा गडबड गरिरहेको कम्पनीले हिसाव किताव देखाउन आनाकानी गऱ्यो, बरु आफ्नो सरकारलाई गुहाऱ्यो लन्दनमा । पर्सिया पन्ध्र प्रतिशतको साझेदार थियो, कम्पनी स्थापना गर्दा । बहिखाता र हरहिसाव त सम्झौता अनुसार साझेदारलाई देखाइन पर्थ्यो । मजलिसले हिसाव किताब नदेखाउने विदेशीका नियन्त्रणमा रहेका स्वदेशी कम्पनीलाई बुझाइएका मुलुकका श्रोतहरु राष्ट्रियकरण गरिदियो । मुलुकको सामाजिक, धार्मिक तथा आर्थिक व्यवस्थामा विभिन्न खालका सुधारका काम शुरु गऱ्यो । पश्चिमा पेलानमा परेका जनतामा स्वाभिमान सञ्चार भयो, आत्मविश्वास पलायो । प्रधानमन्त्रीका कामले शाहलाई डर लाग्न थाल्यो, खासमा बेलाइती कम्पनीले कब्जा गरेका तेल खानी फिर्ता लिएकाले । पश्चिमाले बेलाइतीको नेतृत्वमा इरानमाथि नाकाबन्दि लगाइ दिए ।

मोशादेघको समयमा अमेरिका पाँच ससाना कामले इरानको भित्री इलाकामा छिऱ्यो – गहुँ खेती, औलो उन्मुलन, शिक्षक तालिम, कपडा उत्पादन र चर्पि निर्माण । मुलुकको रियासतमा असर नगर्ने सामान्यभन्दा सामान्य जनतालाई सहयोग गर्ने अनुदानका कार्यक्रम भएकाले अमेरिकीहरु जतासुकै जान पाउँदथे, चाहेजस्ता समूह बनाउँथे ।

मोशादेघको सरकार गिराउन अमेरिकी जासुसी संस्था केन्द्रिय अनुसन्धान एजेन्सीका केर्मिट रुजवेल्ट जुनियरलाई (भूतपूर्व रास्ट्रपतिका नाति) बेलाइती सरकारले साझा कार्यक्रमका लागि लन्दन बोलायो । पहिलो योजनाको तानाबाना बुनियो – शाहले मजलिस विघटन गर्ने अधिकार प्रधानमन्त्रीलाई दिने र विघटन गर्न उक्साउने । मजलिस विघटनको काम गराए पछि मोशालाई शाहले फाल्ने । तर जनपक्षीय, दूरदर्शी र जिम्मेवार नेता यस्ता उक्साहटमा लाग्ने मान्छे थिएनन् – उनी त इरानी जनताको विकास, सुरक्षा र स्वाभिमान चाहन्थे त्यसैकै लागि लागि रहे । पहिलो योजनाको नाकामी पछि दोश्रो योजनाको तानाबाना बुनियो – शाहले मोशादेघलाई पदच्युत गरेको घोषणा गर्ने र अमेरिकी तथा बेलाइती दुवैले छानेका जनरल फज्लोलाह जाहेदीलाई प्रधानमन्त्रीमा नियुक्त गर्ने । योजना अनुसार कर्नेल नेमातोल्लाह नासिरी शाहद्वारा प्रधानमन्त्रीबाट हटाइएको

राजाज्ञा लिएर मोशाकहाँ पुगे । मोशाले संसदको स्वीकृति बेगर शाहले प्रधानमन्त्री हटाउन नसक्ने संवैधानिक व्यवस्था देखाउँदै नासिरीलाई हिरासतमा पठाइदिए । मुलुकको सौभाग्य जासूसको दूर्भाग्य, विदेशीको उक्साहटमा मुलुकमा लोकप्रिय र स्वाभिमानी प्रधानमन्त्री पदच्युत गर्ने योजना कार्यान्वयनकै क्रममा इरानी र अमेरिकी पत्रिकामा संवैधानिक व्यवस्थाको बहसको रुपमा उत्रियो, योजना लठाबद्र पऱ्यो । मोहम्मद रेज्दा शाह र अमेरिकाको लक्ष संवैधानिक बहस थिएन, तख्तापलट थियो –शाह भागे पहिला बगदाद अनि रोम ।

मोहम्मद शाहको निर्वासन पनि विवादै विवादले भरिपूर्ण भए । मस्तिपुराणका किस्सा सुनाउँदै रोममा रहेका बेलाइती कुटनैतिक कर्मचारीले रिपोर्ट गरे की शाह सधै नाइटक्लव जान्छन् र मोजमस्तिमा रमाउँछन्, यो योसँग सम्बन्ध छ, आदि आदी । मनपरी बाहेक अरु नजान्ने शाहका बारेमा थपमा पनि भनियो की कुनै निर्णय गर्न यी लायक र भरपर्दा मान्छे त हुँदै होइनन् । मौकामा चौका, मोशा हटाउन दिलोज्यान दिएर लागेका अमेरिकीहरुका लागि कुनै लायक नायकको आवश्यकता पनि थिएन । बनिबनाउ नालायक चाहिनेमा सक्कली नै नालायक भए पछि भविष्यमा चाहे जस्तो हुने नै थियो । मेसो मिलाउन खोज्दा अमेरिकीले फ्रान्सका क्यासिनो र नाइट क्लव धाउने शाहकी जुम्ल्याहा बहिनी अस्रफबारे पत्ता लगाए । महारानी अस्रफ त झन इरानी कसैलाई मान्छेको कोटीमै राख्दिनथिन । मोशा हटाउने राजाज्ञामा शाहको दस्तखत गराउने योजनामा केर्मिट रुजवेल्टले यिनै आशाकी किरणलाई भेटी उनलाई सहमत गराए २९ जुलाइ १९५३ मा ।

'फर्क तेहरान', जुम्ल्याहा बहिनीले भाइलाई स्वदेश फर्कन भनिन्, 'मैले अमेरिकीसँग सबै चाँजोपाँजो मिलाइ दिएकी छु'। मोहम्मद शाह स्वदेश फर्के ।

१ अगस्ट १९५३ ।

मोशा हटाउने योजनासहित रुजवेल्ट तेहरान आए । मध्यरातमा एउटा कार लिएर राजप्रासाद हिडे । मिलेको ड्राइभरले गाडी चलायो रुजबेल्ट भने कम्बल ओढेर सिटमा सुत्यो – गाडी राजप्रासादमा प्रवेश गराउन सफल भयो । मोहम्मद पह्लवी लखरलखर गाडीभित्रै आए – रुजवेल्टको महावाक्य योजना जान्न । बक्सिस – दश लाख अमेरिकी डलर बराबरको इरानी रियाल, अमेरिकी डलर १५ को १००० दरमा पायो ड्राइभरले ।

मूख्य डिजाइनर डोनाल्ड विल्भरको तानावाना रुजवेल्टले ल्याएको थियो । मोशाको सरकार विरुद्ध कुन दिन कुन बेला कसको नेतृत्वमा कसको घरमा हमला गर्ने भन्ने दुई सय पन्नाको डोनाल्डको विस्तृत कार्य योजना थियो ।

पर्सिया आफैं सोभियस संघको सिमानामा अरब सागर जाने मूलबाटोमा छ । पर्सिया चाही अमेरिकीको, ठाउँ चाही सोभियतको छेउमा – बाटोको घर चोरको डर हुने ठाउँ। बिगतमा एकसाथ विश्वयुद्ध लडेकाहरुको शितयुद्धको चरम अवस्थाको शुरुवातकाल – सोभियतहरु संसारभर साम्यवादीहरुको प्रभाव चाहने । पुरानो पर्सियाको जर्जिया, अजरबैजान, हयस्तान, अख्खाजिया, तुर्कमेनिस्तान सोभियतहरुमै समाहित भैसकको थियो । पर्सिया चाही चरम गरिवी, भद्रगोल र अव्यवस्था थियो – मार्क्सवादी सिद्धान्त अनुकूलको । पर्सियालाई यो अवस्थामा कुनै थप भद्रगोल बनाउनु छ भने इरानी गरीवलाई मार्क्सवादी बनाउनु अत्यावसेक थियो ।

पर्सियाली साम्यवादीहरुमा पनि कोही कार्ल मार्क्स पक्षका, कोही भ्यादिमिर इलिचे लेनिन विचारका, कोही माओडेजुङ्ग पक्षधर, कोही कोरियाली किमबादी के के के के । बल गरेर सोभियतहरु लेलिनबादीको संगठन मजबुत बनाउँदै थिए – विभिन्न शहर र गाउँहरु कमिटि, उपकमिटि । मेहनतकासाथ पाँच कार्यक्रममा छिरेका अमेरिकीहरुले इरानभित्र विभिन्न साम्यवादी समूहमा आफ्ना चर समावेश गर्दै धन सहयोग बढाए – कसैले गहुँ कार्यक्रम, कसैले औलो नियन्त्रण, कसैले चर्पी निर्माणको आवरणमा । बामपन्थीका नयाँ नयाँ समूहहरु निर्माण भए, भएकामा उपसमूह बनाइए । पहिल्यैदेखि सक्रिय रहेका सोभियतहरुका समूहमा नयाँ उपसमूह बनाइए – कृषक, विद्यार्थी, मजदूर, छोकडा किसान, धान किसान, तरकारी किसान, शहरी किसान, अर्गानिक किसान, गाईपालक, भेडापालक, कुखुरापालक, फलफूल, के के, के के ।

पुरानालाई आर्थिक सहयोग प्राप्त हुन थाल्यो । भूमिगत संगठन, तर सदस्य बन्न लेवि पनि केन्द्रले नै दिने तथा कतिपय घरायसी सहयोग पनि साम्यवादी सदस्यहरुले पाउन थाले । बाहिर हेर्दा अमेरिकी विकासे कार्यकर्ता साम्यवादीसँग पनि मिलेर विकासे काम गर्न सक्छन् भन्ने देखिन्थ्यो– भित्र चाही साम्यवादी समूहहरु जति अमेरिकीले चलाइ रहेका थिए । भूमि तानाशाही रहेको, संगठन सोभियतको, विचारधारा जर्मनको, पैसा अमेरिकाको, मान्छे इरानको – गजवको संयोजन थियो त्यो ।

भूमिगत वा अर्धभूमिगत भएकाले आर्थिक कारोवारको कुनै पारदर्शिता आवश्यक पर्दैनथ्यो । पार्टीले कतैको कसैलाई सहयोग गऱ्यो भने सिमित व्यक्तिले मात्र थाहा पाउँदथे । पहिचान देखिएका हरेक जसो साम्यवादी समूहमा अमेरिकी समावेश भए – आर्थिक सहयोगको आवरणमा । फारसीमा उल्था गरिएका जर्मन, रसियन, रुसी, कोरियाली, चिनिया, क्युवाली भाषाका विभिन्न घोषणापत्र कथा उपन्यास इरानभरी छ्याप्छ्याप्ति भए । भूमिगत पत्रिकामा चिनिया र कोरियन साम्यवादी गाथा निस्कन्थे ।

भद्रगोल यति थियो कि एउटै घरमा ठूल्दाइ लेलिनबादी, माहिलो किमबादी, सौतेलो साइलो परम्परागत मार्क्सवादी । बसाइ सँगै भए पनि कतिपय अवस्थामा घरभित्रको को साम्यवादी हो को, एक अर्कामा थाहा हुदैनथ्यो । पर्सियामा यहाँसम्म भयो की राजतन्त्रको निरन्तरता चाहनेको राजतन्त्रबादी बामपन्थि समूह पनि तयार भयो । मानमनितो, नातापाता साम्यवादी बन्न थाले –छोराले बाउलाई, ज्वाइले जेठानलाई, काकाले भतिजालाई, सासुले वुहारीलाई बोलाउँदा कमरेड (मित्र) शव्द उच्चारण हुन थाल्यो ।

मार्क्सवादी समूहका मूख्य नेताहरु रसियन वा चिनिया आवरणमा रहेर अमेरिकी साम्यवादीको निर्देशन र आर्थिक सहयोगमा चलेका थिए । बेग्लाबेग्लै विचारधारा भएका हुनाले उनीहरु एकजुट हुन सम्भव थिएन । पदको लालचाले एकै समूहभित्रका उपसमूह सक्रिय थिए । प्रयोग गरिसकेपछि जतिसुकै बेला छोड्न मिल्दथ्यो, कथंकदाचित सजिलै साथ छुटाउन नसकिएमा परस्पर भिडाइदिए भैहाल्दथ्यो – दक्षिण अमेरिकी वा एसियाली कुनै मुलुकको कुनै अमूक घटनाको माक्सवादी बहस र विवाद गराएर । पहिचानका सवालमा साम्यवादीहरुको अटल धारणा हुन्थ्यो – आफूमात्र क्रान्तिकारी बाकी सबै गद्दार वा साम्राज्यवादीका दलाल, अमेरिकी दलाल । पर्सियाका अमेरिकी लगानीका साम्यवादीहरु परस्पर जुधाउन एक घण्टा पनि लाग्दनैथ्यो ।

पत्रिकालाई आफ्नो पक्षमा पार्न डलर बाडिएको थियो – एक मूख्य पत्रिकाले पैतालीस हजार डलर तिर्न नपर्ने सापट पाएको थियो । पैसा बाढ्ने सबैभन्दा उत्तम तरीका नै बकाइदा भर्पाइ गराएर ऋण लिने दिने, तर ऋणपत्रमा शर्त चाही तिर्न नपर्ने राख्ने गरिन्थ्यो । मोशा विरुद्ध समाचारपत्रका प्रोपेगान्डा त यति थिए की बिबिसीका पर्सियाली कर्मचारीले अति विरुद्ध लन्दनमा हडताल नै गर्नु परेको थियो । पर्सियाको केन्द्रिय सत्तामा अमेरिकी नियन्त्रण भैसके पछि साम्यवादीको प्रभाव खतम गर्न अमेरिकीलाई कुनै असहज अवस्था थिएन । पर्दा पछाडि बसेको डोनाल्डको योजना यही कमजोरीलाई टेकेर तयार भएको थियो ।

महाराजको एकतन्त्रीय राजतन्त्र र उसका सामन्तवादी अवशेषहरुको समूल नष्ट गरी समतामूलक समाज निर्माण गर्न चाहने बाम आन्दोलन महिनौं चल्यो । पहिलादेखि अन्तसम्म दैनिक हजारौं नागरिकले सरकार विरोधी प्रदर्शन गर्न थाले । पछिल्ला दुई वर्षको अथक प्रयास पछि शहरै पिच्छे गाउँ नै पिच्छे विभिन्न साम्यवादी समूहमा अमेरिकी प्रवेश भएको थियो । पर्सिया वा सोभियत वा बाकी विश्वका लागि यिनलाई साम्यवादी समूह नै मानिएता पनि मूख्य सिर्जनाकार डोनाल्ड, आर्थिक योगदानकर्ता रुजवेल्ट र अमेरिकी नीति निर्माताले यी समूहलाई बदमाश समूह (ब्यान्ड अभ रुफियान्स) भन्ने नाममा नै योजना बनाएको थियो । बदमाश समूहबाट काम चलाउने गरी डोनाल्डको डिजाइनमा रुजवेल्टले अव तेहरानमा सरकार विरोधी बाम आन्दोलनको

आँधिबेहरी सिर्जना गऱ्यो । पर्सियाली आन्दोलनको कुनै विन्दुमा चरम सफलता सहित अन्त हुन पर्दथ्यो, दिन छानियो – १६ अगस्ट १९५३ ।

बेग्लाबेग्लै समूहका आआफ्नै रणनीति थिए – तर सबै डोनाल्ड विल्भरको योजना अनुसार । पर्सियाली साम्यवादीहरुले आफ्नै रणनीति अनुसार प्रदर्शन व्यापक बनाए – शाहका शालिक तोडिए, सडक र चोकका नाम फेरिए । भद्रगोलकै बिचमा सेनाको एकभागमा हमला भयो । पूर्वयोजना अनुसार नै शाहबाट जेहदी प्रधानमन्त्री त बनाइए, तर सेनाका अधिकारी वा दरबारिया वास्तवमा के भइरहेको छ भन्नेमा नै अन्यौलमा परे ।

परस्पर जासुसी सूचना आदान प्रदान गर्ने कुरा भएन । फलस्वरुप शाहले सेनालाई वा अन्य नजिककालाई पनि जेहदी आफ्नै मान्छे भएको योजना बताउन सकेनन्, रुजवेल्टले कसैलाई भन्न मिलेन । प्रधानमन्त्रीमा क्रान्तिकारी जेहदी नियुक्त भैसकेका थिए, उनले त झन साम्राज्यवादी अमेरिकीको नाम लिनै मिलेन । परस्परका सूचनाका कमजोरीले तेहरान साम्यवादीको कब्जा भयो, जेहदीलाई शाहबादीहरुले पनि अस्वीकार गरे, सेनाले पनि अस्वीकार गरे । बरु अमेरिकीलाई चोक्टा खान गएको सम्धी झोलमा डुवेर मऱ्यो भने सरहको अप्ठेरो पऱ्यो, सोभियतहरु मख्ख परे ।

बिसौलीको भाँडोलाई धार्नीको पन्ध्रु भने जस्तो विजय उन्मादमा तेहरानभरी हसिया हथौडा भएका राता झण्डा फहराउन थाले । पर्सिया अमेरिकाको हातबाट गएर सोभियतहरुको हातमा पर्ने पक्का भयो । मुलुक विरुद्ध विदेशीको लहैलहैमा लाग्ने लम्पट शाहको रुजवेल्टसँग सीधा सम्पर्क बनिरहेको थिएन – स्वयं अन्यौलग्रस्त । परस्परका सूचना पनि एक आपसमा मिलिरहेका थिएनन् – सोभियत कब्जा ठानेर शाह फेरी भागे । मुलुकमा को प्रधानमन्त्री छ भन्न सकिने अवस्था रहेन – मोशा वा जेहदी वा दुवै वा खाली । मुलुकमा शाह नै बाकी छन् कि कुनै राष्ट्रपतिले सोभियतहरुसँग सपथ भ्याइसक्यो पनि थाहा हुन सकेन । पछि, शाह भागेको त पक्का भयो तर दुवै प्रधानमन्त्री कहाँ छन् कुन अवस्था छन् केही थहा भएन । भद्रगोल र उग्र अन्यौलता सिर्जना भयो – विभिन्न अफवाह सहित ।

बेइमान र ढोडका खुट्टा टेकेका शाहको निर्वासनले अमेरिकीहरु अप्ठेरोमा परे । पर्सियाको योजना डोनाल्ड बनाउँथे, रुजवेल्टले स्वीकृत गरे पछि जेहदीपुत्रमार्फत सो योजना बाबुसम्म लैजान्थे – शाहको बेग्लै स्वीकृति वा जानकारी चाहिदैनथ्यो । मूख्य शहरमा राता झण्डाको रौनकले सोभियतहरुको उत्साह बढ्न थाल्यो – अमेरिकीको अत्यास । मर्ता क्या नहीँ कर्ता भने झै अव अमेरिकालाई तेहरान र अन्य शहर आफ्नो नियन्त्रणमा नआएसम्म शहरभरी भिडतन्त्र र दंगा जारी रहनु अनिवार्य हुन गयो । पर्सियाली साम्यवादीको आर्थिक साँचो

जेहदीमार्फत चलेको थियो औ – इमाम बेहब्मानी कोष व्यवस्थापकको रुपमा । भिडतन्त्र बनाइ राख्न उसले तत्काल बेहब्मानी डलर भनिने एक लाख अमेरिकी डलर घुस बाँड्यो – तत्काल रियाल पाउन नसकेर कति समूहलाई त डलर नै भिडाए । पेट्रोल कम्पनीको तिजौरीमा रहेको पच्चीस हजार पाउन्ड बराबरको बेलाइती कम्पनीले रियालमै घुस वितरण गर्‍यो । तेश्रो नेत्र खोल्ने धनबलले तेहरानको भिडतन्त्र घटेन उल्टो बढ्यो । साम्यवादीहरुले राजतन्त्रको उन्मूलन र सर्वहाराको सरकारको वकालत गरिरहेको थियो – सञ्चालक चाही स्वयं शाह र अमेरिका । भिडतन्त्रले राजधानी थप तहसनहस भयो । बनिबनाउ भिडतन्त्रको तातोमा डोनाल्डले अन्तिम धक्काको योजना तयार गर्‍यो – १९५३ अगस्ट १९ का लागि । बेहब्मानीको एक लाख डलर र पच्चीस हजार पाउन्डको भार अर्को दिनसम्म पुग्दैन भन्नेमा डोनाल्ड प्रष्ट थियो । पर्सियामा आजका लागि डोनाल्डले चार चरणका कामहरु निश्चित गर्‍योः

भद्रगोल चरणः १९५३ अगस्ट १९ विहान ६ बजेदखी १० बजेसम्म – तायेव र तायर हाज रेजाली (३०० को समूह) बाजारबाट अर्क हुँदै तुखानेह जाने, होसेन र नाकी इस्माइपुर (४०० जतिको समूह) बाजारबाट कुरुपथ हुँदै मैदाने बहरेस्तान जाने, मोहमद् मेस्गारको समूह मैदाने काज्विनबाट अर्क जाने तथा बिक सावेर समूह मैदाने गोमरोक हुँदै अर्क निस्कने । मूल समूहसँग समन्वय नभएका ससाना समूहहरुले मैदाने राह अहान, मैदाने शाहनाज वा मैदाने जालेहबाट प्रदर्शन शुरु गर्ने र यी चार ब्यान्ड अभ रुफियान्सले बिचमा पर्ने तोपखाने, बहारेस्तान तथा अर्कमा भद्रगोल गर्ने – अरु जनताको भिड बढे पछि आफू चाही मोशा, कसानी र बेहवाहनीको घरमा आक्रमण गर्ने – भद्रगोल ढिलोमा साढे दशसम्म, घर कब्जा त्यसपछि । बोलवट नै नभए पनि डोनाल्डको योजनामा नसमेटिएका ससाना समूह त जहिले पनि नाराजुलुसमा सहभागी भैहाल्थे, तिनलाई योजनामा समेट्नु आवश्यक थिएन ।

भन्डाफोर र कब्जा चरणः भद्रगोल चरणको ब्यान्ड अभ रुफियान्सले भद्रगोल गरेका स्थानका ससाना र कम महत्वका कार्यालय विहान १० बजेदेखि ११ बजेभित्र सेना र परिचयबिनाका एजेन्टबाट कब्जा गर्ने । दलहरुका कार्यालय इरान पार्टी, पानइरानिस्ट पार्टी लगायतमा आगजनी गर्ने । भद्रगोल चरणका अन्तिम लक्ष रहेका तीनै स्थानमा हतियारबन्ध सेनाको घेराबन्दि गर्ने र साम्यवादीहरुलाई ती भवनबाट लखेट्ने – यो कार्यसूचि विहान ११ बजेभित्र पूरा गरिसक्ने ।

भन्डाफोर र कब्जा चरणको दोश्रो खण्डको कार्यसूचिमा विहान ११ बजेदेखि अपरान्ह ३ बजेसम्ममा तोपखाने र अर्कका मन्त्रालय र रणनैतिक कार्यालय, टेलिग्राम कार्यालय, सेना–प्रहरी मूख्यालय, प्रहरी मूख्यालय कब्जा गर्ने र साँझसम्म साम्यवादी लखेटी ल एण्ड अर्डरको अवस्था फर्काउने ।

भण्डार र ट्याङ्क कब्जा चरणः भण्डार र ट्याङ्क कब्जा चरणको कार्य विहान ५ बजेदेखि अपरान्ह साढे दुईसम्म – सेनाका हतियारबन्ध ट्याङ्क बाहिर निकाल्न नमिल्ने गरी जनतालाई सडकमा ल्याउने र क्रमसः सैनिक ट्याङ्क कव्जा गर्ने – चौवीस ट्याङ्क कर्नेल नोजानको नियन्त्रणमा सल्तनेताबादमा, कर्नेल कस्तम नोजरीको कमान्डमा प्रथम ब्रिगेड क्वासरमा र कर्नेल अस्राफीको नेतृत्वमा तेश्रो पहाडी ब्रिगेड अश्रतावादमा । भण्डार र ट्याङ्क कब्जाको अन्तिम अवधी र सेना – प्रहरी मूख्यालयको कब्जा समय एक समान मिलाउने गरी कार्यान्वयनको चाँजो मिलाइएको थियो ।

मूख्य नियन्त्रण चरणः प्रधानमन्त्री जेहदीले अपरान्ह ३ बजे आसपासमा ल एन्ड अर्डरका लागि राष्ट्रका नाममा सम्बोधन गर्ने र उही बेला पारेर मोशा लगायत उच्च अधिकारीको घरमा आक्रमण गर्ने, पक्रने ।

मूख्य योजनाकार डोनाल्ड विल्भरको अमेरिकामा बसेर तयार गरेको योजना तेहरानमा झण्डैझण्डै अक्षरशः कार्यान्वयन भयो, झण्डैझण्डै समय पनि मिलाएर । भूमिगत कोठामा रहेका जेहदीलाई तीन, साढे तीन आसपासमा रुजवेल्टले माख्लो तलामा ल्याए । मुलुकको सत्तापलटको लागी बनाइएको त्यो अपरेसन अज्याक्समा बचेको बेहब्मानी डलर नौ लाख तुरुन्तै जेहदीलाई सुम्पे । प्रधानमन्त्रीका रुपमा जेहदीबाट अपरान्ह चार बजे राष्ट्रका नाममा सम्बोधन भयो – लगभग एक घण्टा । प्रधानमन्त्री मोशाको दल टिक्न सकेन – मैदान छोड्न बाध्य भयो र जनताले के भइ रहेछ भन्ने चाल पाउँदा नपाउँदै मोशालाई तीन वर्षको सैनिक कैदमा राखियो । पछि मोशालाई अदालती प्रकृया पुऱ्याएर फाँसीको सजाय सुनाइएकोमा शाहको व्यक्तिगत क्षमादानमा आजन्म नजरबन्दमा ज्यान गुमाउनु पऱ्यो ।

भगौडा शाह सिआइएका निर्देशक एलेन डुलाससँगै रोमबाट इरान फर्के, कठपुतली बनाइ राख्ने 'जिन्देवाद शाह' अपरेसन सफल भयो । पर्सियाली धार्मिक समाजलाई साम्यवादीको सच्चा अनुहार देखाइदिन कुनै एजेन्टले एक इमामको घरमा बम पड्काइ दियो । बमको धमाका नै साम्यवादी तह लगाउन काफी भयो – कत्लेआम मार्फत् । पर्सियामा साम्यवादीले तख्तापलट गरेको सम्झने सोभियतहरु हेरेको हेरै भए – साम्यवादी, राष्ट्रवादी तथा प्रजातन्त्रबादीहरु एकै पटक स्वाहा भए । पूर्वी जर्मनी, बाल्टिक सोभियत, बुल्गेरिया, हंगेरी, चेकोस्लाभाकिया, पोल्यान्ड, रोमानिया, युगोस्लाभिया हुदै दक्षिण पूर्वतिर झरिरहेको सोभियतका विपक्षी

साम्यवादीको पञ्जाबाट इरान जोगिएको निश्कर्षमा पुग्यो – ककेसस हिन्दुकुश तल्तिर सोभियतहरुले चियाउन पनि पाएनन् । पराइको साथ पाएर समानताको लक्ष लिएका साम्यवादीहरु अमेरिकी शाहको राज्यमा टिक्ने कुरा भएन – बदमाशको समूह हराए । पतिपत्नी, बाबुछोरा, ज्वाइजेठानका नाता पुनः शुरु भए – कमरेड शव्द हरायो । मोहम्मद शाहले आफ्नो सुरक्षाका लागि बेग्लै जासुसी सेना सेवाक गठन गरे पछि घरघरमा कोठा कोठामा टाँसिएका कार्ल मार्क्स वा भ्लादिमिर इलिच्चेका फोटा आगोमा बले र भावी शहन्शाहका फोटोले सजाइए ।

हुकुमको जवाफ

परदेशीको उक्साहटमा १९५३ मा भएको सत्तापलट पछि भने निर्णय क्षमता नभएको भनेर आलोच्य रहेका शाहले अब भने देखिने गरी निर्णय गर्न थाले – कम्तिमा थप तीन सुधारका काम गरे । पहिलो आधुनिक शिक्षा पाएका वा उच्च वर्गका इरानीलाई कुनै पनि प्राविधिक वा न्यायिक वा कर्मचारीका काम नदिने, दोश्रो त्यस्तालाई कुनै राजनैतिक पद पनि नदिने, तेश्रो दलमाथि प्रतिवन्ध र व्यापक दमन – प्रधानमन्त्री शाह स्वयंले मनोनयन गर्ने । पछिबाट सत्तापलटको वास्तविकता बुझेका बाह्य विश्वविद्यालयका प्राध्यापकले उक्त सत्ता परिवर्तनलाई कु को संज्ञा दिएर विरोध जनाए । पुरस्कारको रुपमा उनीहरु अर्को वर्ष जागिरबाट हात धुनु पर्‍यो, पजनीमा परेर । पुराना दल प्रतिबन्धित भएकाले शाहकै हुकुममा १९५७ मा दुई दल खोलाइयो – राष्ट्रवादी मिलियुम दल र जनवादी मार्डोम दल । पार्टी सदस्य भएकामा कूपछि व्यापक दमनका साथ प्रताडित भएका इरानी जनताले नयाँ दलमा सदस्य बन्न पनि डराए । परिणाम स्वरुप दुवै दले आफ्ना सदस्य केही हजार नघाउन पनि सकेनन् ।

प्रधानमन्त्री जेहदीको प्रभाव शाहमाथि बढ्दो रुपमा थियो – अमेरिकी सहयोगमा । पहिला शाहका जर्नेल बाबुको बढ्दो प्रभावले शाह नै प्रतिस्थापन भएको र अहिले जेहदीको बढ्दो प्रभाव दाँजेर शाहले पहिलो दुई वर्षमा त्यो प्रभाव घटाउँदै जेहदीलाई नै हटाइ दिए । प्रभाव र प्रतापको कुरै छोडौं, कुनै प्रधानमन्त्रीलाई अब दुई वर्ष वा त्योभन्दा अगावै नयाँले प्रतिस्थापन गर्न थाल्यो । पर्सियालीहरु नयाँ नयाँ प्रधानमन्त्रीका धनी हुन थाले ।

प्रत्यक्षतः दरवारियाबाहेकको उच्च वर्ग त पहिल्यै तह लागि सकेकै थियो, अब तलुवाचाट् वर्ग पनि तह लाग्यो । पजनी र पक्राउका कारण मुलुक अराजकतातिर लाग्यो र गरिखाने वर्ग चाही आक्रान्त हुन थाल्यो । पहिल्यै शाहले स्वाभिमान गिराइ सकेका थिए, अराजकताले हातमुख जोर्न पनि धौ धौ पर्न थाल्यो । पर्सियाली जनताको स्तर पशुको स्तरमा तुलनायोग्य हुन थाल्यो ।

पराइबाट निर्देशित हुने गरी गरिने मुलुकको स्वाभिमानको गिरावट असह्य हुन हुन्छ, व्यक्तिको जस्तै । पर्सिया सरकारको कुनै ठेक्का कुनै बेलाइती कम्पनीले जित्यो १९५९ मा । पह्लबी शाहले ठेक्का दिनु पर्ने कम्पनीलाई ठेक्का सम्झौता गर्न दिएनन्, बरु सिमेन्स नाम गरेको कम्पनीलाई ठेक्का दिलाए । पाउनु पर्ने ठहरिएको ठेक्का नपाउनाको कारणबारे बेलाइतीहरुले गहिरो अनुसन्धान गरे । पत्ता लाग्न गयो, सिमेन्सको एक एजेन्टकी श्रीमतीलाई शाहले आफूसंग रात बिताउन प्रस्ताव गरेछन् र एजेन्ट सहमत भएछ । परस्त्रीसँग रात बिताउन

शाहले कानून बमोजिम ठेक्का परेको कम्पनी नै परिवर्तन गरेछन् । परस्त्रीगमनको मूल कुरो चुहियो – बचेखुचेको धर्म, इज्जत, समाजको उपहास हुन थाल्यो ।

प्यालेस्टिनी भूभागमा यहुदीहरुले अतिक्रमण गरी १९४७ मा इजरायल मुलुकको स्थापना भएको भनि सारा मुश्लिमले अस्वीकार गरेको इजरायलको मूर्ख शाहले अमेरिकी हितको रक्षा गर्न २४ जुलाइ १९५९ मा मान्यतामात्र दिएनन्, डिफ्याक्टो दूतावासको रुपमा तेहरानको मूख्य चोकमै ब्यापार कोठी खोलाए । परचक्री मानिएको इजरायलसँग अपरेसन फ्लावर नामको संयुक्त सैनिक योजनामा हातहतियार पनि किनिए । पटकै पिच्छे इजराइली प्रधानमन्त्रीले इरानको 'राजकीय भ्रमण' गर्न थाले । पर्सियाको यो कार्यमा कुनै मुश्लिमले क्षमा गर्न सम्भव थिएन, मुश्लिम जतिले इरानी जनतालाई असह्य घृणा गर्न थाले ।

पहिल्यै शाहले इटालिएन राजकुमारी भित्र्याएका थिए, अब उनैकी बहिनी भित्र्याउन चाहे अठार वर्षकी – न जात, न मुलुक, न धर्म, न छालाको रंग वा स्वभाव, केही पनि मिल्ने । पाखण्डि शाहका काम इरानीका स्वाभिमानमा ठेस पुऱ्याउने बाहेक केही थिएनन् – सैनिक शासनको तगडा प्रतिबन्धमा निःसहाय नागरिकका ।

'मिलिन, निली त मिलिन, जहापना' एलामले शाहलाई तीन चोटि झुकेर सलाम गर्दै बिन्ति बिसायो ।

'मन नै थिर भएन, यतैको हेर दुई थान, सब कामचोर' शाही हुकुम बक्स भो ।

परस्त्रिगामी शाहको युवती कोठीको दलाल विश्वासपात्र असद्दोल्ला एलाम थियो । पर्सियाली शाह त म्याडमे क्लाउडे समूहका निला आँखा भएका युरोपिएन तरुनीका भोका थिए, क्लाउडेका सयौं फ्रान्सेली बेस्याले तेहरान भ्रमण गरेका थिए । परस्त्री दलाल एलामले क्लाउडेका निला आँखा भएका युवती पठाउन नसकेका दिन शाहलाई स्थानीय भए पनि चल्दथ्यो । पटक पटक दिन दिनै कामवासना तृप्त गर्नुपर्ने आर्यामेहरले कुनै दिन खाली बस्नु परे त्यसको भोलिपल्ट निराशाका चिन्ह देखिन्थे ।

पर्सियाली गाउँले बस्तिमा सरकारको कुनै सेवा चाहिँदैन थियो, केवल शान्तिसँग काम गरी खान दिए पुग्दथ्यो, तर शाहका काम गरिबमाथि कर थोपर्ने बाहेक केही थिएनन् । प्रजा गरिब रैती हुँदै गए । प्रभू मुलुक अमेरिकामा १९६१ मा जोन एफ केनेडी राष्ट्रपति भए पछि भने सोभियत सीमामा चरम गरिवीको इरान हतियारकै भरमा लामो समय अमेरिकाको नियन्त्रणमा रहन सक्दैन भन्ने निचोडमा पुगे । प्रजातान्त्रिक मुलुकका केनेडीले इरानी कठपुतली सरकारलाई जनसरोकारका एजेन्डा लागु गर्नु पर्नेमा दबाव दिन थाले पछि केही अधिकार छाड्न शाह राजी भए । पश्चिमा शैलीको विकासका लागि अमेरिकी अर्थशास्त्री रोस्टोको डिजाइनमा सुधारका काम शुरु भए ।

पर्सियामा सोभियतलाइ छिर्न नदिने लक्षका साथ गाउँमा बस्ने गरिबलाई मूलधारमा ल्याउन किसान लक्षित काम शुरु भए – साना साना जमिन चाक्लाबन्दि, ठूलाठूला नहर र कृषि बजारिकरण । परिणामतः शाहका आसेपासेले चाक्लाबन्दि कानून बमोजिम ठूल्ठूला जग्गामा खेती शुरु गरे, तीन चौथाइ गरिब किसान जग्गाविहिन भए ।

परेका बेलामा बेलाइत र फ्रान्सलाई एक एक अर्ब डलर ऋण दिने इरानका गाउँमा दुई छाक खान नसक्ने गरीबको बास थियो । पर्सियाको महान सभ्यता भनिएको शहर तामदान ए बोज्रोग वायु प्रदुशणले भरिएको थियो, शाह चाही इलेक्ट्रिक कार बस र मोनोरेलका कथा सुनाएर बसेका थिए ।

पसलेले सरकारलाई करमात्र होइन, पुलिसलाई हप्ता बुझाउनु पर्दथ्यो । पुलिस त सवारी जाम वापत पनि पैसा उठाउँथ्यो, उजुरी दर्ता गराउन पनि घुस चाहिन्थ्यो । पुलिसको काम उच्चवर्गका मान्छेले गरेको अपराध ढाकछोप गर्ने वा नक्कली अपराधीलाई फसाइदिनेमा सिमित थियो । पदीय चाकरी यति थियो की कुनै हाकिमको परिवारका कसैले कसैको ज्यान मारे र ज्यानमारा खोज्न दबाव बढ्दै गयो भने कुनै असहाय, अपाङ्ग, मानसिक विकलाङ्गले सजायँ पाउदथ्यो । परिवहनका क्षेत्रमा शाहले व्यापक सुधार गरेका थिए, तर जेब्राक्रस सहितका सडकमा कुनै ट्राफिक नियम थिएन – काम गरेको देखाउन पुलिस धराप थापेर बस्दथ्यो । पक्राउ गर्न कुनै कानून चाँहिदैनथ्यो । प्रतिकार त कुरै छोडौं, कुनै पनि सरकारी कर्मचारी विरुद्ध कसैले उजुर गरेमा साम्यवादी वा यस्तै बहानामा परिवार नै कारवाहीमा पर्दथ्यो वा मारिन्थे ।

परम्परागत रुढिबादले विकासमा पछि परेको भनेर इरानमा सांस्कृतिक जागरणका काम शुरु भए । पर्सियाली भाषाका स्कूल खोल्न निरुत्साहन मात्र गरिएन, अंग्रजी स्कूल खुले र इरानी परम्परागत विद्या तथा संस्कृति नै विकासको बाधक हो भन्ने भावना बढ्न थाल्यो । परम्परागत घुम्टो प्रचलन भएको इरानमा अमेरिकाले भने जस्तो विकासका लागि त्यही संस्कृति र धार्मिक चलन नै सबैभन्दा बाधा रहेको ठहऱ्याउन थालियो, गवाँर मानिन थालियो । पर्सियाली संस्कृति अनुसार देब्रे हातले खाना छुन पनि मिल्दैनथ्यो, अबभने खाना खाँदा दुबै हात चलाउन थालियो ।

पहिला पहिला कुनै साइनबोर्ड बनाउनु पर्दा फारसीमा बनाइन्थ्यो, शाही इच्छा अनुसार अब अंग्रेजीमा वा अंग्रेजी फारसीमा बन्न थाले । पहिलो पङ्क्ति आफ्नो भाषामा लेखी आयातित भाषामा त्यस पछि लेखिनु पर्ने हो, तर अंग्रेजी माथि राखी फारसी तल लेख्न थालियो । पूरै कुरा एकै पङ्क्तिमा अट्ने कुरा रहेछ भने पनि अंग्रेजी बायाँबाट दायाँ र फारसी दायाँबाट बायाँ लेखिने हुनाले एकै पङ्क्तिमा लेख्न मिल्दथ्यो, तर अंग्रजी अक्षर ठूला र फारसी साना

अक्षरमा लेखिएको देखिनु सामान्य हुन थाल्यो । पर्सियाली भाषा छिमेकका अरु भाषाको जननी भएको गर्वाभिमान भएका इरानीको मनमा अंग्रेजीको यो भाउ चस्स मन दुख्ने खालको हुन्थ्यो ।

पश्चिमी सभ्यताको बिस्तार इरान बाहिर गर्न शाहले सक्दो प्रयास गरेका थिए । परम्परागत मुस्लिम राज्य साउदीका राजा फैजललाई शाहले साउदी अरबलाई खुला मुलुक बनाउन,विद्यालयमा महिला र पुरुष सङ्गसङ्गै पढाउन, महिलालाई छोटा लुगा लगाउन दिन सल्लाह दिँदै पत्र नै पठाए, आधुनिक बनेनौ भने तिम्रो गद्दीको भविष्य छैन भन्दै । प्रत्युत्तरमा फैजलले पत्र पठाए – 'महाराज! म तपाईको भनाइको कदर त गर्दछु । तर तपाई फ्रान्सको शाह होइन । इलिसे होइन इरानमा हुनुहुन्छ । तपाईका नब्बे प्रतिशत जनता मुस्लिम छन्, कृपया यति चाहीँ नबिर्सनु होला ।'

पश्चिमी कपडालाई उत्तम बस्त्र मानिन थालियो, सरकारी कार्यालयमा त उर्दि नै जारी भयो । पाइन्ट लतारेका र गाँठा पार्न नजानेका टाइ बाधेर कर्मचारी काममा आउन थाले । पसिना काढ्दै सुट टाइमा सजिएर अमिन जग्गा नाप्न जान थाल्यो । परम्परागत चदूर लगाउने महिलाले विश्वविद्यालय र सरकारी कार्यालय जाँदा चदूर लगाउन नपाउने भए । पश्चिमी कपडाको प्रभाव यति भयो की अयोतुल्लाह र तोकिएको इस्लामी परीक्षा पास भएका इमामलाई सुट लगाउने उर्दी दिन नसके पनि कुनै कामले सरकारी कार्यालयमा आइपुग्ने जनताले स्थानीय प्रचलनका कपडा लगाएको भए हेलत्व सम्झिन थालियो । परम्परादेखि चलेका धार्मिक सांस्कृतिक काममा उर्दीका कपडाले अन्यौलता छरे । पारा मिलाएको सुट लगाएर मलामी जाने कुरा इस्लामभित्र पर्दैनथ्यो । पश्चिमी ढाँचाका कपडा पश्चिमी संस्कृतिमा मात्रै मिल्दथ्यो, इरानी संस्कृतिमा होइन । पश्चिमी कपडाको उर्दीले सामाजिक चक्र खत्तम हुनथाल्यो, मृत्युको चालीसदिनसम्म लगाइने कालो लुगा र सुटको विवादले कर्मचारी कारवाहीमा पर्न थाले ।

पश्चिमी शैलिका संगित तथा कलाका केन्द्र, नाइट क्लब खुले, स्थानीय डबली बन्द गरियो, ध्वनी प्रदुषणका नाममा धार्मिक भजनमा नियन्त्रण शुरु भयो । पर्सियाली गीत संगीत पाखे गनिन थाले ।

पर्सियाको ऐतिहासिकता देखाउने नाममा इश्लाम शुरु हुनु अघिका महाभारतमा वर्णित महाराज कुरुका समयका मुर्ति स्थापना गरिए, उनैका शासनदेखि सम्वत् शुरु भए ।

पर्सियाली सांस्कृतिक विकासका लागि अमेरिकी विश्वविद्यालय तथा नगरपालिकासँग सांस्कृतिक आदान प्रदान शुरु भयो । पश्चिमी संस्कृति यताका सयौंले उता गएर सिके, उताकाले यता आएर सिकाए, जताबाट पनि

इरानीले सिके । पाखा पखेरादेखि शहरसम्म चल्तिका सब्जिपिलाउ वा खियार जस्ता फारसीमा गीत गाउँने गवाँर मानिन थाले, डाङ्गडाङ्ग डुङ्गडुङ्ग गर्ने पश्चिमी गीत आधुनिक र सभ्य मानिन थाले ।

प्राचीनकालदेखि नै धार्मिक केन्द्र रहेको इरानमा अबभने धार्मिक रुपमा पनि व्यापक परिवर्तन देखिन थाल्यो । पर्सियाली फारसी, अजेरी, लुरी, कुर्द, बख्तियारी भाषामा बाइबलका नयाँ टेस्टामेन्ट छाप्न र वितरण गर्न चर्चले स्वीकृत लिनु नपर्ने तर इस्लामका धार्मिक पुस्तक चाही सरकारी चन्दा विभागबाटमात्र छापिने एकाधिकार दिइयो । पर्सियाली सियाको बाहुल्य रहेको समाजमा युहदी तथा बहाइका लागि सिट सुरक्षित गर्ने कानून बन्न थाले । परम्परागत धार्मिक पोशाक लगाउने ठाउँ साँघुरिंदै गए । परिवर्तनको स्तर यति बढ्यो की अबदेखि चर्च खोल्न सहज भयो र कुनै मुसलमानले चर्च धर्म अपनाएमा इदालतल सजाँय नगर्ने भयो ।

परम्परागत रुढिबादी समाजमा शाहले केही सामाजिक सुधारका काम गरे पनि ती कामहरु रैति तह लगाउन बाहेक सुधारका रुपमा अघि बढेनन् । परम्परागत रुपमा पुरुषले बहुविवाह गर्न सक्दथ्यो – गाउँमा त यो व्यापक थियो । पहिलो पत्निको अनुमति र अदालती स्वीकृति बेगर अर्को बिवाह गर्न नपाइने कानून बनाइयो । परम्परादेखि चलेको चलनमा हठात कानूनले कुनै काम गरेन, बहुबिवाहहरु कायमै रहे । पुलिसले कसैलाई कारवाही गर्न चाह्यो भने विवाह कानून एउटा मसला बन्यो, किनकी यसमा हदम्याद थिएन । पुलिसले चाहेका बखत र कतिपय अवस्थामा विवाहित श्रीमतीको मृत्यु पछि पनि बहुविवाहका नाममा चाहेको सजायँ दिन कुनै आइतबार कुरिरहनु परेन ।

प्रख्याती कमाएका धर्मगुरुभन्दा तलका धार्मिक व्यक्तित्व तह लगाउन शाहले अचुक अस्त्र आविश्कार गरे – साम्यवादी । परम्परागत धर्मभिरु समाजमा अधार्मिक मानिने साम्यवादीलाई पक्रनु अपराध थिएन, पाप थिएन र अनैतिक पनि थिएन । पक्राउ र कारवाहीलाई कानूनले स्वीकार्थ्यो, इदालतीले स्वीकार्थ्यो, समाजले स्वीकार्थ्यो, कुरानले स्वीकार्थ्यो र धर्मभिरु समाजले सजिलै पचाउँथ्यो । परस्पर जनता भिडाउने योभन्दा उत्तम र अकण्टक अस्त्र शाहका लागि आवश्यक पनि थिएन ।

जनआन्दोलन १९६३-६४

पढेका र परेका दुवैले भनिन्छ नि – ह्याती सर्वत्रः वर्जयते । परचक्रीको इशारामा समाज र मुलुकको विखण्डन गराउने शाहको कुकार्यमा जनताले नतमस्तक भएर कति सहने, मस्जिद र धर्मभिरु समाज कति समय विधर्मी काममा आखाँ चिम्लिरहने । प्रशासनमा पकड बनाइ राख्न जोन एफ केनेडीको दबाबमा शाहले श्वेतक्रान्तिको नाममा मूख्य छ विषयमा सुधार योजना लागु गरे । पह्लवीको छ सुधारमध्ये शैक्षिक सुधार

परम्परागत इस्लामी शिक्षालाई सिधै नकार गर्ने पश्चिमी शैलीको सुधार थियो । परिणामतः मदरसामा धर्मगुरु इमामसँग अध्ययन गरिरहेका गुरुकुलका विद्यार्थी धर्म तथा शिक्षाका क्षेत्रमा शाहको सुधारको विपक्षमा उभिए – मूर्ख्यतः तेहरानको दक्षिणमा पर्ने धार्मिक शहर कोममा । पहलवीले फकाउन खोजे – कोमलाई जेरुसेलम सरहको पवित्र शहर बनाउने मृगतृष्णा देखाएर । पश्चिमी संस्कृतिको छाडापन र शाहको बर्बरता देखेका विद्यार्थीले यस्ता उधारा आशा स्वीकार्ने कुरै थिएन, पत्याउने आधार पनि थिएन । पहलबीको शैक्षिक सुधार योजना विरुद्ध मुलुकभर आन्दोलन भयो – कोमका इमामका विद्यार्थीको नेतृत्वमा । पक्राउ र कारवाहीको कुनै सिमा रहेन, दुई सय प्रदर्शनकारी मारिए । प्रदर्शन र विरोधले मुलुकमा अशान्ति सिर्जना गरेको अभियोग लगाइ त्यसको नेतृत्व गर्ने धर्मगुरु सइद रुहोल्लाह मोसावी खोमेनी कोममा नै पक्राउ परे – तेहरान सारेर एक वर्ष नजरबन्दमा रहे ।

पक्राउ परेका खोमेनी नजरबन्दमै रहेका बेला इरानले अमेरिकी सेनालाई कुटनैतिक सुविधा सहितको सन्धी गऱ्यो, इमामले सन्धीको घोर विरोध गरे । पहलबीले गरेको सन्धी अनुसार इरानमा रहने तीस हजार अमेरिकी सैनिकमध्ये कसैले कुनै अपराध गरेमा कुटनैतिक सुविधा अन्तर्गत कुनै कारवाही नगर्ने प्रतिबद्धता थियो, इरानी सार्वभौमसत्ताको चरम दुरुपयोग थियो ।

'सन्धिका कारण यदि कुनै इरानी वा शाह स्वयंले अमेरिकी कुकुर कुटेमा कानूनतः कारवाहीमा पर्नेछन् । तर कुनै अमेरिकी भान्सेले शाहलाई कुटेमा कारवाही गर्न पाइन्न । यो सन्धिद्वारा मुलुकको स्वतन्त्रता बेचियो ।'

पक्रेर नजरबन्दमा राखिएका इमामको वक्तव्य यस्तै थियो ।

पहलबी शाहकै विरोध गरेकाले लाजगाल भए पनि खुमेनीलाई थप कारवाही गरेको देखाउन अनिवार्य हुन पुग्यो, टर्कीका सैनिक जासुसी इकाइका कर्नेलको निगरानीमा रहने गरी देश निकाला गरियो – टर्की । पहिलो एक वर्ष टर्की नजरबन्दमा विताए पछि इराकी उपराष्ट्रपति सद्दाम हुसेनको अनुमतिमा सियाहरुको पवित्र स्थल नजाफमा झण्डै तेह्र वर्ष निर्वासित भए इमाम ।

पहलबीका काम पश्चिमी शैलीका मात्र थिएनन्, उट्पट्याङ्गयुक्त परम्परागत पनि थिए । पहलबी शाहको अनुमानित खगोलशास्त्रको मनगढन्ते गणना अनुसार आठ वर्ष अघि पर्सियन राजतन्त्रका पच्चीस सय वर्ष समारोह मनाएको थियो । पहलबी शाहको शक्ति यति थियो की उनका अगाडि हजरत मोहम्मदको पनि उचित सम्मान थिएन । पहलबीले हजरत मोहम्मदका पालादेखि चलेको हिजरी सम्बत् १३५५ लाई चुट्किको भरमा महाराज कुरुको गद्दि वर्षका आधारमा २५३५ बनाइदिएका थिए – बीस करोड डलर खर्चेर, आफू राजा भएको वर्ष महाराज कुरुको पच्चीस सयौं वर्ष परेको उपमा दिएर । पहलबी पत्नी शाहबानुको जन्म दिवस पारेर गरिएको संवत परिवर्तन

समारोहमा नेपालका राजारानी सहित साठी मुलुकका सरकारप्रमूख दम्पतिको एउटै टेवल सहित छ सय पाहुनालाई गिनिजमा लेखाउने गरी साढे पाँच घण्टाको सरकारी भोज खुवाइएको थियो – सोह्र सय वर्गमिटरको हलमा मुजुरको सेकुवा सहित । पच्चीस सय वर्षको राजतन्त्र दिवस समारोहमा इरानी आमन्त्रित थिएनन् – २५० भान्से पनि फ्रान्सबाट ल्याइएका थिए । परेड, जिम्यास्टिक खेलहरु खेलाइए, अक्टोबर १६ मा – टिसर्ट र सुरुवाल लगाएका पुरुष एवं टिसर्ट र कट्टुमात्र लगाएका महिलाको लाइन मिलाएर ।

पर्सियाली क्षेत्रमा राज्यप्रमूखको उपाधी शाह हुन्थ्यो, बाह्र वर्ष अगाडि देखि आफूलाई उच्च वर्गको देखाउने क्रममा शाहन्शाहको उपाधी लिएका थिए, आफूलाई आर्यामेयर भन्न लगाउँथे । पह्लबीका सम्माननीय अति सम्माननीय हजरत मोहम्मद प्रति पनि अनास्था झल्काउने यस्ता उट्पट्याङ्ग काममा पनि इरानीहरु नतमस्तक बन्नु परेको थियो । प्राचीन शास्त्रले धर्मको नाश गर्नेलाई त्यही धर्मले नाश गर्दछ र धर्मको रक्षा गर्नेलाई त्यही धर्मले रक्षा गर्दछ भने पनि धर्मभिरु इरानमा इस्लाम अनास्था जनिने थुप्रै काम शाहले गरे गराएका थिए, कुनै पनि काममा धर्मको ख्याल हुदैनथ्यो । पह्लबी रेजा शाहका धर्म नाश गर्ने तिनै कामले उनी आफैं नाश भएर जीवनको अन्तिम भगाइ खेप्दै पराइभूमिमा पुगे र सिया समुदायको पवित्र भूमिको रक्षार्थ इरानीहरुले चाहेका धर्मगुरु शक्तिमा आए ।

पह्लबी स्वयंले खोलाएका 'हस हजुर' र 'निसन्देह हजुर' जननाम दिइएका दुई दलले सदस्य नै पाउन सकेनन् र १९७४ मा खारेज गरेर १९७५ मा एकदलीय रक्तक्षिज दल बनाइयो, हरेक बालिग सदस्य हुनै पर्ने र सदस्यता शुल्क तिर्नै पर्ने अनिवार्य व्यवस्था सहित । पार्टीगत व्यवस्था देखाउने रक्तक्षिज दल चाही इरानी जनताको आन्दोलन शुरु भए पछि १९७७ मा विघटन हुनुपर्‍यो ।

पुलिसमध्ये केही अज्ञात समूह टिपेर सावाक नामको गुप्ती समूह बनाइएको थियो शाह विरोधी तह लगाउनका लागि । पुलिसको सावाक गुप्ती समूह गुप्त हत्यामा निपूर्ण थियो – घुसेर मार्ने वा जेल सार्ने नाममा मार्नेमा । पोस्टमार्टममा डाक्टरले सावाकको गुप्तहत्याको मृत्युको कारण उल्लेख गर्न पाउँदैनथे, केवल मृत्यु घोषणा बाहेक । पर्विज सावेतिले गुप्तिपुलिसको विगत दुई दशकदेखिको नेतृत्व गरेका रहेछन् भनेर इरानीले जान्न आन्दोलन नै कुर्नुपर्‍यो ।

पह्लबी सल्तनत विरुद्ध इरानीहरु एकजुट भैरहन नाजाफमा निर्बासनमा रहेका धर्मगुरुले हुटहुटी पूर्ण प्रवचन दिइ रहन्थे । पराइ मुलुकमा निर्वासित रैतिको प्रवचनको असर अन्दाज गर्ने फूर्सद शाह र सिआइएलाई थिएन, तर धर्मगुरुलाई तह लगाउन विभिन्न बाटो खोजिरहेका हुन्थे । प्रवासमा बसेर शाहको विरोध गरिरहने

खुमेनीका छोराको २० अक्टुवर १९७७ मा भएको हत्या पछि तेहरानको दाहसंस्कारमा लाखौं उपस्थित भए । प्रजाजनले निसन्देह त्यो हत्याका लागि शाह र उनको जासुसी सेना सेवाक जिम्मेवार मान्दिए । परिणाम स्वरुप, हत्याकाण्ड पछाडी शाहका विरुद्धमा विभिन्न लेख छापिएका पत्रिका अनवरत्रुपमा आउन थाले, विदेशबाट ।

पत्रिकामा लगाएको सेन्सरका कारण कसैले पनि आफूखुशी लेख रचना छपाउन सक्दैनथ्यो । पत्रिकामा कसको लेखमा के लेखिएको हुन्छ भन्न पत्रिका पढिरहनै पर्दैनथ्यो । पह्लबी शाहको अति प्रशंसा गर्न अहमद रसिदी मुल्ताकको नामबाट एत्तेलात लगायतका पत्रिकामा लेख प्रकाशित हुने गर्दथ्यो । पह्लबी सरकारलाई कर नतिर्न अयातुल्लाहले नाजाफबाट फतवा जारी गर्न खोजेको जानकारी शाहलाई गराइयो र फतवा अगावै धर्मगुरुको प्रभाव घटाउन अनिवार्य सम्झियो । प्रभाव घटाएर अयातुल्लाहको बदनाम गराउन सुनारका सय चोट लोहारका एक चोट खालको लेखको आविस्कार गरियो – इरानका काला र राता उपनिवेशकारी शीर्षकमा । पह्लबी शाहले अहमद रसिदी मुल्ताकको नामबाट लेखिने लेख पढे र उनी सहमत भए पछि जनवरी ४ मा प्रधानमन्त्री कार्यालयबाट सिल गरिएको लेख कुनै ठूलो पत्रिकामा छपाउने आदेश सहित सूचना मन्त्री दरयुस हुमायूँसमक्ष पठाइयो । पह्लबीद्वारा सम्पादित शाही लेख छपाउन एत्तेलात पत्रिका चयन भयो, तर सम्पादक अयातुल्लाह विरुद्धका लेख छपाउन डरायो, धर्मर् धर्मर गर्‍यो । पह्लबीका अनुचरले उक्त लेख जनवरी ६ सम्म प्रकाशित नभएमा पत्रिका बन्द हुने धम्की दिए । पेलानमा परेको सम्पादकले बाबाकी दुहाइ भन्दै अहमद रसिदी मुल्ताकको लेख १९७८ जनवरी ७ को अंकमा 'इरानका काला र राता उपनिवेशकारी' शीर्षकमा खुमेनीलाई बेलाइती दलाल, भारतीय पागल कवि वा कम्युनिस्टलाई देश बेच्ने तयारीमा रहेको जस्ता कुरा राखी लेख छापियो – लेखको विरोधमा जनवरी ८ मा उठेको आगो निरन्तर दुई वर्ष चलिरह्यो, दूतावास कब्जासम्म ।

पत्रिकामा सेन्सर कडा भए पनि शक्तिका उन्मादले ससाना कुरामा वास्ता गर्ने बानी नै नभएकाले नक्कली लेख छाप्दा दुई तीन मूल कुरामै ध्यान दिन सकेनछन्, आन्दोलन भड्किहाल्यो । पहिलो त श्वेतक्रान्तिका कारण खुमेनी देश निकाला परेका थिए – त्यही श्वेतक्रान्ति दिवससँगै लेख छापिएछ । परम्परागत इस्लामी पोशाक महिलाका हिजावमाथि प्रतिवन्ध लगाएको दिनको वर्षगाँठ पनि यहि दिन परेछ । पछिल्लो साता इरान आएका जिम्मी कार्टरले यही बेला अति सौविध्य राष्ट्रको मान्दिएकाले इरान उसै पनि तातै अवस्थामा थियो । पत्रिकामा सेन्सर गर्ने विभागका प्रमूख सहित पाँच उच्च अधिकारी अहमद रसिदी मुल्ताकको नक्कली नामबाट शाहका अन्धभक्तिका लेख छपाउँछन् भन्ने कुरा जनता अञ्जान पनि थिएनन् । पर्सियाबाट राजतन्त्र उखेल्ने आन्दोलन त्यही अन्धभक्त लेख हुन यस्तै कुराले साथ दियो ।

पत्रिकामा सम्माननीय धर्मगुरु विरुद्धको लेख छापिएको भोलीपल्ट जनवरी ८ (डेय १९, १३५६) मा लेखको विरोधमा कोमका विद्यार्थीले कक्षा बन्द गरे । पह्लवीको मृत्यु – साँझको आजाम मस्जिदको प्रार्थना सभामा नयाँ नारा लाग्यो । प्रार्थना सभाको सट्टामा, मध्येरातसम्म गोलाबारी भयो, कैयन मारिए । प्रार्थना सभाको कत्लेआमको समाचार सोही दिन नाजाफ पुग्यो र खुमेनीको बक्तव्य आयो । परम्परागत सिया संस्कृतिमा कुनै नागरिक शहिद भएको चालीसौं दिन इरानमा शहिद दिवस अर्बाईन मनाउने चलन थियो, त्यस पछिका हरेक चालीसौं दिन शाहका फौजले अर्को चालिसौं दिनका लागि शहिद बनाइदिन थाले – १९७८ फरवरी २० (बहमान २९, १३५६), मार्च ३०, मे ११ आदी । परिणाम यति खतरापूर्ण भयो की मे ११ को शहिद दिवसको उग्र हिंसात्मक विरोधले गर्दा शाहले पूर्वीयुरोप भ्रमण नै रद्द गर्नु पर्‍यो । प्रार्थना सभा र शहिद दिवसको नारा सामान्य थिएः 'शाहको मृत्यु खुमेनी दीर्घायु रहून', 'कोम र तार्बिजका शहिद अमर रहून' ।

पैतीस हजार सैनिक कार्यरत रहेको र कर्मचारी नै दुई हजार भएको दूतावास चलाएका अमेरिकी राजदूतले केबल पठाए – 'यो चालीस दिने शहिद दिवस भनाउँदो विरोध कार्यक्रममा साम्यवादी वा ठूला मान्छे कोही छैनन्' ।

पह्लबी सम्पादित शाही लेखको चार सयौं दिन इरानबाट राजतन्त्र औपचारिक तवरमा नै पाखा लाग्यो, दशौं शहिद दिवसका दिन पारेर ।

प्रार्थना सभाको विरोध मुलुकभर फैलिए पछि शहन्शाहले चाहीँ आफू अझै सर्बशक्तिमान भएको देखाउन हाजीको कपडामा आफ्ना फोटो छपाएर लगाउन लगाए । पह्लबीबाट अल्लाहलाई होच्याउने गरी विगतमा कैयन काम भएकै थिए, हाजीका कपडामा शाहको फोटो छापिनु अरु मुलुकका मुसलमान र कुनै हाजीलाई पनि स्वीकार्य थिएन ।

पुत्केको बांस, अचानो मुनी भने झै इरानी जनताले सरकारी निकायमा मनपर्दी भोग्नु पर्दथ्यो, घुसखोरी संस्थागत थियो । पह्लबी परिवारको आशिर्वाद पाएका र आसेपासे बाहेक अरु सरकारी पद पाउन सक्दैनथे, त्यसैले घुसखोरीको विरोध सम्भव थिएन । परिवारको एक जना पक्राउ परेमा पूरै परिवार नै साम्यवादीको पगरीमा सखाप गरिने हुनाले कसैबाट कुनै प्रकारको विरोधको सम्भावना नै थिएन । प्रजाको स्तर दास सरहको कठीन र दुरुह थियो । पश्चिमा शैलीको शहर विकास भन्दै सल्तनावादमा नयाँ घरहरु सहितको शहर विस्तार हुदैथियो, अनुमति नभएका इरानीले पनि घर किन्न पाउँदैनथे ।

पढे लेखेका र शहरी सर्बसाधारणले कम्पनी खोल्न वा कुनै वस्तु आयात गर्न विभिन्न सरकारी निकायबाट स्वीकृति लिनु पर्दथ्यो, गाउँलेलाई कम्पनीबारे थाहा पनि थिएन । पहिलो कुरा त स्वीकृति दिने निकायमा या त फोसामा शेयर दिनु पर्दथ्यो या नखत, दोश्रो स्वीकृतिपत्र हात लाग्नु अगावै राजकुमारी अस्रफ र उनका छोरा शाहरामले भनेका मान्छेलाई कम्तिमा दश प्रतिशत शेयर दिनु अनिवार्य थियो ।

पह्लबी परिवार र आफन्तका जुवाघर सञ्चालनमा थिए, इस्लामी संस्कृतिको सोझै विरुद्धमा । परिवारमा सम्पति एकत्रित गर्न सामाजिक कामको नाममा १९५० मा पह्लवी फाउन्डेसन नामको संस्था स्थापना गरिएको र फाउन्डेसनको नाममा ठूल्ठूला जग्गा तथा भबनहरु सहितको खरबौंको सम्पति एकत्रित गरिएको थियो । पह्लबी शाहकी जुम्ल्याहा बहिनी अस्रफ त १९६० मा सुटकेसमा हेरोइन लिएर गएको अवस्थामा जेनेभामा पक्राउ नै परेकी थिइन, मध्यपूर्वको लागु पदार्थकी त उनी महारानी थिइन् ।

पह्लबी परिवारमात्र मनपर्दी र भ्रष्टाचारमा सम्लग्न थिएन, निजी व्यवसाय र विदेशीको पनि उत्तिकै योगदान थियो । पश्चिमी शैलीको शिक्षा दिन खोलिएका फराहनाजमा रहेको मेरियम स्कूल वा मोबारकवादको उत्तरी छेउको द अमेरिकन स्कूल (तास) वा डावुडेअको दक्षिणको सेन्ट लुइस कलेजमा इरानीका लागि प्रतिष्पर्धात्मक भर्ना लिइन्थ्यो । प्रतिष्पर्धात्मक परीक्षा, त्यो पनि एक कक्षाका अन्जान विद्यार्थीको । प्रतिष्पर्धामा शाहका आशिर्वाद पाएका कर्मचारी वा क्रिस्तान वा दरबारियाका सन्तानको नाम निस्कन्थ्यो, सर्बसाधारणका सन्तानको नाम निस्कदैनथ्यो, फाराम भर्दाको रियालमात्रै खर्च हुन्थ्यो । पवित्र उद्देश्य भएको रेडक्रेसेन्ट जस्तो पवित्र संस्था पनि मोर्बारिद दरबारमा बस्ने शाहकी दिदी शाम्स ओल मुल्क पह्लवीको नेतृत्वमा थियो ।

पारी गाउँ वा वारी गाउँका हुन, सिया हुन वा अरु, समग्र इरानी गरीब तथा साहाराविहिन थिए । पश्चिमी मुलुकहरु खासगरी डेनमार्क, स्वीडेन, न्युजिल्यान्डका अनुदान कार्यक्रम चाही अल्पसंख्यक जातिका लागि भनि कुर्द अजरी जस्ता जातिगत समूहमा खर्च हुन्थ्यो । परिस्थिती उही गरिबी उही, नाममात्रकै भए पनि वैदेशिक सहयोग चाही जाति समूह छानिछानी खर्च गरिए पनि बहुसंख्यक सिया गरिब नतमस्तक थिए ।

पवित्र उपवास रमजान १९७८ अगस्ट ५ बाट शुरु भए पछि कोम र अरु शहरका गुरुकुल र विद्यालय बन्द भए – विद्यार्थीहरु विभिन्न शहरमा छरिए । पवित्र रमजानकै बीचमा अगस्ट १९ मा अबादानको रेक्स सिनेमा हलमा आगो लगाइयो र ३७७ जना जलेर मरे, सयौं घाइते भए । प्रकाण्ड अग्निकाण्ड जासुसी सेनाको काम ठानियो र शुरु भयो इन्क्लाबे इरान।

पवित्र उपवासमा छरिएका विद्यार्थी र सेवाकको मनपरी गोलाबारीले प्रधानमन्त्री अमुजेगार आजित भए, अगस्ट २२ मा राजिनामा ठोके । प्रधानमन्त्रीमा सरिफ इमामी यही भद्रगोलका भूमरीमा खडा गराइए । प्रधानमन्त्री इमामीले पहिलो कामको रुपमा राष्ट्रिय एकताका लागि भनी दुई वर्ष अगाडी चलेको कुरु पात्रो खारेज गरी पुनः हिजरी सम्वत् चलाए, मुसलमानलाई शान्त राख्न । पवित्र रमाजान समाप्तीको इद उल फितर्मा जम्मा भएका इरानीले सेप्टेम्बर ७ मा तेहरानमा पाँच लाख जतिले विसाल प्रदर्शन गरे र भोलीपल्टलाई झालेअ स्वायरमा भेला बोलाए । प्रशासनले प्रदर्शनकारी रोक्न कर्फ्यु लगायो, तेहरान लगायतका ११ शहरमा । प्रदर्शनकारीले तेहरानका तेल कारखाना तोडफोड गरे र नयाँ नारा लगाउन थाले – 'अमेरिकी फिर्ता जाऊ' । पह्लबीतन्त्रको अन्त र इस्लामीतन्त्रको जनभावना यसरी बढ्दै गयो कि नोबेम्बर २७ को कृष्ण पक्ष द्वादशीको चन्द्रमामा खुमेनीको अनुहार देखिने चर्चाले मुलुक भरी त्यो रात रुवाबासी र जाग्राममा बित्यो, भूमिगत साम्यवादी टुदेह दलका समर्थक सहित् ।

प्रशासनको कर्फ्युकै बीचमा प्रदर्शन बढ्दै गयो, गोलाबारी भयो । प्रशासनले कर्फ्यु नलगाउन्जेल जनता घरमा हुन्थे, कर्फ्यु लागे पछि सडकमा निस्कन थाले, डिसेम्बर १० र ११ मा तेहरानमा एक करोड जतिको संख्यामा । प्रशासनको कर्फ्यु खुलेको बेला साग तरकारी किन्ने कर्फ्यु लागे पछि सडकमा निस्कने क्रम शुरु भयो । प्रहरी र प्रशासनको कर्फ्यु लगाउने वा हेलिकोप्टर उडाउने काम त आन्दोलनकारीलाई सडकमा आमन्त्रण गर्नु सरह हुन थाल्यो ।

प्रदर्शनकारीले शाह विरुद्ध नयाँ अस्त्र चलाए – नाइटी तक्बिर अर्थात राती बत्ति निभाउने । प्रदर्शनीमा नाइटी तक्बिरको जबर्जस्त प्रभाव महिनौंसम्म तन्कियो । प्रदर्शनमा भाग लिएकाको घर होस् की प्रहरीको घर होस्, शहरका घरहरुमा बत्ति निभाइए, सडक बत्ति फुटाइए । प्रदर्शनकारीले बत्ति बलेका जति सरकारी कार्यालय या पश्चिमीका निवास या चर्च या शाहका मान्छेका घरमा चाही ढुंगा बर्साइए । प्रशासनले लगाएको कर्फ्युभन्दा जनताको नाइटी तक्बिर प्रभावशाली हुन पुग्यो, बत्ति निभाउँछन् र छतमा वा सडकमा नारा लगाउँछन् – अल्लाहु अकबर ।

परिवर्तनका लागि मुलुकभित्र भैरहेका आन्दोलनको मूख्य उत्प्रेरक निर्वासित खुमेनी थिए । प्रवासबाट पसेका उनका प्रवचन र वक्तव्य रगत उमाल्ने गरी इरानी जनताका नसामा सञ्चार सिर्जना गर्दथे । प्रवचनको प्रभावबाट इरानी जनतालाई टाढा राख्ने हो भने खुमेनीलाई नजाफमा राखिराख्नु उचित नभएको शाही मूल्याङ्कन अनुसार शाहको अनुरोधमा सद्दामले खुमेनी निस्कासन गरे, फ्रान्स । पन्छाउन त पन्छाइयो, तर शाही विरोधको

अन्तराष्ट्रियकरण गर्न इराकभन्दा फ्रान्स उपयुक्त थलो थियो । पलपलमा शाह विरोधी भाषण फ्रान्सको नफ्ले चतेउका सडकमा जम्न थाल्यो, नगरको नाम नै चम्किन थाल्यो । पवित्र शहर नाजाफ इराकी प्रशासनको निगरानीमा थियो । पत्रिकामा लेख लेख्न वा वक्तव्य दिन कठीन थियो । प्रवचनका गोप्य क्यासेटहरु गोप्य तरीकाले नै इरान पुग्दथे । पश्चिमी मुलुक फ्रान्समा यस्ता प्रतिवन्ध थिएनन्, खुला आधुनिक समाज थियो । प्रवास परिवर्तन गरी फ्रान्स जान दिनु त झन रेडियोको समाचार कक्षमा थुने जस्तो भैदियो । पर्सियाली परिवर्तनबारे खुमेनीका अन्तर्वार्ता विश्वभरका टिभि, रेडियो र पत्रिकामा दैनिकै देखिन थाले । पह्लवीका लागि यो निस्काशन त तावाबाट फुत्केर भुँग्रोमा सरह भयो ।

१९७८ नोभेम्बर ४

प्रवासी अयोतोल्लाहको प्रवचनका पक्षमा भएको आशंकामा सैनिकले विश्वविद्यालयको मूल गेट बन्द गरेर भित्र भएका हजारौ विद्यार्थी कुटे, घाइते बनाए, केही मारिए । पढाइ गरिने विश्वविद्यालयमा सैनिक भित्रन थाले पछि भने कर्मचारी, कामदार, गृहणीहरु विद्यार्थीसँगै आन्दोलनमा आउन थाले । पवित्र रमजान पछि विद्यालय खुले पछि त दशौं लाख शिक्षक विद्यार्थी सडकमा थपिए । प्रभावहिन इमामीको सरकार अढाइ महिना नपुग्दै नोभेम्बर ६ मा बर्खास्तगीमा पऱ्यो । पह्लबीबाट खतरनाक सैनिक जनरल गुलाम रेज्दा अजारीलाई सैनिक सरकारको प्रधानमन्त्री बक्सिस भयो ।

पछौटे इरानीले के पो गर्न सक्लान र भन्दै यो अपूर्व जनआक्रोसको अमेरिकी विदेश मन्त्रालय तथा सिआइएले सधैं नजरअन्दाज गरिरह्‍यो । परिवार सहित बसेका अमेरिकीहरु घर बाहिर निस्कन नसक्ने अवस्था भएकाले इरान छाड्न थाले । परीक्षा पछि बन्द रहेको तास स्कूल अन्तिम चोटी डिसेम्बर ६ मा बन्द गरियो । परिवारै भागाभाग हुने थाले, स्कूले बच्चाहरुलाई हवाइ अड्डामा हात हातमा काँध काँधमा राखेर विमानमा छिराइन्थ्यो । पह्लबीको सहयोगका लागि राखिएका भनिएका सैनिकको संख्या क्रमसः घटाउँदै अन्तै लगियो, अधिकांश पश्चिम जर्मनी । पत्लुन झरिसक्दा पनि शाहको विकल्पमा शाह नै हुन भन्नेमा अमेरिका प्रष्ट थियो । परिवर्तनकारी इरानीले चाँही हिसाव निकालेका थिए, कार्टरले इरान शव्द उच्चारण गरेको भोलिपल्ट दर्जनौं मारिन्छन् ।

प्रधानमन्त्री अजारीको सैनिक सरकार दुई महिना पनि टिकेन । प्रधानमन्त्रीमा नेशनल फ्रन्टका थोरै उदारवादी स्वभावका शापुर बख्तियार १९७९ जनवरी ३ मा नियुक्त गरिए, जसका बाबुलाई शाहले नै हत्या गरेका थिए । प्रधानमन्त्री बख्तियारलाई हरतहरले सहयोग गर्नु अत्यावसेक थियो, कम्तिमा उनको कार्यकालमा राजतन्त्र

त बच्चद्थ्यो । पह्लबीको परमभूल, सैनिक सरकार हटाएको विरोधमा सेनाका मान्छेले र दलका नेता भएकाले शाहका मान्छेले बख्तियारलाई सहयोग गरेनन्, दरबार र सेनाको सहयोग बेगर केही गर्न सकिने अवस्था पनि त थिएन – बख्तियार नोकरे बी अख्तियार (बख्तियार शक्ति नभएका नोकर) भनिन थालियो । प्रवासमा रहेका खुमेनीले 'झुठा देवताको आदरसरह' भन्दै बख्तियारको सरकारलाई गैरकानून करार गरिदिए । पार्टीहरुको समूह, इरान पार्टी र नेसनल फ्रन्टबाट पनि बख्तियार हटाइए, उनलाई दलहरुकै पनि सहयोग रहेन । पह्लबी सत्ता जोगाइदिन सेना र शाहका मान्छेको सहयोग जुटाइदिने सिआइएको प्रयाशले पनि खासै उपलब्धी देखाएन । प्रदर्शनको उग्रताका बेला कतैबाट सहयोग नपाएर एक्लै परेको बख्तियारको सरकारले शहरहरुमा इन्धन तथा खाद्यान्न पानी समेत् आपूर्ति गराउन सकेन । प्रधानमन्त्रीको सबैभन्दा उत्तम काम चाही राजबन्दि रिहा, प्रेश प्रतिबन्ध खुल्ला, रक्तरञ्जित गुप्ती पुलिस सावाकको खारेजी, तीन महिनाभित्र संविधान सभाको चुनाउ गर्ने घोषणा, खुमेनीलाई स्वदेश आगमनको अनुमति र स्वागतका लागि मेहरावाद हवाइ अड्डा खोल्नु रह्यो ।

पाँच हप्ता र दुई दिन चलेको बख्तियार□ सरकार १९७९ फरबरी ६ मा बाजारगनको आन्दोलनकारी सरकारले प्रतिस्थापन गऱ्यो । प्रधानमन्त्री बाजारगनको नाम प्रस्ताव गर्दै खुमेनीले उनको सरकार सरिया कानून बमोजिमको सरकार भएकाले कसैले अनादर गरेमा सरियाको अनादर मानिने घोषणा गरिदिए । पहिलो अन्तरिम सरकार स्थापना भए पछि भने सेनाका समूहहरु तितर बितर भए । पहिलो पटक, फरवरी १० मा सैनिक पोसाकमै रहेका एअरफोर्स अफिसरले कोममा खुमेनीको घर अगाडी आफूहरुले जनआन्दोलन परिषदलाई सहयोग गर्ने बाचा गरे । प्रदर्शनका विषयमा अबदेखि आफू तटस्थ बस्ने घोषणा गऱ्यो, सेनाको सम्पूर्ण नेतृत्वले फरवरी ११ मा । पह्लबी राज विरुद्धको इरानी जनताको त्याग अनुरुप बडामहाराज शहन्शाह आर्यामेयरको हुकुमको सटिक जवाफ दिए, राजतन्त्र उखेलिदिएर ।

धर्मो रक्षति रक्षितः

१९७८ जनवरी १६

स्वाभिमानी जनताको आन्दोलनको तापमा टिक्न नसकेका शाह रेज्दा पह्लवीले मुलुक छोडे आन्दोनलकारी मध्येकै सापुर बख्तियारलाई प्रधानमन्त्री र बेग्लै राज्य परिषद् बनाएर । शहन्शाह मोहम्मद रेज्दा पह्लवी अकर्मण्यताका धनी तानाशाह भएर पनि सानो बट्टामा इरानको माटो बोकेर इजिप्ट लाग्नु अगाडी हवाइ अड्डा आफू धेरै थाकेकाले केही आराम गर्न जान लागेको र आफ्नो सरकारले सफलतापूर्वक काम गर्ने उद्‌घोष गरे । शाहबानुसंग भागेका शाहले आफ्ना सन्तान अघिल्लै दिन अमेरिका पठाइसकेका थिए ।

शाह भाग्नमा अनुभवी थिए – आन्दोलनकारीको माग शाहको पटक पटकको बहिर्गमन वा प्रत्यार्पणमात्र थिएन । स्वाभिमानको शुरुवात थियो, कम्तिमा पनि । सार्वभौम सत्ताको पुनर्स्थापनाको थियो । शाह पुच्छर लुकाइ भागे पछि मुलुकका दिशानायक खुमेनीको माग आन्दोलनकारीमा बढ्दै गयो ।

सादा विचारका धर्मगुरु खुमेनीको विचाराधारा हजारौं लाखौंले जान्दथे । सिया धर्मगुरु सो सम्प्रदायको इमाम पद्धतिका सम्माननीय व्यक्ति थिए, कतिले हजरतका वंशज मान्ने । सरियत र मदरसा गुरुकुलमा उनको उच्च अध्ययनका कारण उनी अयातुल्लाह हुन भन्ने कुरा इस्लाम वा पश्चिमा सबैले खुसिसाथ स्वीकार्दथे । शाह वा शाहवादीहरु पनि राजनैतिक वैरभाव बाहेक खुमेनीप्रति आँखा उठाउन सक्दैनथे, उच्च सम्मान गर्दथे । शंका वा अन्य फाइदाका कारणले खुमेनीलाई अरु जति दोष लगाए पनि बेलाइती, भारतीय वा सोभियतहरुका संगतमा परेर इश्लामप्रति गद्दारी गर्दछन् भन्नेमा कुनै सिया मुसलमान सोच्न पनि सक्दैनथ्यो वा अझ भनौ सियाप्रति वैरभाव भएका अन्य मुसलमान तथा गैरइस्लामी पनि खुमेनीको धर्माचार र देशप्रेममा कुनै नकारात्मक कुरा सोच्न सक्दैनथे । सरियतलाई नै जीवन पद्धित मान्ने उनी कोम र नाजाफ जस्ता धार्मिक शहरका सम्माननीय धर्मगुरु थिए, अयातुल्लाह थिए । षड्यन्त्रात्मक लेखक तथा लेख्न लगाउने शाहको अल्पदृष्टिले म ताक्छु मुडो बन्चरो ताक्छ घुडो भने झैं अधिकारविहिन इरानी युवाको रगत भकभक उमालिदियो । शरिरका रौं ठाडा बनाइदियो । षड्यन्त्रकारी त्यो लेखक नक्कली हो शाहको कर्मचारीले छद्म नाममा छपाएको हो भन्ने हल्लाखल्ला भयो । शाहको निस्काशनको माग अग्नी ज्वाला सरह लपलपाउँदै चर्कदै गयो, खुमेनीको माग र स्वदेश फर्कन दबाव पर्दै गयो ।

१९७८ फरवरी १

सम्माननीय धर्मगुरु सइद् रुहोल्लाह मोसावी खोमेनी निर्वासनका अन्तिम ११७ दिनको फ्रान्स बसाइ पछि स्वदेश फर्के ।

सडकमा पचास लाखभन्दा बढी इरानी निस्केर उनको स्वागत गर्न पाउँदा आफूलाई गर्वित महशुस गरे । शहरका घर र पर्खालका आकारमा उनका पोस्टर सिंगासिङ्गै सजाइएको थियो । सबैले आफ्नो स्वाभिमान फर्केको महशुस गरे । सार्वभौमसत्ता जनतामा आएको अपनत्व पाए – आजाद् उमिद् इमाम ।

सरियत नै मान्छेको जीवनको मूल कानून भएकोमा स्पष्ट धर्मगुरु खुमेनी मदरसा गुरुकुललाई शिक्षाको आधार मान्दथे । सियाहरुका अति सम्माननीय धर्मगुरुमा बदलाको भावना थिएन । शाहको षड्यन्त्रले निर्वासनका चौध वर्ष पछि फ्रान्स एअरको चार्टर्ड उडानमा तीन सय पत्रकारसँग स्वदेश फर्केका धर्मगुरुले बदलाभावको सट्टा निर्वासनको केहि पर्वाह गर्दिन भन्दै बोले – 'हिचि' । प्रश्नमाथि प्रश्न थपिए पछि अलि लामो बोले – 'हिचि एअसासी नडारम'– 'म केही नराम्रो देख्दिन' ।

शाहले लालमोहर दिएकाले मुलुकको मूख्य राजनैतिक शक्ति राज्य परिषद्मा थियो । शाही सेना कार्यरत नै थियो, कानूनी रुपमा कुनै परिवर्तन भएको थिएन । सरासरी जाने सरासरी आउने बानी परेका शाह त जुनै बेला दरबारमा देखिन सक्दथे, भएको थियो त केवल खुमेनीको स्वदेश आगमन ।

सशक्त र जुझारु भए पनि युवाहरुलाई यस्ता कानूनी कुराको कुनै ज्ञान थिएन । शाहको राज्य परिषद्ले जुनसुकै बेला शाहको फिर्ती गराउन सक्दथ्यो । सरकारी सेना र शाहका जासुस सैनिकले जुनसुकै बखत घरडेरा खानतलासी गर्न सक्दथे किनकि राज्यको वास्तविक शक्ति त हस्तान्तरण भएकै थिएन । शाहबादीहरु त केवल ताक खोजिरहेका थिए । शाहले आन्दोलनकारीबाटै छानेका भनिए पनि जनता तथा खुमेनीको नजरमा प्रधानमन्त्री बख्तियार पनि खासै क्रान्तिकारी व्यक्ति थिएन । शक्तिको वास्तविक हस्तान्तरण नभएको तातो अवस्थाको बुझ्रुकहरुलाई चेतना पलाइ रहेको थियो ।

१९७९ फरवरी ११ (१३५८ बहमान २२)

समग्र प्रहरी बललाई चाकरीमा लिप्त बनाइएको थियो कुनै पनि काम फत्ते गर्न सक्ने अवस्थामै थिएन । शाही सेनालाई भिड नियन्त्रणको तालिम थिएन – त्यो त सोभियतहरुसँग भिड्न अमेरिकाले बनाइ दिएको सरदारको फौज थियो । शाहको व्यक्तिगत जासुसी सेना सेवाक पनि गुप्त मारकाट बाहेक भिड नियन्त्रणका काम जान्दैनथ्यो । समस्या पर्दा भिड नियन्त्रणको कुनै उपाय राज्य संयन्त्रमा थिएन । सही कि गलत, यही मेसोमा कता कताबाट शाही सेना र हतियारधारी मिलिसियाबीच तेहरानको बीच सडकमा नै युद्ध छेडियो । सरकारी हतियार

कारखाना आन्दोलनकारीले कब्जा गरी पचास हजार जति मेशिनगन कब्जा गरे । शाही सेनाका हतियार शाही सेनातर्फै फर्कियो – पूरै तेहरान उर्ल्यो । सैनिकका तेहरान बाहिनीपति मेहदी रहिमीले हतियार सहितका लाखौं नागरिक सडकमा देखे र आफ्ना तीस हजार जवानलाई ब्यारेक फिर्ता बोलाए । शाही जासुसी सेनासँगको केही घण्टाको हतियार गोलाबारुदको जगजगि पछि शाही सेनाले हार स्वीकार गऱ्यो । सेनाले अपरान्ह दुई बजे आफू वर्तमान राजनैतिक घटनाक्रममा तटस्थ बस्ने घोषणा गऱ्यो । शाहको शक्ति सकियो – अन्तरिम सरकार गठन भयो, मेहदी बजारगनको नेतृत्वमा । सरकारी कार्यालय तथा राजप्रासाद, रेडियो स्टेसन, टिभि स्टेसन आन्दोलनकारीको नियन्त्रणमा गयो । शक्ति एकत्रित भयो – खुमेनीको नेतृत्वमा ।

सोभियत र बेलाइतीसँग मिलिभगत गरी आफ्नै स्वाभिमानी पिता बेचेर शाह सत्तामा आएका थिए । शासनका अठतीस वर्षमा पनि उनले धर्म, समाज, मुलुक, मानवता, कुनै पक्षमा पनि सहि भन्न लायक कुनै काम गरेका थिएनन् – आफूलाई कहिले शहन्शाह त कहिले आर्यामेहर बनाउने बाहेक । समाज नगन्ने, विदेशी सुन्दरी र सोमरस खोज्ने, विधर्मी तथा विदेशी स्वास्नी भित्र्याउने जस्ता उट्पट्याङ्ग काम हुँदाहुँदै पनि त्यतिबेलाका अन्य मुलुकका चलन जस्तो शासकको शिरच्छेदन भएन । शाह भाग्नाले अढाइ हजार वर्ष भनिएको राजतान्त्रिक यात्राको अन्त भयो । संसारमै पहिलो इस्लामिक गणतान्त्रिक व्यवस्था, त्यो पनि जनमत संग्रहबाट सुत्रपात भयो ।

शाही शासनमा डाडु पन्युमा रमेका वा सेफिद्हरुको घिऊ खाएकाहरु मुलुकबाट पलायन हुन थाले । शाहको शासनमा भ्रष्टाचारमा लिप्त भएकालाई इरानमा टिक्न गाह्रो पर्न थाल्यो – पश्चिमी संस्कारी वा तिनलाई समर्थन गर्नेहरु स्वाट्टै घटे । स्वाभिमान जोगाउन गोरा सेफिद् खासगरी अमेरिकीहरुको विरोध राज्यको शान हुन थाल्यो । सार्वभौमसत्ताको मूख्य आधार इरानी जनता भएता पनि अमेरिकीहरुको विरोध नै राष्ट्रियताको मूल आधार बन्न थाल्यो – अमेरिका मूल सैतान, सोभियत कममूल सैतान, इजरायल सानो सैतान ।

**

जनमत बेगर कुनै ठूला निर्णय नगर्ने नीति अनुसार शाह हटाइ इस्लामी सरकार गर्ने वा शाह नै कायम राख्ने एकसुत्रीय एजेन्डमा जनमत संग्रह भयो – मार्चको अन्तिम दुई दिन । जनताले मतदान मार्फत शाही राजतन्त्र हटाई इस्लामी सरकार बनाउनु ठीक छ भन्ने अन्ठानब्बे ठीक छैन भन्ने सयकडा दुई गरी मतदान गरे । जीर्ण राजतन्त्र त जनवरी १६ मा हवाइ अड्डामा क्यामेरा सामुन्ने अरुलाई जुत्ता लगाउन लगाएर अनुभवी भगौडाकै साथ लागिसकेकै थिए । जुइनु समेत् राजतन्त्रको जरो त जनताले पनि फरवरी ११ मै राजतन्त्र पनि फालिसकेका थिए । जूहीको फूल फुलाउने जनमत संग्रह त वैधानिकताका लागिमात्र थियो – जनअनुमोदन प्राप्त गर्ने ।

छलकपटले भरिएको शाहको शासन र राजतन्त्र वास्तविक रुपमा अन्त भएको तीन दिन पछि, १४ फरवरी १९७९ मा आन्दोलनकारीमध्येको एक इरानी फेदाइने काल्क नाम गरेको गुरिल्ला संगठनले तेहरानमा रहेको अमेरिकी दूतावासमा धावा बोल्यो र सैनिक सहचरी केनेथ क्राउसलाई कब्जामा लियो । छिमेकी मुलुक अफगानस्तानको काबुलमा रहेका अमेरिकी राजदूत एडल्फ डब्टको आतङ्कि समूहले अपहरण गरी त्यसै दिन हत्या भएको थियो – बन्धक छुटाउने वार्ताको टेबलमै सोभियत केजिवीको योजनामा गोली चलाएर राजदूत छुटाउन खोज्दा । छिमेकी मुलुकमा आफ्ना राजदूत मारिएको जानकारी पाए लगत्तै तेहरान दूतावास पनि कब्जा भएकाले अमेरिकी राजदूत विलियम सुलेभानले आफ्ना कर्मचारीको सुरक्षाका लागी बुद्धिमत्तापूर्वक आत्मसमर्पण गरे – उनी आफै चाही शाहको निरन्तरताका लागि अमेरिकी सहयोग पुऱ्याउन अरुलाई हटाइएको ठाउँमा आएका व्यक्ति थिए । छ वर्ष अगाडि १९७३ फरवरी १० मा, अर्को छिमेकी पाकिस्तानमा रहेको इराकी दुतावासमा पाकिस्तानी प्रहरी प्रवेश गरी बेलुच विद्रोहीलाई उपलब्ध गराउन राखिएका हतियार कब्जा गरी राजदूत हिक्मत सुलिइमानलाई देश निकाला गरेको थियो । छरछिमेक र इरानकै घटना अनुसार यतातिर दूतावास कब्जा सामान्य घटना हुन सक्ने हुनाले उनको आत्मसमर्पण बुद्धिमत्तापूर्ण निर्णय थियो ।

चमत्कारिक रुपमा भएको दूतावास कब्जामा जनपरिषद् सहमत थिएन, विदेश मन्त्री इब्राहिम याज्दीको पहलमा सरक्क दूतावास फिर्ता भयो – तीन घण्टा पछि । चाबी फिर्ता चाँही तीन घण्टामै गरेको फेदाइने काल्कले अपहरण गरेका केनेथ भने आफैंसँग लग्यो, छ दिनसम्म – भ्यालेन्टाइन डे ओपन हाउस भनिने घटनामा । चिनिया वा सोभियत कुनै पनि ढाँचाको साम्यवादी व्यवस्थाका लागि इरानी आन्दोलनकारी सहमत थिएनन, अन्तरिम परिषद् कुनै कुटनैतिक दूर्व्यवहार सहन गर्न चाहदैनथ्यो । चीरकालसम्म शान्तिका लागि विवाद र कब्जा होइन, विदेशी र विदेशी लगानी आवश्यक थियो र फरवरी घटना तत्काल समाधान भएको थियो ।

**

इरान छोडेर पटक पटक भागेका शाहलाई अमेरिकीहरुले सत्तामा पुनर्स्थापना गरेका थिए – पटक पटक । इरान फर्के पछि शाहले कत्लेआम चलाएका थिए – हरेक पटक । इमामको लाइनको आन्दोलनको रापमा यस पटक पनि जनवरी १६ मा राजा मुलुक छोडेर भागेका हुन । इमामको कत्लेआम गराउन शाह चुप बस्दैनन् वा उनी चुप बसे पनि सिआइएले कुनै तवरले उनलाई इरान ल्याइ छाड्छ भन्नेमा इरानीहरु एकमत थिए – शाहका पक्ष वा विपक्ष दुवैतर्फका । इरानभित्रै पनि शाहले अमेरिकी सेनाका बटालियन मात्र राखेका थिएनन्, अमेरिकी सैनिक अदालत, हतियार र तालिमको एकल श्रोत पनि अमेरिकै थियो । इरानले लिन बाकी सैनिक उपकरण,

स्पेयर्स पार्टस्, गोलाबारुद, तालिम जस्ता कामका लागि बाह्र अर्ब डलर त अमेरिकामा पेश्की पठाएका थिए । इरानी हुकुमद्को ढड्डामा त पेश्की तेह्र अर्ब डलर देखिरहेको थियो ।

इरानबाट भागेका शाह इजिप्ट पुगेर शुरुमा अनवर अल सदातको आतिथेयका रुपमा अस्वानमा बसे, मोरोक्कोका राजा हसनका पाहुना बन्नु अगाडिसम्म । इरानी आम्दानीबाट लुकाइएको एघार करोड डलरको व्याज नलाग्ने सापट शाहले मोरक्कोका राजालाई दिलाएका थिए, शाह त्यो रकम फिर्ता पाउने आशमा मोरक्को पुगे, औपचारिक सम्मान रहित बसाइका लागि । इरानीले धपाएका शाहको सम्पति दुई अर्ब डलर भएकाले आफूकहाँ बस्ने हो भने हामीलाई पनि भाग चाहिन्छ भन्ने कुरा गाईंगुई शाहको कानमा पऱ्यो, भूतपूर्व शाह सतसठ्ठियौं दिनमा मोरक्कोको जेनालाल कबिर दरबारबाट रकफेलर र किसिञ्जरको सहयोगमा बहमाज भागे ।

इरानमात्रै होइन संसारकै शहन्शाह बनेका शाहको स्वास्थ्य समस्या बल्झिएको समाचार आउन थाले । इमर्जेन्सी उपचारका लागि बहामाजबाट मेक्सिको दाखिल भए, अमेरिकी भूतपूर्व राष्ट्रपति निक्सनसँग भेट पनि मिलाइयो । इरानको राजदूतमा सिआइए प्रमूख तथा पह्लबीका सहपाठी रिचार्ड हेल्म्सलाई पठाइ खाडी क्षेत्रकै तैनाथी गराएका निक्सनले शाहलाई भेट्नु सामान्य कुरा थिएन । इरानी राजतन्त्र अन्त्यको जनमत संग्रह पछि पनि राष्ट्रप्रमूख शाहकै रुपमा निक्सनले भैट गर्नु र त्यही मौकामा अमेरिकी चिकित्सकबाट स्वास्थ्य जाँच गरिनु असामान्य कुरा थियो । इलाजका लागि पह्लबीलाई सुविधासम्पन्न अस्पतालमा पित्तथैलीको पत्थरी भरिएकाले तुरुन्तै शल्यक्रिया हुनुपर्ने सुझाव दिएको पनि प्रश्नयोग्य विषय थियो ।

उचित इलाजको नाममा पित्तथैलीको शल्यक्रियाका लागि मेक्सिको उपयुक्त ठानिएन । उनलाई मेक्सिकोमा नै उपचार गराउँदै अमेरिका प्रवेशको अनुमति माग चलिरह्यो । उनी मेक्सिकोमै रहँदा पह्लबीलाई तुरुन्तै बढिरहेको क्यान्सर भएको कुरा पत्ता लाग्यो – स्विटजर्ल्यान्डमा उपचार गर्ने भनिएको पनि सुनियो । उसै पनि राष्ट्रपति जिम्मी कार्टरको सरकारले इरानको अवस्था हेरेर 'शाह'लाई तत्काल अमेरिका प्रवेशको अनुमति दिन चाहेको थिएन, तेहरान दूतावासले पह्लबीको अमेरिका यात्राको लगातार विरोध गरिरहेको थियो । उच्च तहका अमेरिकी चाही 'शाह'कै पक्षमा थियो – कम्तिमा सिआइए सिंगै थियो । उपचार अमेरिकामै हुनुपर्ने दवाव बढ्न थाल्यो ।

१९७९ अक्टोबर २२ ।

शाह पदवीबाट छ महिना अघि नै जनमत संग्रहबाट हटाइएका मोहम्मद रिदा पह्लबी अमेरिकी अस्पतालमा भर्ना भए ।

शाह रहँदा उनले इरानी स्वाभिमानको हत्या आफ्नै बाबुलाई बेलाइतीसामु बुझाएर शुरु गरेका थिए । स्वाभिमानी मोशा लोकप्रिय भएको सहन नसकी १९५३ मा देश छोडेर भागेका शाहलाई उनकी जुम्ल्याहा बहिनीको सहयोगमा स्वदेश फर्काइएको थियो । स्वाभिमानी प्रधानमन्त्री मोशालाई सिध्याइएको थियो । शाह कति पटक विदेश भागे गन्न पनि अङ्क गणितको राम्रै शिक्षक चाहिने अवस्था थियो, हरेक पटक अमेरिकी सहयोगमा नै फर्काइएको थियो । शाहकै रुपमा उपचारको बहानामा अमेरिका भित्रनु इरानीहरुका लागि विशेष सन्देश थियो । शाहकै रुपमा अन्य नागरिकका रुपमा पह्लबी अमेरिकी अस्पताल भर्ना भएमा तेहरान दूतावास कब्जा हुनेछ भन्ने लिङ्गेनको सूचनाको जवाफ समेत् कसैले दिएको थिएन । समग्रमा विदेशमन्त्री भान्स बाहेक सबै उच्च अधिकारी शाहकै पक्षमा थिए र केही ढिलो गरेर अमेरिका प्रवेश अनुमति पाए – दूतावास कर्मचारी अचम्मित बनाउने गरी ।

शाह परम्परा नै अन्त गरिएको जनमत संग्रहको अमेरिकी वेवास्ता त छदैं थियो, अझ थपमा त उनको रोगबारे पनि पर्याप्त अस्पष्टता थिए – पहिला पत्थरी, पछि क्यान्सर, त्यो पनि चाँड्चाँडै बढिरहेको भनिएको । शाहको विरोधमा १९७८ को अक्टोवरदेखि नै इरानमा ठूल्ठूला प्रदर्शन भैरहेको देख्दादेख्दै राजकीय भ्रमण गर्दै नयाँ वर्षमा तेहरान पुगेका अमेरिकी राष्ट्रपति कार्टरले शाह बराबरको अर्को कुनै राजपुरुष आजको विश्वमा नभएको सार्वजनिक मूल्याङ्कन गरेको पनि इरानीहरुले सम्झनु पर्ने बेला थियो त्यो ।

शाह विरोधी आन्दोलनको उत्कर्षैकै बखत १९७९ फरवरी १४ मा तीन घण्टाका लागि अमेरिकी दूतावास कव्जा भएको थियो – भ्यालेन्टाइन डे ओपन हाउस घटना । सतचालीस एकडमा तेहरानको मध्यभागमा फैलिएको दूतावासमा त्यस बखत राजदूत स्तरको नेतृत्व र हजारभन्दा बढी कर्मचारी थिए । शाह भागे पछि राजदूत स्टेभेनलाई अमेरिकाले फिर्ता बोलाइ दूतावासमा नयाँ राजदूत पठाएको थिएन । सयभन्दा कम कर्मचारी राखिएको दूतावासमा काम पनि घट्दो थियो, त्यो पनि पारिवारिक सदस्य नभएका मात्रै । शाहको पक्ष लिंदा अमेरिकाको अवस्था कस्तो थियो भने बच्चाहरुको पढाइ वर्षको बीचमा नै पारी माल्टामा रहेका लिंगेनको जापानको कोवेमा पदस्थापन हुने गरी मन्त्रालय सरुवा भएकाले एक्लै भएको मौका परी अकेला हँसता भला न रोता भला भने जस्तै एक्लै भएकै एकल कारण कोवेको सट्टा लिंगेन चार्ल्स डे अफेयर्सको पदमा तेहरान खटाइएका थिए – दूतावास प्रमूख हुने गरी १९७९ जुनमा ।

आन्दोलन पछिको जनमतसंग्रहमा अन्ठानब्बे प्रतिशत इरानीले राजतन्त्र हटाउन मतदान गरेका थिए, अमेरिकाले वास्ता गरेको थिएन । आन्दोलनबाट स्थापना भएको इरानी सरकारलाई अमेरिकाले मान्यता पनि दिएको थिएन । । अमेरिकाले इरानमा शाहको राजनैतिक अधिकार नभएको कुरा मनसा कर्मणा बाचा कतै पनि

स्वीकार गरेको थिएन । अमेरिकी सरकारी कागजातमा इरानको शक्ति शाहकै हातमा रहेको देखाउँथ्यो । अमेरिकी दूतावासको स्तर घटाउँदै जानु, आन्दोलनको मान्यता प्राप्त नहुनु, जनमतसंग्रहको नतिजाबारे समर्थन नगर्नु, शाहलाई अमेरिकामा उपचारको नाममा प्रवेश दिनु, विश्वस्तरका एकमात्र राजनेता भनिएका शाह जस्ता विषय राजनैतिक वा कुटनैतिक रुपमा यसलाई जता अर्थ लगाए पनि हुन्थ्यो । अरुलाई जे अर्थ लागे पनि इरानीलाई त एकमात्र अर्थ लाग्दथ्यो – १९५३ को अवस्था दोहोरिन्छ, अमेरिका शाहलाई पुनर्स्थापना गर्न चाहन्छ ।

अमेरिकी राष्ट्रपति जिमी कार्टरको विश्वसनीयता इरानीमा कति पनि थिएन । अमेरिकी साम्राज्य अकण्टक रुपमा विश्वभर चलाउने चालको रुपमा उनको मानवताको सिद्धान्त हो भन्ने उनीहरुको मूल्याङ्कन थियो । अनौपचारिकरुपमा सोभियतहरुले अफगानस्तानमा कब्जा जमाएका थिए । अमेरिकी कार्टर प्रशासनले पाकिस्तानी मिलिसिया लगाएर अफगानी नेताहरुको हत्या गराइरहेको आरोप लागिरहेको थियो । अमेरिकी सहयोगमै जियाउल हकले पाकिस्तानी प्रधानमन्त्री भुट्टोलाई १९७९ अप्रिलमा फाँसी दिएका भन्नेमा इरानी जनमानसको धारणा थियो । अमेरिकामा रहेको कार्टरको सरकार जोसुकै इरानी नेता वा जनताको जुनसुकै बखत कत्लेआम गराउन सक्दछन् भन्नेमा इरानी एक मत थिए – परिवर्तनकारी र शाहबादी दुवै ।

जसै जसै रिदा पह्लबी बहामाज र मेक्सिकोमा बस्न पुगे, तेहरानमा भने दूतावास वरिपरि इरानीहरुले घेर्न थाले । जहाँ बसेता पनि पह्लबीलाई अमेरिकी अर्बपति रोज पेरेटको अनुपम सहयोग थियो, इरानी यो कुरो जान्दथे । जनतामा निर्वासित भूतपूर्व शाहको बारेमा भएका वा नभएका अफवाहहरु फैलिरहेका थिए – आज यसलाई भेटे रे उह्लाई भेटे रे, अमेरिकाले यसो गर्दै छ रे, उसो गर्दै छ रे, आदि आदि ।

दूतावास कर्मचारीलाई बाहिरबाट हेरेर चिच्याउने वा एकतमास झ्यालमा हेरिदिने काम सामान्य हुन थालेको थियो । दूतावासमा कार्यरत कुनै अमेरिकी कम्पाउन्ड बाहिर निस्कन सक्ने अवस्था थिएन । दूतावास आएका नयाँ कर्मचारी मेहराबाद हवाइअड्डाबाट सिधै दूतावास आइपुग्थे, बजार कता पर्दछ थाहा थिएन । दूतावास कब्जाको फरवरी घटना पछि सुरक्षाका लागि कम्पाउन्ड बाहिर इरानी प्रहरीको निरन्तर गस्ति चल्दथ्यो, अगस्टदेखि गस्ति बढाइयो । दूतावास बाहिर खटिएका प्रहरीले नियन्त्रण कायम गर्न नसकेका बखत क्रान्तिकारी सेनाको एक समूहले पनि केही दिन मद्दत गरेर स्थिति सुधारेर पछि प्रहरीलाई छोडेको थियो । दङ्गाफसाद शैलीमा फरवरीमा जस्तै दूतावासभित्रै आन्दोलनकारी छिरिहालेमा दूतावासको झण्डा झर्न नदिन झण्डा फहराउने खम्बामा ग्रिज लगाइएको थियो, ताकी कोही चढ्न नसकोस् ।

अक्टोबरको शुरुमा संयुक्त राष्ट्र संघीय महासभामा इरानी विदेशमन्त्री याज्दी न्यूयोर्क आउँदा अमेरिकी विदेशमन्त्री भान्ससंग बैठक मिलाइएको थियो, तर बैठकको निश्कर्ष नकारात्मक निस्कियो । अमेरिकाले नयाँ सरकारलाई मान्यता नदिइ शाहकै निरन्तरता चाहन्छ भन्नेमा तेहरानका उच्च पदाधिकारी पनि ससंकित भैरहे । अमेरिकी अधिकारीसङ्गको भेटभन्दा बाहेक नयाँ सरकारको मान्यता र दूतावासको पुनःस्थापनामा त्यो बैठकबाट एक ईंट पनि थपिएन । अमेरिकाप्रति इरानीहरुको शंका अझ बढ्न गयो । अल्जेरियामा नोभेम्बर १ मा बाजारगन र भान्सको भेट भए पछि त इरानीहरु जासुसको गुँडप्रति अग्निकुण्ड नै भए ।

दूतस्य दृष्टा बहवो वि दण्डाः

तेहरानको मध्य भाग ओगटेर अमेरिकीहरु इरानमा अझै बसिरहेको इब्राइम अस्करजादेलाई मन परिरहेको थिएन, उता शाह पनि त चुप लागेर बसेका होलान भन्नेमा इरानी थिएनन् । तेहरानका विश्वविद्यालयका इस्लामी संगठनहरुसँग इब्राइमले अमेरिकी हटाउने योजना बनायो र शुरुमा पाँच विद्यार्थीलाई योजना बतायो ।

थोरै धेरै मात्रामा हरेक इरानीलाई शाहले धार्मिक रुपमै छिन्नभिन्न पारेकाले पाँचमध्ये दुईको प्रस्ताव भने पहिला भगवानको विरोध गर्ने सोभियत दूतावास कब्जा गर्ने खालको थियो– पहिला नास्तिक । थर्काउन त पहिला अमेरिकालाई पो पर्छ त भन्नेमा बाकी दुई मोहशिन मिर्दामाडी र हविबुल्लाह बितारफ निस्किए र इब्राइमसँग सहमति जनाए – पहिला षडयन्त्रकारी दूतावास केही घण्टाको कब्जा र षड्यन्त्रकारी अमेरिकीहरुको केही दिनको बन्धक ।

दोश्रो तहको छलफल पछि त इब्राहिमको प्रस्तावमा सहमत हुनेहरु थपिंदै गए । दूतावास कब्जाको इरादा प्रष्ट थियो, केही समय कब्जा र केही दिनको बन्धक । दमनकारी शाहलाई मात्रै पुठ दिने अमेरिकी विदेश मन्त्रीलाई अल्जेरियामा प्रधानमन्त्रीले इमामको जानकारी बेगर भेटेको तेहरानमा खासखुस फैलिएकाले माहोल गरम थियो । दर्के झरीका बिचमै पनि इरानी शहरहरुमा उसै पनि सडकमा लाखौको संख्यामा जुलुस भइ रहन्थ्यो, भिडलाई चर्काउन गाह्रो थिएन । दमदमादार भाषण दिएमा वा इमाम विचारधाराका मुस्लिम विद्यार्थीले अग्रपङ्क्ति खडा गर्न सकेमा बाकी काम त्यही भिडले गरिहाल्दछ भनि भिडको मनोविज्ञान बुझेका थिए ।

धमाकेदार कब्जा योजनाको क्रममा विद्यार्थीले छेउका घरको छानामा गएर दूतावासभित्रको सुरक्षा व्यवस्था नियाले, सुरक्षाकर्मीका ससाना चालको मिहिन अध्ययन सहित । धर्ति हल्लाएको दश महिना अगाडीको भ्यालेन्टाइन डे ओपन हाउसका बेलाको सुरक्षा व्यवस्थाका थाहा पाएसम्मका सूचना पुनः एकत्रित गरे । धरपकड गर्ने सम्भावना भएका दमनकारी प्रहरी, आन्दोलनकारीलाई सहयोग गर्ने प्रहरी वा अमेरिकीलाई साथ दिन सक्ने सम्भाव्य प्रहरी अधिकृतको सूचि बनाए ।

नोभेम्बर महिनाको ४ तारिख दूतावास हमलाको लागि सबैभन्दा पायक पर्ने दिन थियो । नोभेम्बरको यो दिन विश्व विद्यालयको मूल गेट बन्द गरी विद्यार्थी मारपिटको पहिलो वार्षिकी दिवस पर्दथ्यो, पश्चिमी पात्रो अनुसार । नोभेम्बर ४ को त्यो दिन त इमान खुमेनीको देश निकालाको सोह्रौं वार्षिकी दिवसको अवसर पनि परेको दिन थियो, इरानी पात्रो हिजरी सम्बत् अनुसार । नसा नसामा अमेरिका विरोधी भावना उर्लेका इरानीका लागि अमेरिका विरोधी प्रदर्शनीको लागि आजको दिन सरह सहज र सरल दिन अरु थिएनन् ।

**

१९७९ नोभेम्बर ४ विहान ६:३० बजे ।

अमेरिकाले शाहलाई शरण दिएको चौधौं दिन । अमेरिकाको तेहरानमा रहेको दूतावास कब्जा र कर्मचारीको ४४४ दिन लामो बन्धक समस्या शुरु हुने दिन । 'अमेरिकी फिर्ता जाऊ' को नाराको सट्टामा विगत चौध दिनदेखि लागेको 'अमेरिकीलाई मृत्यु' – 'मार्गबार अम्रिका' नाराको आज अन्तिम दिन ।

आकास गजधुम्म परेको जाडो मौसमको शुरुवात, छोटा दिन, कतैकतै सिम्सिमे पानी परेको । आकस्मिक देखिने गरी अँध्यारो एकाबिहानै तीन सय र पाँच सयको संख्यामा विद्यार्थीहरु दुईतिरबाट दूतावास बाहिरको सडकमा जम्मा भए । आज इरानी पात्रो अनुसार इमामलाई देश निकाला गरेको सोह्रौं वर्ष लाग्ने दिन थियो, पश्चिमी पात्रो अनुसार नोभेम्बर ४ पोहोरको कत्लेआमको वार्षिकी परेकाले अक्टोबर २२ देखि तेहरानको आन्दोलन संगसंगै रहेका तेहरान विश्वविद्यालय र अमेरिकी दूतावास अगाडि केन्द्रित हुने नै थियो – मार्गबार अम्रिकाको उद्‌घोष सहित । आजको प्रदर्शनी सधैं झैं दूतावास वरिपरि हुने पक्का भयो ।

इब्राइम अस्करजादेको योजना बेगर नै अमेरिकी दूतावासको छेवैमा रहेको विश्वविद्यालयमा झण्डै बीस लाखले प्रदर्शन गरेका थिए, नोभेम्बर १ मा । इरानीको मित्रराष्ट अल्जेरिया आन्दोलनको रजत महोत्सवमा प्रधानमन्त्री बाजारगन, रक्षा मन्त्री मुस्तफा अलि चाम्रान तथा विदेश मन्त्री याज्दी सहभागी हुन गएका थिए । इमामको जानकारी बेगर अल्जियर्समा नोभेम्बरको १ मा भएको अमेरिकी सुरक्षा सल्लाहकार जिग्नु ब्राजाकीसङ्ग डेढ घण्टा लामो गोप्य बैठक गरेका रहेछन्, गोप्य बैठकको समाचार चुहिएको थियो । इमामको जानकारी बेगर अमेरिकीसँग त्यो पनि गोप्य बैठक, अस्तिकै दिनदेखि तेहरानमा अमेरिका विरोधी आगो बल्न शुरु भैसकेको थियो । इब्राइम अस्करजादेको योजनामा त्यही लप्काले आज 'केही' हुदै थियो ।

ईसान कोणपट्टीको गेटमा पहिलो समूहले उपस्थिती जनायो, विद्यार्थीहरुको । ईप्सु इरानीमा वर्गभेद थिएन - महिला, पुरुष, वृद्ध, युवा,युवती, कुनै वर्ग वा समूह बाकी थिएन । ईख र ईर्ष्या अत्याचारी शाह र अविवेकी सहयोगी अमेरिका विरुद्ध थियो- 'मार्गबार अम्रिका' का नाममा ।

उच्च शिक्षा अध्ययनरत जनाना विद्यार्थीहरुलाई भने आजको आन्दोलनमा फलाम काट्ने साना हतियार आआफ्नो कपडामा लुकाएर राख्न सिकाइएको थियो । उषाकाल पछि आन्दोलनको तापमान सूर्यको तातोपन बढेसँगै क्रमसः बढ्न थाल्यो, थामिनसक्नु गरी भिड बढ्न थाल्यो । उग्र उत्तेजनापूर्ण नारा सहितका

आन्दोलनकारीहरु बाहिर र छतमा झुन्डिएर बसका बस ओइरिरहेका थिए, अघिपछि जस्तै दूतावासको कार्यालय खुल्दासम्म बाहिरको भिड थामिनसक्नु तिलको दाना राख्न नमिल्ने भैसकेको थियो ।

ऊष्मध्वनीमा कराइ रहेको भिड दूतावास खुलेको केही बेरमा मूलगेट र कम्पाउन्डको पर्खालबाट भित्र चढ्न थालेको देखियो । ऊर्जा हराएका आतङ्कित अमेरिकीहरुले 'गोप्य' जनिएका कागजातहरु धुलाउन थाले, धुलारु मेशिनले धोखा नदिउन्जेल ।

ऋद्धिसिद्धि सम्पन्न अमेरिकीहरुको धुलारु मेशिन बन्द भए पछि कागत धुल्याउने काममै अन्यौलता शुरु भयो र विकल्पमा च्यातरु मेशिनबाट च्यात्न थालियो । ऋणात्मक भन्दा ऋणात्मक अवस्था परे पनि दूतावास सुरक्षाकर्मीलाई तत्काल निर्देशन गयो – कुनै पनि घातक हतियार नचलाउनु । ऋषभ साँढे सरह तेहरानमा चार दशक रजगज गरेको दूतावासले वासिङ्गटन केवल पठाइयो – दूतावास कब्जा ।

एकाएक विद्युत लाइन पनि काटियो, वैकल्पिक व्यवस्था हुन सक्ने अवस्थै थिएन । एकैछिनमा आन्दोलनकारीहरु दूतावासभित्रै आइपुगे ।

'ए! शान्त बस, हतियार नचलाओ' चान्सरी भवन छेउमा आइ पुगेका प्रदर्शनकारी कराए, 'हामी कसैलाई पनि क्षति पुऱ्याउँदैनौ'

'एक छिन, …., एक छिन शान्त, हामी यहाँ केही बेर बस्दछौं' कब्जाकारी मध्येका केही कराए ।

एकान्त ठाउँ खोजेर लुकेका कर्मचारी पनि एकै ठाउँमा आए, ल्याइए । एकातर्फ अमेरिकी कर्मचारी जति बन्धकको रुपमा राखिए, स्थानीय कर्मचारी बन्धक बने नबनेको थाहा हुन सकेन । एक एक गरेर हात पछाडी बाध्ने र आँखामा पट्टी बाध्ने बाहेक कुनै हानमार गरेनन्, कसैलाई पनि शारिरीक चोट लागेन ।

अमेरिकी दूतावास दोश्रो पटक कब्जा भयो ।

**

अमेरिका र इरानको दोस्ती संसारकै नमूनाको भएको र शक्तिशाली मुलुकको दूतावास कब्जा भएकाले सनसनीपूर्ण समाचार विश्वभर फैलियो । अल्जेरियाबाट फर्कदै गरेको प्रधानमन्त्रीको टोलीले खबर पाउने वित्तिकै विदेशमन्त्री याज्दी सिधै कोममा रहेका धर्मगुरु खुमेनीलाई भेट्न उही पुगी घटनाको जानकारी गराए ।

'के कुरिरहेको त' धर्मगुरु खुमेनीले विदेश मन्त्री याज्दीलाई सम्झाए, 'सम्झाएर प्रदर्शनकारी दूतावास बाहिर ल्याऊ' ।

आफ्ना मुलुकमा कुनै दूतमाथि कारवाही गरिएको अपजस लिन अयातुल्लाह तयार थिएनन, अघिल्लो पटकको दूतावास कब्जा जस्तै दोश्रो पटकको कब्जामा पनि धर्मगुरु दूत कब्जा गर्नु हुदैन भन्नेमा दृढ थिए । आधुनिक संसारमा होस् वा परम्परादेखि कुनै दूत चित्त नबुझाउने मुलुकले फिर्ता गर्न सक्दथ्यो तर कब्जामा राख्न सक्दैनथ्यो । आज पनि, अयातुल्लाह खुमेनी यो संस्कार तथा नैतिक बन्धनमा प्रष्ट देखिए ।

इरानी भूतपूर्व तानाशाहलाई अमेरिकाले शाहकै रुपमा प्रवेशाज्ञा दिएकाले कुनै व्यक्ति पनि अमेरिकी दूतावासको तेहरान कार्यालय देख्न चाहदैनथ्यो । इरानीलाई अमेरिकी नाम अनुहार नै नमीठो गन्ध आउँथ्यो । इज्जतसाथ 'अमेरिकी फर्क' भनेर अक्टोबर २२ सम्म लाग्ने गरेको नारा 'अमेरिकीलाई मृत्यु' मा रुपान्तर भैसकेको थियो । इरानमा रहेको अमेरिकी दूतावासको नाम परिवर्तन भएर 'जासुसको गुँड' भनिन्थ्यो । इरानी दुई वर्षे आन्दोलन, सत्ता परिवर्तन र जनमत संग्रहलाई मान्यता नदिएको बेलामा अमेरिकीसँग अल्जेरियामा भएको गोप्य बैठकको सूचना चुहिसकेको थियो । इरानी प्रतिनिधीमण्डलका नेता प्रधानमन्त्री अल्जियर्सबाट स्वदेश फिर्ता हुँदा नै उनको शक्ति क्षीण भैसकेको थियो । इच्छा भए पनि आगोमा घिउ थप्ने गरी हतियारबन्ध सुरक्षाकर्मी घटनास्थल पठाउन पनि जोखिमयुक्त नै थियो, प्रधानमन्त्रीले दूतावास छुटाउन सकेकनन् । इरादा जे सुकै भए पनि यस्तै अल्मल अल्मलमै साँझ पर्‍यो, सात बजे कब्जाकारी विद्यार्थीले कब्जा समन्वय परिषद्को नाममा प्रेश सम्मेलन गरेः

'हाम्रो विरोध शाहको संरक्षण गर्ने अमेरिकाको विरोध हो । स्वतन्त्र इरानको स्वतन्त्रताको धज्जि उडाउन खोज्ने पाखण्डी, षडयन्त्रकारी, साम्राज्यवादी अमेरिकाको विरोध हो । दूतावासका कर्मचारीको विरोध होइन । हामी दूतावासका कसैलाई कुनै हानी गरेका छैनौं, गर्ने पनि छैनौं । उहाँहरु हाम्रा पाहुना हुनुहुन्छ । अमेरिकाले शाहलाई सुपुर्दगी नगरेसम्म उहाँहरु पाहुना कै रुपमा रहनु हुनेछ । पाहुनामाथी कुनै इस्लामीले अहित गर्दैन । त्यसैले दूतावासभित्र जो कोही आउला र उहाँहरुलाई झोक्किएर हानी पुर्‍याउला भनी अब कुनै नयाँ व्यक्ति पनि दूतावास छिर्न पाउने छैन । शाहलाई अदालतमा हाजिर नगराएसम्म हामी यही रहनेछौं । हाम्रो काममा धर्मगुरु खुमेनीको साथ छ ।'

उही इरानले दश महिना अगाडी उही दूतावासको यस्तै कब्जा घटनामा तीन घण्टामा फिर्ता गराएको दूतावास यसपटक भने साँझसम्म पनि फिर्ता गराउन सकेन । उकुसमुकुस अवस्थामै रहेका विदेशमन्त्री याज्दीले विद्यार्थीको पत्रकार सम्मेलनको समाचार अगावै साँझको रेडियोको मूख्य समाचारमा सुने – 'प्रमूख नेता खुमेनीले यो दोश्रो सफल क्रान्ति भन्दै जासुसको गुँड कब्जाको समर्थन गर्नु भयो' । उनको जिम्मेवारी रहेको विदेश

मन्त्रालयले साँझ ९ बजे दूतावास फिर्ताको आवश्यक व्यवस्था सरकारले मिलाउने भन्ने वक्तव्य जारी गरिदिनु भयो । उत्लीखेँरै प्रधानमन्त्री बजारगनले सोही साँझ राजिनामाको खबर प्रशारण भयो । उत्पिडित महशुस गरेका इरानीले भोलिपल्ट नोभेम्बर ५ मा अमेरिका र सोभियत संघसँग गरेको सैनिक सन्धी एकपक्षीय रुपमा खारेज गरिदियो । उक्त सैनिक सन्धी खारेजीको उपलक्षमा खुमेनीले अमेरिकी र सोभियतहरुका नयाँ इरानी नाम राखिदिए – सैताने काविर (बडासैतान) र सैताने कुचक (छोटासैतान) ।

ऊर्जाशिल विद्यार्थीहरुको दूतावास कब्जाको योजनाको अप्रत्यक्ष तरीकाले सत्तारुढ तथा प्रत्यक्ष तरीकाले जन समर्थन स्थापित भयो । ऊर्ध्वगामी स्वतन्त्रताको यात्रा शुरु भएको आभास महशुस गर्दै प्रधानमन्त्री बजारगनको राजिनामा पर्सीपल्ट स्वीकृत भयो – अमेरिकाले जनमतसंग्रहको मान्यता नदिइ शाहलाई आश्रय दिएको र अल्जेरियाको गोप्य बैठकको जानकारीले धर्मगुरुको मन भड्किएए पछि ।

ऋणदाता इरानको उसै पनि आन्दोलनका कारण आर्थिक अभाव शुरु भैसकेको थियो, अब त उसको ऋण रकम पनि फ्रिज गरिन शुरु भयो ।

एकतन्त्रीय शासनको विपक्षमा खडा भएको बजारगनको सरकार अमेरिका विरोधी भए पनि वा अमेरिकी मान्यतामा धेरै प्रश्न भएता पनि अन्तराष्ट्रिय मान्यता प्राप्त सरकार थियो । एकभन्दा अर्को क्रान्तिकारी देखिनु पर्ने वातावरण भएको समाज र थरिथरीका मिलिसियाको दबदबा रहेको इरानमा अमनचयन कायम गर्न र विदेशीहरुको रक्षामा कटिबद्ध थियो । एक्लो सरकारले केही गर्न पनि सहज थिएन, कम्तिमा पह्लबी अमेरिकामा रहुन्जेल । एकतन्त्रवादी अमेरिका भने शाहबाहेक अरु कुनै इरानीको कुरा सुन्न नै चाहँदैनथ्यो । एकतर्फी समस्यामा परेको अमेरिकाले नोभेम्बर ५ मा टर्की दूतावासमार्फत तेहरानसँग सम्पर्क गर्न खोज्दा टर्की सरकारले शाहको सुपुर्दगीबारे अमेरिकी धारणा जान्न चाह्यो, अल्जेरियालाई साक्षी राखेर । एकपक्षीय रुपमा आफ्ना ७२ कर्मचारी र अज्ञात नागरिक बन्दी भैरहेको अवस्था पनि शाहको सुपुर्दगीकोलागि इरान सरकारबाट माग नै नआएको गैरजिम्मेवार जानकारी पो पायो ।

ऐनमौकामा इरानी अवस्था बुझेर अमेरिकीहरुले नयाँ सरकारसँग दौतरी शुरु गरेको भए यस्ता घटना हुने थिएनन्, कम्तिमा शाहको मामलामा चुप्प बसेको भए अवस्था बेग्लै हुन्थ्यो । ऐयासी शाहका मामिलामा अमेरिकाको अवस्था अघि बुढी जानिन, पछि बुढी मानिन, बाघ लाग्यो घिच्याउन बुढी लागी चिच्याउन भने जस्तो भयो ।

**

ओखल मुसली पनि अमेरिकी कम्पनीबाट किन्ने शाहको समयमा इरानी सेनाको हतियारको मूख्य हिस्सा अमेरिकाको थियो, हतियार कारखानाका मेशिनरी, कच्चा पदार्थ तथा कर्मचारी तालिम पूरै पूरै । ओतप्रोत सम्बन्धका कारण राखिएको अमेरिकी सैनिक अखडा फरवरी क्रान्ति पछि भने अमेरिकी सैन्य उपस्थिति शुन्य थियो – दूतावासमा रहने सुरक्षाकर्मी बाहेक । ओर्किफर्की जुनबेला पनि हतियार कारखानाको काममा अमेरिकी सहयोगको आवश्यकता थियो – ससाना देखि ठूल्ठूला मर्मत तथा उत्पादन गर्न ।

औकातभन्दा बढी नै सही शाहकै पालामा हतियार खरिदका लागि अमेरिकालाई पेश्की दिएको बाह्र अर्ब डलरका हतियार पाउनै बाकी थियो । औपनिवेशिक तरीकाले अमेरिकी अभिलेख राखिएकाले हो की किन हो, इरानीबाट अभिलेख त अझ तेह्र अर्ब पेश्की बाकी देखाउँथ्यो । औपचारिक रुपमा इरानी हतियारका यिनै विषयमा चाहिने अमेरिकी सैनिकको संख्या तोक्ने र उनीहरुलाई कुटनैतिक सुविधा दिने विषयमा छलफल गर्न प्रदर्शनीको समयमा चार्ल्स डे अफेयर्स (कार्यबाहक राजदूत) ब्रुस लिङ्गेन, उपप्रमूख भिक्टर टेमसेथ र सुरक्षा अधिकारी माइक होल्यान्ड इरानी विदेश मन्त्रालयमा पुगेका थिए । औपचारिक रुपमा नै अमेरिकाले दूतावासबाट राजदूत फिर्ता बोलाइएकाले खाली, कार्यवाहक राजदूत र उपप्रमूख पनि मन्त्रालयमा भएकाले कब्जाका बखत दूतावासको नेतृत्व अधिकृतको तहमा थियो – अस्थायी खरदार कामू एलडियो निमित्त सिडियो जस्तो । औपचारिक छलफलकै क्रममा मन्त्रालयका अधिकारीहरुसंगको बैठकमा रहेकाले दूतावासको वास्तविक अवस्था उनीहरुले चालै पाएनन्, पार्किङ्गमा फर्कदामात्र होल्यान्डको रेडियोसेटमा दूतावासको अवस्था जानकारी भयो – दूतावास कब्जा भैसक्यो ।

अँध्याराको जँघार अवस्थाका तीनै जना मन्त्रालय बाहिर आउन सकेनन्, मन्त्रालयै फर्के – दूतावासको सुरक्षाको अनुरोध गर्न । अँधेर बढ्दै गयो – दूतावासको सञ्चार सम्पर्क बिच्छेद । अँध्यारो शुरु हुनु अगावै सुरक्षाको कारण उनीहरुलाई आज मन्त्रालय भवनमै बस्न भनियो – बैठक गर्न गएका आजदेखि ४४४ अहोरात्र त्यही मन्त्रालयको विदेशी कुटनीतिक कर्मचारी भेला हुने ठूलो सभाकक्ष बन्धक ।

गुप्तबास

'पहिला बन्धक', मेन्डेजले इरान छिर्न उपयुक्त हुने विभिन्न एजेन्टको अनुकुलता अध्ययन गऱ्यो, निरन्तर नब्बे घण्टा काम गरी भव्य प्रस्ताव तयार गऱ्यो- 'अपरेसन बडिगार्ड' ।

पहिलो कुरा त, इरानीको माग खासमा केही पनि थिएन । प्रदर्शनकारी विद्यार्थीले कब्जा लगत्तै कुनै पनि अमेरिकी घाइते नभएको र हरेक सुरक्षित रहेको बक्तव्य जारी गरेका थिए र सुरक्षाकै कारण जो कोही अरुलाई दूतावासभित्र आउन दिएका पनि थिएनन् । पक्रेर बन्धक बनाएकै भए पनि उनीहरुको सुरक्षा र सम्मानमा कमी नहोस् भनि सचेत् देखिन्थे, तर मागमा चाही दृढ । पटक पटक मुलुक छोडेर पलायन भएका शाहलाई अमेरिकी र बेलाइतीहरुले इरान फर्काएर १९५३ को कु गराएका थिए । पत्याउन नसकिने गरीएक पछि अर्को रोगको नाम लिँदै अन्तमा क्यान्सर रोग लागेका भनिएका शाह उपचारको नाममा मेक्सिकोबाट अमेरिका छिर्नु निसन्देह १९५३ को अर्को अङ्क हो भन्ने इरानीको विचार थियो । परदेशमा षड्यन्त्र गर्न पुगेका पह्लबीलाई इरानी कानून अनुसार न्यायिक कारवाहीका लागि इरान फर्काइदिनु पर्दछ, अरु षडयन्त्र चाहिन्न । पहिलो र अन्तिम माग, बस यत्ति एउटामात्र ।

पारसी माग अनुसार मेन्डेजको अपरेसन बडिगार्ड पनि ठ्याक्कै यत्ति थियो । पार्थिव शरीर इरान पठाउने - डाक्टरहरुले जिन्दगीको अन्तिम वर्ष भनिएका शाहको शवको भेषबदलु बनाएर । पार्थिव शरिर इरानीलाई, अमेरिकी बन्धनमुक्ति । पादसेवकको अन्तर्वार्ता, पत्रिकाको खबरको टिपोट सहितका इन्तिजाम तयार भैसकेका थिए – अमेरिकामा रहेका शाहको शव तेहरान पठाउनु अघि उनी मरेको समाचार प्रशारण गराउन । पाल्सी काम विशेषज्ञ मेन्डेजले समाचारको तरीका, रेडियो, टिभी र पत्रिका छनौट गरिसकेको थियो ।

पिँजडामै गुम्सेका भए पनि शाहले आफ्नो शाही कालमा आठ अमेरिकी राष्ट्रपतिसँग भेट गरेका थिए, अमेरिकाभित्र उनको शक्ति कमी थिएन । पिपासु शाह त राष्ट्रपति कार्टरलाई चुनावमा सहयोग समेत् गरेका अनन्य मित्र थिए । पिरमर्का छ्यान विचार केही नहेरी, ह्वाइट हाउसको कार्टर प्रशासनले एक हप्ता नसुति तयार गरिएको अपरेसन बडिगार्ड प्रस्ताव अस्वीकृत गरिदियो ।

**

'भिसा शाखाका पाँच अधिकृत बन्धक बनेका छैनन् । उनीहरु सुरक्षित स्थलको खोजिमा बेलाइती दूतावास आइपुगेका छन् । कृपया यो सन्देश पूर्ण गोप्य राख्नुहोला ।'

फरक खालको गोप्य केबल नोबेम्वर ५ मै बेलाइती विदेश मन्त्रालयबाट अमेरिकी विदेश मन्त्रालयमा बेलाइती दूतावासले आफ्नो विदेश मन्त्रालयलाई गरेको सूचना सम्प्रेषणको आधारमा आइपुग्यो । फारसी भूमिमा बन्धक नभएका पाँच कर्मचारीको पहिलो पटक अमेरिकीलाई जानकारी हुन गयो । फितलो सूचना अनुसार उनीहरु बेलाइती दूतावासको सुरक्षामै रहेको वा सम्पर्कमा मात्र भएको हो भने सो केबलले खुलाउँदैनथ्यो । फितलै भए पनि मन्त्रालयले त्यो सूचना केही उच्च कर्मचारीभन्दा बाहिर जानकारी दिएन ।

बन्धकतर्फ भने संसारभरीका पत्रपत्रिकाले अग्रभागमा समाचार छापे – तेहरान बेलाइती दूतावास नियन्त्रणमा । बाहिर विभिन्न खालका अफवाह र कानेखुशी चल्न थाले - तेहरानको समस्या अब बढ्ने पक्का भयो ।

बाह्य सम्पर्क स्थापना गर्न असमर्थ रहेको अमेरिकीले यस अगावै स्वीडिस राजदूतले एक जना अमेरिकी कर्मचारी आफ्नो दूतावासमा शरणमा रहेको जानकारी दिएको कुरा म्याड्रिडबाट प्राप्त भैसकेको थियो । बिहानै उनी चाहीँ इरान सहयोग समूहको सम्पर्कमा आइसकेका थिए ।

'ओसिडेन्टल पेट्रोलियम मस्को कार्यालयका जोसेफ स्टाफोर्डका छोरा र बुहारी तेहरान गएका थिए । सम्पर्क गर्न सकिएन ।उनी अकता छन्, बन्धक भए नभएको थाहा चाहियो ?'

बुहारी खोज्ने समस्या चाही अमेरिकी दूतावास मस्कोको थियो । बुर्जाभित्रको दूतावासका जोसेफका जोइपोइ गुप्तवास छन्, यता अर्कै जोसेफका छोरा बुहारीको खोज, त्यो पनि मस्कोबाट ।

'तेहरान अङ्ग्रेजी स्कूलबाट हाल पाकिस्तानी स्कूलमा सरुवा भइ आएका विलियम कफ तेहरान घुम्न गएका र ५ नोभेम्बरमा फर्कने टिकट भएर पनि नफर्केकाले कतै बन्धकको सूचिमा छन् की ?'

बूढी मरिभन्दा पनि काल पल्केको डरले हो की एक छिन अगाडी इस्लामावाद दूतावासबाट सोधिएको कफ लगायत कुनै अमेरिकीको पनि अतापता थिएन ।

बेइज्जतपूर्ण कब्जा, कर्मचारी वा अन्य नागरिक को को बन्धक छन् वा को कता कसरी छन्, अझ कति सुन्न पर्ने हो, अमेरिकीको अवस्था वास्तवमै अन्यौलपूर्ण थियो । बेचैनी कतिसम्म थियो भने पाकिस्तानी, डेनिस र स्पेनिस राजदूतले इरानी विदेश मन्त्री यात्जी भेट्न खोजेर पनि नसकेको कुरा आइसकेको थियो । बेला कुबेला भेट हुने इरानी अधिकारीसँगको सम्पर्कको कुनै माध्यमले काम गरेकै थिएन । बैठकको निरन्तरता बाहेक बन्धक समस्याको छत्तीस घण्टामा पनि अमेरिकीहरु अमेरिका वा अन्य सहयोगी मुलुक सबैतिर अलमल र असमञ्जस्यमा नै थिए ।

बोधगम्य कुरा त इरानी अधिकारीका पनि आफ्नै अभिलेखले अमेरिकी दूतावासमा हुनुपर्ने कर्मचारी संख्या निश्चित हुनु पर्ने थियो, तर तरल तेहरानका अधिकारीहरु बन्धकका कूल संख्याबारे सधै अलमल अलमलै थिए । बोझिलो वातावरणमा तेहरान पनि थियो, दूतावास कब्जामा अमेरिकी कर्मचारी हराउँदा अमेरिकाको हात माथि पर्ने त्रासले ।

बौलठ्ठी अवस्थामा परी लुक्न पुगेका कर्मचारी कहाँ छन् वा के गर्दै छन् कसैलाई ज्ञात थिएन, जता भेटिए पनि लुकेकाहरुको मुक्तिका लागि तहरानभित्र सीधा अपरेसन चाहिन्थ्यो – नक्कली परिचयमा ठाँटका साथ मेहराबाद् हवाइ अड्डा भएर विमान चढ्ने । बौधिकतापूर्ण यस्ता अपरेसनका लागि इरानभित्र लुकेकाहरुसँग समन्वय गराइदिने नक्कली परिचय मिलाइ दिने तथा हवाइ सुरक्षामा थपिएका कुनै अन्जान यन्त्र सहित सुरक्षित बहिर्गमन मिलाइने 'कोही' इरानभित्रै चाहिन्थ्यो ।

**

भगिरथ प्रयासमा गुप्तवास पुगेका अमेरिकीका लागि तेहरान निसन्देह खतराको स्थान थियो । भागेकाले उनीहरु दूतावासमा पनि थिएनन् । भित्र बाहिर, आवास, सरकारी वा निजी भवन, खाली ठाउँ जतासुकै पनि तेहरान शहर विभिन्न समूहका मिलिसियाको उग्र दबदबा थियो – कुटनैतिक राहदानीयुक्त अमेरिकीहरु जासुसको नाममा बन्दुकको नोकमा पुऱ्याउन पर्याप्त आधार सहित ।

भीमकाय द्वार हातले काटेर निस्केकाहरु शुरुका केहि दिन उनीहरु अस्थायी तवरले लुक्ने गरी फसे – उद्दारको आशमा कोही खाली घरमा त कोही कता, हिड्न पर्ला भनी कपडा लगाएर तम्तयार भएर पनि सुते पनि । भीषण वातावरणमा न कतै सम्पर्क न उद्दार – यतिसम्मकी शाहले सम्पर्क गरेका फोनहरु नयाँ सरकारले ट्याप गरेको अनुमान भएकाले आफ्नै फोन पनि खतराको घण्टी थियो ।

भुईमा भाग लगाएर सुत्नु पर्ने, बाहिर हेर्न नमिल्ने, कतै चियाए उतै भद्रगोल । भुक्तभोगी गुप्तवासीको बेचैनी बढाउने किंकर्तव्यविमुढ अवस्थामा मर्ता क्या नही कर्ता, एन्डर्सले क्यानाडाली दूतावासको मित्र भिसा अधिकृत जोन सेर्डाउनलाई फोन लगायो ।

'भगवान ! कहाँ छौ ? पहिल्यै किन सम्पर्क नगरेको' सेर्डाउन रिसायो ।

'हामी अप्ठेरोमा छौं', एन्डर्सले अत्यन्तै छोटो सम्बाद गऱ्यो र सम्पर्कका लागि सोमचाइको नम्बर दियो । भूगोलको उसपारको सोमचाइ अमेरिकी थिएन, त्यसैले कसैले उसका फोनको वास्ता गर्ने मौका कमै हुन्थ्यो ।

**

'हाइ टेलोर सब ठीकठाक त छ'

यता स्विडिस राजदूतले क्यानाडेली दूतावासमा फोन लगाएर राजदूत केन टेलोरको हालखवर सोधे । राजदूत हुन की अरु कोही, व्यक्तिगत कुराकानीमा संसारभरी नै यस्तै कुरा हुने हुन – आराम विराम, ठिक छु राम्रै छ यस्तै यस्तै ।

'हँ, ठीक छु । तपाई नी ?'

लयदार लवजमा टेलोरले सामान्य तरीकाले जवाफ फर्काए – आखिर टेलोरका लागि तेहरानमा भइरहने जुलुसका कुरा नियमित र सामान्य नै थिए, मेशिनगन नै चलेर दर्जनौंको कत्लेआम नभएसम्म खासै समाचार जस्तो पनि लाग्दैनथ्यो । लम्बेतान काम केही थिएन, धीमा गतिमा चलिरहेको दूतावास चलेकै थियो । लाखापाखा लाग्न भने बाहिरी अवस्था अत्यासलाग्दो नै भए पनि कुनै नौला कुरा थिएनन ।

वक्रदृष्टिमा परेको अमेरिकी दूतावासमा भएको घटना स्विडिस राजदूत र दूतावास कर्मचारीले आफ्नै आँखाबाट देखेका थिए । वज्रलेप दूतावास कम्पाउन्डमा प्रदर्शनकारीले कब्जा जमाएको कुरा टेलोरको सामान्य शव्द तथा भाव अनुसार क्यानाडेलीले थाहा नपाएको पक्का गर्न स्विडिसलाई कतिबेर पनि लागेन ।

'मैले तपाईलाई फोन गरेको नी', स्विडिस धर्मराएर बोल्यो, 'अमेरिकी दूतावास पुनः कब्जा भयो'

संगैको छिमेकी मुलुकको दूतावास कब्जा हुनु क्यानाडेलीको लागि अत्यासपूर्ण खबर थियो, टेलोर छाङ्गाबाट खसे जस्तो भयो । समुच्चारुपमै अमेरिकाको विरोध गर्नु इरानीको राष्ट्रिय सानको विषय हो भन्ने कुरा टेलोरलाई भित्रैसम्म थाहा थियो, तर उनीहरु क्यानाडेलीको चाही माया गर्दछन् भन्ने थिएन । संस्थागत रुपमै इरानीहरु कुनै पनि पश्चिमालाई राम्रो दृष्टिले हेर्दैनन् र त्यसमा क्यानाडा त अमेरिकीको छिमेकी नै थियो ।

'अमेरिकी दूतावास कब्जा गर्नेहरु क्यानाडेली दूतावास कब्जा गर्न त नआउलान तर के ठेगान ?' उसले मनमनै सोच्यो ।

समाचार पाउने बितिक्कै टेलोरले थाहा भएसम्मका कुराको ओटावामा जानकारी गरायो, जहाँ त्यसबेला मध्यरात थियो । साँझदेखि विहानसम्म अत्यावसेक सेवाका बाहेक अन्य कर्मचारी घरमै हुन्थे । समाचार पठाएको चारदिन पछि एन्डर्सबाट जोन सर्डाउनलाई फोन प्राप्त भएको थियो ।

सर्डाउनले एन्डर्सलाई आफूले गर्न सक्ने सहयोगका लागि राजदूत टेलोरलाई सोधेर जवाफ दिने कुरा बताएको थियो ।

सर्डाउन हस्याङ्गफस्याङ्ग गर्दै टेलोरको कार्यकक्षमा छिर्‍यो ।

संस्थागत आचार संहिता अनुसार दूतावास कर्मचारीहरु राजदूतको कार्यकक्षमा छिर्ने आफ्नै नियम थियो - पहिला समय, दोश्रा एजेन्डा, तेश्रा अन्य सहयोगी । संघर्षका कारण दूतावासको काम घटेकाले तेहरानमा यसै वर्ष कर्मचारी संख्या प्रति शय तीनको अनुपातमा झरेको थियो । शुरुवातमा टेलोर बाह्र सय जति कर्मचारीको हाकिम थियो, अहिले जम्मा तीन दर्जन जति । सदावहार समस्याका कारण राजदूत र कर्मचारीको भेटघाट वर्षको शुरुको भन्दा बीसौं गुणा बाक्लो थियो । संस्थागत समस्या नभएकाले पहिला काम बाहेक भेट हुदैनथ्यो अहिले कामका लागि भेट्नै पर्दैन । शुरुशुरुमा पद अनुसार खाजा खाने बेग्लावेग्गै कोठा र सहयोगी थिए, अहिले सामूहिक भान्सा र परस्पर बाढेर खाने चलन शुरु भएको थियो । सेर्डाउन अध्यागमन शाखाको प्रमूख भएकाले पनि त्यो अत्यास लाग्दो समाचार दिन टेलोरको कार्यकक्षमा जान अहिले कुनै नियमले छेक्दैनथ्यो ।

'सुन्नोस् त टेलोर', भेट हुँदा सधै भनिने नमस्कार पनि नभनी सेर्डाउनले साउतिको स्वरमा बोल्यो । सेर्डाउन हडबडाएको थियो, नाकका पोराहरु लामालामा सासका कारण फुलिरहेका थिए, अकमकाउँदै गरेको ऊ अधैर्य र अनियन्त्रित देखिन्थ्यो, वास्तवमै उसको व्यवहार अस्वाभाविक रुपमा रुखो थियो ।

'पाँच अमेरिकी कतै लुकेका रहेछन्', अब पसिना काढ्ने पालो टेलोरको थियो, सेर्डाउन बोलिरह्यो – 'हाम्रो सहयोगको आशामा छन्' ।

'कसरी थाहा पायौ ?' टेलोरले सोध्यो ।

सेर्डाउनले एन्डर्सको फोन तथा संक्षिप्त कुराकानीको वेलिविस्तार लगायो, भार बिसाउन पाएकोले उसको स्वर र श्वासप्रश्वास सामान्य बनिसकेको थियो । समस्याको पटापेक्षमा आफूले गर्न सक्ने कामको उनीहरु दुई जनाले अति संक्षिप्त कुराकानी भयो । सेर्डाउनको पहिलो वाक्यदेखि नै अमेरिकीलाई सहयोग गर्न टेलोर सकारात्मक थियो र आफैंमा सहि समयमा सहि निर्णय क्षमता भएको व्यक्ति थियो ।

'तर कसरी ? उनीहरु बसेको स्थान त टाढा छ । यहाँसम्म ल्याउने कसरी' टेलोरले सेर्डाउनलाई केही बेर पछि आफूलाई भेट्न निर्देशन दिदै कार्यकक्षबाट विदा गऱ्यो ।

सम्पर्क र कार्य सम्पादनमा नामी टेलोर राजदूतका रुपमा १९७७ मा तेहरान आउनु अघि क्यानाडाको व्यापार निगमको प्रमूख भइ काम गरेको थियो । समस्याको सहि पहिचान, कुन मितिमा कुन समयमा कस्ता काम गर्दा सफल भइन्छ भन्ने उसका अचुक सुत्र हुन्थे । स्थानीय र क्यानाडेली गरी बाह्र सय कर्मचारी भएको दूतावासबाट टेलोरले यसै वर्ष जनवरीमा शाहको पतन निश्चय भए पछि दूतावासका ८५० क्यानाडेली कर्मचारी

स्वदेश फर्काएर र स्थानीयलाई अवकाश दिएर आफ्नो निर्णय क्षमता देखाइ सकेको थियो । सम्भावित अनिश्चयको बखतमा पनि ऊ उचित बेलामा उचित निर्णय गर्न माहिर व्यक्ति थियो ।

सेर्डाउनबाट लुकेका अमेरिकीको कुरा सुन्ने वित्तिकै टेलोरले ओटावामा केबलमार्फत सन्देश पठायो । समाचार केबलको पहिलो पाठक क्यानाडेली विदेश मन्त्रालयको अफ्रिकी र मध्यपूर्व महाशाखा निर्देशक माइकल सेन्स्टोन हुन्थ्यो । समस्याको जड पह्लबीको अमेरिका प्रवेशाज्ञा पछिको र यो वर्षकै दोश्रो कब्जा भएकाले तथा विगत चार दिनमा पनि समस्या ज्यूँ का त्यूँ रहेकाले माइकलले तेहरानको भयावह अवस्था तथा भावी अनिश्चयको अन्दाज गऱ्यो । सुरक्षामा सम्भाव्य विभिन्न विकल्पको सूचि बनाउँदै उसले अमेरिकी तथा क्यानाडेली दूतावास तथा कर्मचारीको अवस्था, शरणार्थी स्वीकार वा अस्वीकार दुवै विकल्पका क्यानाडेलीका लागि सम्भाव्य जोखिमको हिसाव लगायो । सुरक्षा जोखिममा चैं स्वयं क्यानाडेली सरकार नै थियो – राजनैतिक खिचातानीको स्तर नाजूक रहेको जोय क्लार्कको अल्पमतको सरकार । सबै परिस्थिती विचार गरेर माइकलले आफ्नो निचोड निकाल्यो –

'पाँच अमेरिकीहरुको जीवन संकटपूर्ण रहेको छ । उनीहरुको जीवन रक्षा चाहने हो भने क्यानाडेली नागरिक र सम्पतिको पनि पर्वाह नगरी शरण दिनुपर्ने एकमात्र विकल्प हो ।'

समस्याको अवस्था तथा सम्भाव्य आफ्नो सुझाव सहितको विकल्पबारे माइलले आफ्नो सहयोगी उपसचिव एनल गोट्लिवसँग छलफल गऱ्यो र एलन पनि माइकलको लाइनमा सहमत भयो । समस्या र सम्भाव्य समाधानको एकमात्र उपायको स्वीकृति माइकलले गर्न सक्ने थिएन । स्वीकृतिको अधिकार त विदेशमन्त्री फ्लोरा म्याकडोनाल्डको हातमा थियो, मन्त्रालयका अन्य प्रोटोकलको वास्ता नगरी माइकल विदेश मन्त्री भेट्न दौड्यो ।

समय चक्र! उनी टेलिभिजन अन्तर्वार्तामा रहिछन् । समिपको छिमेकी मुलुकको दूतावास कब्जा र बन्धकबारे फ्लोरा पहिल्यै भलिभाँति जानकार थिइन, अहिले शरणार्थीको समस्या पनि थपिएको थियो । सवाल जवाफ चलिरहेको अन्तर्वार्ताकै बीचमा कसैगरी माइकलले फ्लोरालाई तेहरानको शरणार्थी समस्या र समाधानको उपाय बतायो ।

'तिम्रो प्रस्तावको विकल्प छैन, ठीक हो । तर यसमा प्रधानमन्त्रीको सहमति चाहिन्छ', विदेशमन्त्री फ्लोरा सहमत त भइन् तर आधिकारिक सहमति प्रधानमन्त्रि जोय क्लार्कको हुनुपर्ने रहेछ ।

संसदमा सांसदहरुको प्रश्नोत्तर चलिरहेको रहेछ, अन्तर्वार्ताबाट फ्लोरा सिधै संसद् भवन पुग्दा प्रधानमन्त्री क्लार्क त्यसैमा व्यस्त थिए । संसदीय प्रश्नोत्तरको बिचमै कानेखुसी गरेर प्रधानमन्त्री जोयलाई एक कुनामा डाकिन । समस्या र सम्भावित शरणार्थी योजनामा जोयले स्वीकृति जनाउँदै आदेश दिए – तुरुन्त व्यवस्था मिलाउनु । संसदमा प्रश्नोत्तर निरन्तर चलिरहेको थियो ।

स्वीकृतिको मौखिक जनाउमै माइकलले तेहरान केबल पठायो – 'हुन्छ' ।

शरणको सूचना अत्यावसेक बाहेक अन्यलाई कुनै हालतमा पनि नदिनु भन्ने सन्देशको चिन्ह पनि केवलमा थियो ।

'यता आऊ त'

सेर्डाउन एन्डर्सको मिल्दो साथी थियो । साथीको विपद्का कारण आजको काममा जाँगर लगाइरहेको थिएन, बेचैन देखिन्यो । समस्या कसैलाई सुनाउँदा बेचैनी घट्छ तर यो घटना कसैलाई भनेर मन हलुङ्गो पार्न पनि नमिल्ने, हाकिमसँग दोहोऱ्याएर सोध्न पनि नमिल्ने । सुरक्षाको अहम् समस्या जस्तोसुकै निर्णयमा मूख्य विषय छदैथियो, यसमा त कुटनैतिक सम्बन्धको थप जटिलता थियो – दुई पक्षीय कुटनैतिक समस्यामा अब तेश्रो पक्ष समावेश हुने खतराको । सेर्डाउन उग्रबेचैनीका साथ यसै मेसोमा अल्झिएको बेला छुट्टिएको केही घण्टामा टेलोरको फोन थियो यो ।

'शरणार्थी स्वीकार गर्न मन्त्रालय सहमत'

समस्याबारे टेलोरले यस बीचमा भएको प्रगति सुनायो । सक्रियतासाथ सबै अत्यावसेक कामहरु पो पूरा गरी सकेको टेलोर चुप बसेको होइन रहेछ । सधै अत्यासको अँध्यारोमा बाच्नु पर्ने तेहरानमा आफ्ना राजदूतको नेतृत्वको क्षमता देखेर सेर्डाउन ढुक्क भयो, क्यानाडेली र अमेरिकीको सुरक्षामा चाहिनेभन्दा पनि बढि ढुक्क ।

'कसरी ल्याउन सकिएला त ?' टेलोरले सोध्यो र कनपट्टिमा दुई औंला राखेर सोच्न थाल्यो ।

सोमचाइले बताए अनुसारको पाँच अमेरिकी बसेको ठाउँ र टेलोरको निवास झण्डै पन्ध्र किलोमिटर टाढा थियो । सडकमा सात पाइला हिड्न नमिल्ने कुनै अमेरिकीका लागि यत्रो दूरी पार गराउन सजिलो थिएन । सतर्क रहनु पर्ने अर्को कुरा निवासमा पाँच पाँच पाहुना थपिँदा अरुको ध्यान जाने अवस्था पनि भएकाले टेलोरले नै जुक्ति लगायो – ठूलो कम्पाउन्ड भएको सेर्डाउनको घरमा तीन जना राख्ने आफूले दुई जना राख्ने, क्यानाडाबाट आएका टुरिस्ट भन्ने ।

**

थाई नागरिक सोमचाइ श्रीवेनेटर टमटेथको भान्सेको रुपमा इरान पुगेको थियो, झानेको सुप बनाउन माहिर ।

थाई बोल्न जान्ने टेमसेथको मन्त्रालयमा नजरबन्द समूहलाई टेलिफोनको सुविधा उपलव्ध थियो, फोन गर्दा अङ्ग्रेजी बुझ्ने इरानी साथमै रहने गरी । थाई, फारसी र अंग्रेजीमध्ये फारसी र अंग्रेजीमा टेमसेथले विषेश खालका कुरा गर्न सक्ने अवस्था थिएन, मौकाको चौका उठाउने गरी बठ्याईं गऱ्यो ।

'दू थि नी'

थाई भाषाको परीक्षण गर्न लिङ्केनतिर मुख फर्काएर बसेको टेमसेथले केही कर्के मुहुडा गरी तीन चार चोटि इरानी रक्षक लक्षित गरेर 'यता हेर' भनेर बोलायो, इरानी गार्डमा कुनै प्रतिक्रिया थिएन । थाईमै उसले अलि ठूलो स्वरमा बुझेनौ भन्न 'मि खाउ चइ' भन्यो, त्यो इरानी थाइ नबुझ्नेमा पक्का भयो । थाइल्यान्डको जागिर तेहरानमा काम लाग्यो र टेमसेथले सोमचाइलाई सम्पर्क गरी बाहिरको हाल पत्ता लगायो । थाई नबुझ्नेकाले छेउमा बसेको इरानी प्रतिक्रिया विहिन भएकै अवस्थामा एन्डर्सको डेरामा पाँच अमेरिकी लुकिरहेको कुरा जानकारी सोमचाइमार्फत प्राप्त भयो ।

'अहा ल्या क्रुन दू'

थाईले उनीहरुलाई दानापानीको बन्दोवस्त मिलाइदिएको कुरा सुने पछि टेमसेथले उनीहरुलाई मिल्दो ठाउँमा लुकाइ राख्न अनुरोध गऱ्यो । थाई भान्से सोमचाइ इरानको अवस्थाबारे भलिभाँती जानकर थियो, अमेरिकीलाई दिन दिनै नयाँ ठाउँमा सार्दथ्यो – बन्धक अमेरिकीका खाली घरमा पनि ।

'कि खान्छ आँटले कि खान्छ ढाँटले', अति भएपछि एन्डर्सले सेर्डाउनलाई फोन सम्पर्क गरेको थियो ।

सेर्डाउनबाट केही बेर पछि सोमचाईलाई ल्याउने समाचार आयो । सोमचाई एक घरबाट अर्को घरमा जान थाइ अनुहार भएकाले सजिलै पर्दथ्यो । समस्या काम न काज अर्काको घरमा छिर्नुमा थियो, कहिले प्लम्बरका साधन लिएर त कहिले बगैंचेका सामान बोकेर जान्थ्यो, साथमा लुकाइएको खाद्यान्न सहित । सोमले मिलाएको चाँजोपाँजो अनुसार इरानी मालीहरुको सहयोगमा गैरइरानी ड्राइभर भएका दोटा कार मगायो । थाइ व्यवस्थापन, इरानी सहयोग, तेश्रो मुलुकका ड्राइभर, अमेरिकी यात्रु र गन्तव्य चाही क्यानाडाली दूतावास – पाँच वा छ मुलुकको सहयोगमा शरणार्थी गुप्तबास पुगे ।

सोमचाइ डेरा फर्कदा मिलिसियाले मालीहरु कुटिरहेका थिए । सोमले चाल पायो – अबका दिन असजिला छन् । सोमले कसै आफूलाई कुनै घरमा लुकेर ज्यान बचाउन पऱ्यो - अज्ञात घरमा न रसद, न खुला

हावा । सहयोग पिडित सोमले महिनौंसम्म मध्यरातमा केही बेर खुला आकासको हावा खान पाउँथ्यो – सबै सुते पछि बगैंचामा । सत्य र इमान भनेको लाख हो, धन भनेको खाक हो भन्ठान्ने पक्कानविद् सोमचाइले धेरै दिन पाउरोटीमा चिनी पानी छर्केर खाएका भरमा दिन गुजार्‍यो । सोमचाइले चार सय चालीस दिनको गुप्तबास पछि स्वीस दूतावासको सहयोगमा इरान छोड्यो* ।

**

सोमचाइमार्फत सेर्डाउनको सन्देश एन्डर्सको फोनको केही घण्टाभित्रै आयो – 'आउनु'

सोमचाइको सहयोगमा तीन शरणार्थीको पहिलो समूह सेर्डाउन निवासमा गुप्तबास बस्न पुग्यो, बाकी दुई टेलोरको निवासमा ।

सम्बन्धित मुलुकले दूतावास नचाहने हो भने बन्द गर्ने कुटनैतिक तरीका अवलम्बन नगरी अमेरिकी दूतावासमा दोहोर्‍याएर भएको अतिक्रमण कुटनैतिक रुपले गम्भिर घटना थियो । संक्रमणकालिन इरानी सरकारले तीन घण्टामा नै समाधान गरेको पहिलो कब्जा पनि गम्भिर नै थियो, तर दोश्रो कब्जा पछि इरान सरकारले कब्जाकारीको पक्षमा वकालत शुरु गरेको थियो । सरकारसँग वार्ताको टेबलमा बसेका दूतावास प्रमूख लगायत तीन उच्च अधिकारी मन्त्रालयमा नै निर्वासित थिए । सरकारले दूतावास कब्जा छुटाउनु पर्दछ भन्ने समूहले राजिनामा दिइ सकेको र प्रतिस्थापनमा आएको नयाँ सरकारले कब्जा समस्यामा वास्ता गरिरहेको थिएन । संसारभरको कुटनैतिक क्षेत्रमा अचम्भित पार्ने यस्ता गम्भिर कार्यको टेलोर सामूहिक विरोधको नेतृत्व गर्न खोज्दै थियो । संसदीय प्रस्तावको रुपमा दूतावास कब्जाको पर्सिपल्टै ओटावाको हाउस अभ कमन्सले इरानी कार्य आपराधिक काम हो भनि एकमतले प्रस्ताव पारित गरिसकेको थियो । समस्याबारे उता ओटावा र यता टेलोर खुलेर इरानको विरोध जनाउँदै थिए । शरणार्थी स्वीकार पछि टेलोरले चुप बस्ने नीति अख्तियार गर्‍यो । सरकारी तवरको विरोध जनाउने काम विदेश मन्त्रालयले ओटावामा रहेको इरानी दूतावासमार्फत गर्‍यो । संसदले नोभेम्बर २८ मा विपक्षीको दबावमा अर्को पटक प्रस्ताव पारित गर्‍यो, बन्धक छोड्नु पर्ने । संसद र अन्तराष्ट्रिय सम्मेलनमा बाहेक खासमा क्यानाडा सरकार चाही यो मामिलामा झण्डै शान्त रहेको देखिने प्रयत्न गर्‍यो, मानौ क्यानाडालाई केही मत्लव नै छैन ।

**

सेर्डाउन र टेलोर दुवैका निवास उत्तरपूर्वी तेहरानमा धनी इरानी, उच्च कर्मचारी तथा कुटनीतिज्ञहरु बसोवास गर्ने हरियालीले ढाकेको, हरेक घरमा पर्याप्त खाली ठाउँ राखिएको, गर्मीमा पनि चीसो हावा खान पाइने

एल्बुर्ज पहाडको फेदीमा रहेको पखेरामा थियो – तेहरान शहर झललल देखिने सुन्दर दृष्यावलोकन भएको । सम्पन्न र धनी इरानी, विदेशमा बसेका इरानी तथा कुटनैतिक कर्मचारीहरुको आवासक्षेत्र भएकाले सुरक्षा व्यवस्था मजबुत भएको तेहरानको मूख्य क्षेत्रभन्दा महँगो पनि थियो । सामेली जुलुसमा जाने, नारा लगाउने, प्रहरीका लौरा खाने र उस्तै परे गोलीमा ज्यान गुमाउनेहरु त त्यस क्षेत्रमा बस्न नै सक्दैनथे – जुलुस नपुग्ने जुलुसमा नजाने एकमात्र स्थात । सानदार क्षेत्रमा ठूल्ठूला जग्गामा घर बनेकाले कुन घरमा के भइ रहेको छ भनी छिमेकीले वास्ता गर्ने मौका कम मिल्दथ्यो – सेर्डाउन बसेकै घर बीस कोठाको विशाल थियो । सरसापट, आपसी परिचय, छिमेकीहरुमा आतेजाते पनि खासै नहुने - गुप्तबासका लागि हरेक हिसावले उपयुक्त ।

**

१९७९ नोभेम्बर २१

'हेलो महामहिम टेलोर, आराम हुनुहुन्छ,' स्विडिस राजदूतले क्यानाडेली राजदूतलाई टेलिफोन लगाए ।

दूतावास कब्जा हुँदा इरानी विद्यार्थी र जुलुस भित्रमात्र जाँदैनथ्यो, हजारौं भित्र छिर्दथे सयौं बाहिरिन्थे । दूतावासको कृषि सहचारी हेनरी ली सात्ज यसै मेसोमा भिडमा मिसिएर बाहिर सडकमा पुगेछ र भिडैभिडमा हिड्दै छलिएर ताज्रिस स्वायर कटेर सेमइरानमा रहेको स्विडिस दूतावासमा पुगेर आफ्नो परिचय दियो । दूतावास कब्जाको घटना यो पहिलो थिएन, फरवरीमा तीन घण्टापछि दूतावास अमेरिकीको कब्जामा आएको थियो, फेरी शरणको मरण पनि त हुदैन । दूतावास आइपुगेको पाहुनालाई यस्तै विचार गरेर स्विडिस राजदूतले अतिथी बनाएछन् । दुनियाँका लागि छालाको रंग पश्चिमी नै भएता पनि अमेरिकी र स्विडिसको भाषा, संस्कृति, भेषभुषा जस्ता विषय मिल्दैनथे । दूतावासको समस्या फरवरीमा जस्तो तत्काल समाधान पनि भएन, साँझ पऱ्यो सात्जलाई कसरी निवासमा पुऱ्याउने स्विडेन सरकार र राजदूत अप्ठेरोमा परे – झँगला थपियो । दूतावासभित्रै येनकेन प्रकारेण सात्जलाई कार्यालयको कोठामै बरविच्छ्यौनाको बन्दोवस्त मिलाइयो – साँझको खाना दिउसोको बचतबाट चलाइयो । दोश्रो दिनदेखि सात्जका लागि खानाको चाँजोपाँजो त सजिलै मिलाइयो, तर ऊ दूतावासको कोठामा नै रहनु पर्ने भयो ।

दूतावास कब्जाको समस्या आधा महिनादेखि समाधानको बाटोमा उन्मुख थिएन । दुवै मुलुक अमेरिकी र क्यानाडेलीको भाषा, संस्कृति, भेषभुषा उही थिए । दूतावास कर्मचारी सात्जको समस्या समाधान होला की भनि यही आधारमा टेलिफोन गरिएको रहेछ र स्विडिस राजदूतले एक अमेरिकी शरणार्थी आफूकहाँ रहेको जानकारी गराए ।

'भैहाल्छ नी । पठाइदिने व्यवस्था मिलाउनु होला', टेलोरले एक सासमा जवाफ फर्काए ।

सेर्डाउनको गुप्तबासमा आजदेखि अर्को एकजना थपियो ।

नोभेम्बरको अन्ततिर तेहरानमा अमेरिकी बन्धकलाई लिएर अनेक थरी अफवाह फैलन थाले । कोही अब अमेरिका चुप बस्दैन तेहरानमा यो गर्छ ऊ गर्छ भन्दछन् । कोही के भन्दछन् । अमेरिकीहरु पनि आफ्नै तालले काम गर्दैथिए । अमेरिकीका पनि हरेक कुरा ओटावा वा टेलोरसमक्ष पुग्दैनथे । तर एउटा कुरा निश्चित थियो – बन्धक छुटाउने कुनै योजना सफल भएमा यी छ शरणार्थी तेहरानमै छुट्दथे, असफल भएमा यी लगायत सबैलाई बाहिर लैजान थप असजिलो पर्दथ्यो ।

इरानीको पाहुनाप्रतिको सद्भाव तथा स्नेह उच्च थियो । धनी गरिव पढेको अनपढ जोसुकै इरानी पनि विदेशीको उचित सम्मान गर्दथे । भन्न त काग र कोइली छुट्याउने बोली भन्दछन् । तर दुई वर्षको बसाइमा टेलोरले इरानीको सद्भावपूर्ण सहयोगभन्दा अरु देख्न परेको थिएन । रुखो र मीठो दुई थरी सुन्नु परेको थिएन । व्यक्तिगतरुपमा कुनै विदेशीलाई चोट नपुर्‍याए पनि गतवर्ष आन्दोलन शुरु भए पछि पश्चिमा अनुहार प्रति हरेक इरानीको उही शंकालु आखा परेका थिए – षड्यन्त्रकारी । अमेरिकीहरुप्रति त उनीहरु आगो उकेल्थे । एक वर्षदेखि सार्वजनिक अपमान खपेका अमेरिकी पाहुनालाई कुनै चिजको कमि नहोस् कुनै प्रकारको निराशा नहोस् भन्नेमा टेलोर सचेत थिए । त्यसैले उसले गुप्तवासीको बसाइमा सम्भवभए सम्म आरामदायी र आकर्षक बनाउन कुनै कसर बाकी राखेको थिएन । टेलोरको मन्त्रणामा ओटावा सरकार पनि गुप्तबासीमा कुनै प्रकारको निराशाका चिन्ह नआओस भन्नेमा आवश्यक खर्च पठाउन उत्सुक थियो – पुस्तक, अखवार, खाना, फलफूल, वियर, वाइन, स्कच सबै थोकका लागि । बसाइ आरामदायी थियो, रुख विरुवा सहितको ठूलो कम्पाउन्ड भएका घरहरु भएको स्थान भएकाले तथा क्यानाडेली पाहुनाका रुपमा बसेकाले आगन बगैंचासम्म जान मिल्दथ्यो । बासबाट दरबन्द तथा गोलाव दारे नदीको सुन्दरता देखिन्थ्यो । सुविधा सम्पन्न बसाइमा पनि दैनन्दिनको टड्कारो समस्या फेरी उही – कतै उनीहरु पक्रिएलान र मारिएलान ।

मिलिसियाहरुले दूतावासका कागजातबाट को को थिए र को को चाही सिआइए एजेन्ट हुन भनि अध्ययन गर्दै थिए । समयको चक्रमा दूतावास कागजात तथा निवास स्थान दुवैतर्फबाट उनीहरुको अवस्थिति पत्ता लाग्न सक्ने डर मौजूद थियो ।

नामी गलैंचा कालिगढहरु रहेको मुलुक हो पर्सिया । संसारमा ठूल्ठूला तथा विभिन्न गुणस्तरका गलैंचा इरानीकै तानमा खिचिएका हुन् । तानमा धागो र ऊनको मिहिन काममा इरानीका बीसौं पुस्ताको अनुभव छ ।

दूतावासमा कागज काट्ने मेशिनले टुक्रा टुक्रा पारिएका कागजहरु मिलाउन गलैंचा बुन्नेहरुलाई लगाइएको थियो – फरवरी पछि अधिकांश कागजात फ्र्याङ्कफर्ट सारिएकै भए पनि । दूतावासका सग्ला कागजात र गलैंचा कालिगढले उनेर तयार गरेका कागजातहरुबाट इरानी हुकुमदले युएस एस्पिओनेज डेन नामको पुस्तक श्रृंखला प्रकाशन नै गऱ्यो र पच्चीस वर्षदेखिका भेटघाट अभिलेखबाट स्वदेशी जासुस सूचि पहिचान गऱ्यो (पछि)। दूतावास कर्मचारीहरुको च्यातिएका फोटोहरु उनेर वा सग्लै भेटिए त उसै पनि परिचय खुल्न सक्दथ्यो । विदेश मन्त्रालय तथा दूतावासको अभिलेखबाट पनि दूतावासमा हुनुपर्ने कर्मचारीको संख्या र बन्धकको गिन्ति नमिलेको जान्न र नाम पत्ता लगाउन खासै गाह्रो थिएन ।

धनिमानीको वस्ति भएकाले वस्तिमा हरेकका आआफ्नै सवारी साधन थिए । हरेक जसो घरमा पूरा समय काम गर्ने वा अल्पकालिन घरेलु सहायक थिए । निवासधनी त सडकमा देखिदैनथे तर घरेलु सहायक पैदल हिड्ने नै भए । कुनै घरेलु सहायक गुप्तवासको वरिपरिको जग्गामा केही बेर अडियो भने भित्र बसेकालाई काग बस्नु हाँगो पनि भाचिनु जस्तो हुन्थ्यो । कुनै घरको लुगा धुने मान्छेले लुगा सुकाउन लामो समय लगायो वा आफू बसेतिर फर्केर लुगा सुकाउन थाल्यो भने डर शुरु भैहाल्थ्यो । अर्को घरको धारा वा ढलको पाइप बनाउने ज्यामीको थकाइ मार्ने समय पनि गुप्तवासीका लागि अरुले जासुसी गरे सरह हुन्थे । हुन त जनी मर्दाक झगरा बिचमा बोलले लबरा भनिन्छ, तर चोकमा कुनै दम्पती झगडा गर्न अडिए भने पनि गुप्तवासीको सातो जान्थ्यो – जासुसी हो की भनेर । विदेशीहरुको सघन बसाइ रहेको शिमरानको त्यो इलाकामा क्रान्तिकारी गार्डहरुको प्रदर्शन भयो । प्रदर्शनकारीहरुको भिडको एक समूह गुप्तवासी लुकेको कोठा छेउबाट गयो ।

'जोसेफ ' साउती तर कर्कस तरीकाले सात्ज करायो, 'ऊ हेलिकोप्टर हामीलाई निगरानी गर्दैछ । लुकी हाल ।'

एक हेलिकोप्टरले लुकेको घरको छेवैसम्म आइपुग्यो । केही सेकेन्ड अड्याएर आएकै दिशातर्फ फर्कियो पनि । गुप्तवासीले आफूलाई झ्यालबाहिरबाट नदेखिने गरी चटपट पनि नगरी लुक्नु पऱ्यो । हेलिकोप्टरको लक्ष त्यो घर वा गुप्तवासी भए वा नभए पनि गुप्तवासी चाही थर्थरी भए ।

चोरका खुट्टा काट्

अमेरिकी अधिकारीहरु तेहरान दूतावासमा बन्धक बनाएका संख्यामा हडबडाएर थरिथरी उत्तर दिएकोमा क्युवेकको ला प्रेशका वासिङ्गटन सम्बाददाता जिन पेलेटरले मतलब खोतल्यो । दूतावासमा कति अमेरिकी थिए भन्ने कुरा अमेरिकी अधिकारीलाई थाहा नहुने कुरै भएन । तर विदेशमन्त्रीले भनेका र अन्य श्रोतका बन्धकको संख्या अमिल्दो थियो । पेलेटरले त्यो फरक संख्यालाई दशौं तरीकाले विश्लेषण गर्‍यो र फरक लुकेका अमेरिकीको हो र उनीहरु क्यानाडेलीको संरक्षणमा हुनुपर्दछ भन्ने सत्य अनुमान गर्‍यो । डिसेम्बर ३ को टोकियो सम्मेलनमा प्रधानमन्त्री क्लार्कले क्यानाडाले सरकारी वा निजी तवरले समस्या समाधानमा सहयोग गरिरहेकोले धनी र विकसित मुलुकहरु अमेरिकाको साथ रहनु पर्ने सम्बोधनमा पनि पेलेटरको ध्यान परेको थियो । टोकियो जानु केही बेर अगाडीमात्र सांसद मसियाचेनको प्रश्नको जवाफमा क्लार्कले संसदमा जवाफ दिँदै हामीले अमेरिकालाई यो समस्यामा वक्तव्यबाट होइन काम गरेरै सहयोग पुर्‍याउने बेला हो यो भनेको पनि पेलेटरले गम्भिरतापूर्वक लियो । हुन त इरानबाट प्राप्त भएको तेलमा नाकाबन्दिका कारण अपुग हुने तेल क्यानाडाले अमेरिकालाई बेच्ने वाक्यांस पनि सो संसद सम्बोधनमा परेको थियो । तर यतिका लागि क्लार्कको 'काम गरेरै सहयोग पुर्‍याउने' भन्ने वाक्यांस आवश्यक पर्थेन । पेलेटरको ध्यान तेहरानको क्यानाडेली दूतावासमै पुगेर अडियो ।

इरानी संकटमा क्यानाडाले अमेरिकालाई कसरी सहयोग गर्न सक्दछ भन्ने प्रश्नको आवरण बनाएर ऊ क्यानाडेली दूतावास वासिङ्गटनका राजनैतिक सहचारी गिलेस माथ्युसमक्ष पुग्यो । कुरा खुस्कने पक्का भयो । गिलेसबाट राजदूत पिटर तोयले सम्भाव्य खतराको समाचारमात्र पाएनन्, पेलेटरको कथा साँचोको नजिक भएको यकिन गरे ।

पिटरले पेलेटरलाई फोन गरेर डाके । पिटरले घटनाको सत्यतामा त कुरा गरेनन् । तर कुनै अनुमानित कथाका कारण उसैले भनेका गुप्तवासीको जीवनमा केही भयो भने क्यानाडा र अमेरिकाको सम्बन्धमा पर्ने असरका बारेमा लामो प्रवचन दिए । अन्तमा आफूले केही थाहा नपाए जस्तो गरी पेलेटरले भने झैं यदि कुनै अमेरिकी तेहरानमा कतै लुकेकै भए पनि त्यससम्बन्धि समाचार उनीहरु स्वतन्त्र नभएसम्म गर्न नहुने कुरामा सहमत गराए ।

क्यानाडामा सम्पादकलाई समाचारको मूल सन्देश टिपाएर अमेरिकामा थप श्रोत खोजिरहेको पेलेटरका आँखा खुले । उसले आफ्ना सम्पादक योन डुवोजलाई आफ्नो समाचार परिपक्व भए पछिमात्र प्रकाशन गर्न दवाव

दियो । सम्पादक समाचार ब्रेक गर्न चाहने सम्बाददाता रोक्के । पत्रकारिता जगतमा अनौठो लाग्ने घटना देखियो । समाचार रोकियो ।

पिटरले समाचारको सत्य अनुमानको जानकारी राजधानी ओटावामा गरे र अन्य कुनै पितपत्रकारिता गर्नेमार्फत तेहरान घटना चुहिन सक्ने खबरदारी गरे ।

डिसेम्बरको अन्तिमसम्म तेहरानमा केही अमेरिकी कर्मचारी हराइरहेका छन् भन्ने प्रायजसो पत्रकार निश्चित भैसकेका थिए । तर तिनीहरुको अवस्थाबारे अन्यौलग्रस्त । न्यूयोर्क टाइम्सका पत्रकार पनि हराइरहेकाको सम्भाव्य गुप्तस्थान क्यानाडेली दूतावास हुन सक्ने निचोडमा पुगे । व्यवसायिक स्तरको पत्रकारिता रहेको अमेरिकामा समाचार प्रकाशित गर्नु अघि त्यसको पूरै सत्यता र श्रोत जाँचिनु अत्यावसेक थियो । सरकारी सूचना दिदा कुनै सरकारी अधिकारीको हवाला दिएर समाचार बनाउनु पर्दथ्यो । क्यानाडेली विदेशमन्त्री फ्लोरा म्याक्डोनाल्स संयुक्त राष्ट्र संघको महासभामा भाग लिन न्युयोर्क आइन । कुनै गोप्यताको संकेत खोजिरहेका पत्रकारहरु उनको हरएक चालको अध्ययन गरिरहेका थिए । उनले ३० डिसेम्बरमा अमेरिकी विदेशमन्त्री भान्सलाई भेटिन । फ्लोरा र भान्सको त्यो भेट शिष्टाचार भेट हुन सम्भव थिएन । अमेरिका र क्यानाडाका कुनै विशेष विषय पनि थिएनन् – सम्भाव्य गुप्तबास समस्या बाहेक । पत्रकारलाई पुगिहाल्यो – थाले खनिखोश्री गर्न । परिस्थितिका दास भएकाले, भाग्यवस, यिनलाई पनि अशोस्थामा हतो हतः नरो वा कुञ्जरको उही सूत्र दोहोऱ्याइयोः

'मान्नुस, तपाईले भने जस्तै कोही अमेरिकी कर्मचारी तेहरानमा कतै लुकेकै रहेछन् रे । त्यसको सम्भावित स्थानबारे समाचार दिएर तपाईहरु उनीहरुको हत्या गराउन चाहनु हुन्छ । चाहनुहुन्छ भने भन्नोस है'

न्युयोर्क टाइम्सले पनि गुप्तवासको समाचार हाललाई स्थगित गऱ्यो ।

टेलोरका केवलमध्ये 'अति गोप्य' लेखिएकामा शरणार्थी वा अमेरिकाका कुरा हुन सक्दथ्यो । 'गोप्य' भनिएकामा अन्य कुरा पनि हुन सक्दथ्यो । आन्तरिक सूचनामा 'पाहुना' (होमगेस्ट) शव्दले गुप्तवासीलाई बुझाउँदथ्यो । असावधानीबस एउटा केवलमा 'गोप्य' मात्र जनाइएकोमा भित्र कतै 'पाहुना' शव्द परेको रहेछ । यस्ता पत्र विभागीय प्रमूखहरुले अध्ययन गर्दथे । 'पाहुना' शव्दको अर्थ नबुझेकालाई त्यो 'पाहुना' सँग तादम्यता राख्ने पत्रको भागको खासै अर्थ लाग्न गएन । क्यानाडाभित्रै पनि सूचना चुहिने डर भयो ।

**

इरान, अमेरिका र क्यानाडाका आआफ्नै समस्या थिए । तीनै मुलुकका समस्या अमेरिका, क्यानाडा र तेहरान तीन स्थानमा जकडिएका थिए – समस्या एउटो, नौतिर गुजुल्टेका ।

इरानमा नयाँ व्यवस्था शुरु भएको तर अमनचयनको अवस्था नियन्त्रणमा आइसकेको थिएन । इरानी सम्पति अमेरिकामा रोक्का थियो । अमेरिकी केन्द्रिय बैंकको नयाँ निर्देशनले इरानी खाता रोक्का नगरेका बैंकले अमेरिकी बैंकसँग कारोवार गर्न नपाउने कारण अन्य मुलुकमा रहेका सम्पति पनि रोकिने अवस्थामा थिए । मुलुकमा अमेरिकी नाकाबन्दि थियो । अमेरिकाको चरम विरोधी सोभियत संघ पनि चुप्पी साँधेर बसेको थियो । राजधानीमा बन्धक र गुप्तवासको समस्या ऐँजेरुको रुपमा रहेका थिए । बाझ कि जाने परसौती के हाल भने झैं छोडौं राष्ट्रवादीले सेक्के नछोडौं अन्तराष्ट्रिय दबाव खपिनसक्कु ।

अमेरिकीलाई आफ्ना नागरिक विदेशी भूमिमा बन्धक र गुप्तवासमा थिए । छुटाउने समस्या थियो – नागरिकको दवाव चर्को थियो । शाह आफ्नै मुलुकमा छन् – हटाउने वा राख्ने समस्या थियो । गुप्तवासी क्यानाडेली दूतावासमा आश्रित थिए । कुनै पनि काम गर्न क्यानाडाको सहयोग अनिवार्य थियो । अरब सागरको तटिय राज्य भएता पनि तेहरान सुदुर उत्तरमा थियो – सोभियत सीमाको छेउमा ।

शाहको पलायन तथा भ्यालेन्टाइन डे ओपेन हाउस घटना पछि क्यानाडाले इरान छोड्ने तयारी शुरु गरेको थियो । क्यानाडेली कर्मचारी संख्या एक दर्जनमा सिमित थियो । राजनैतिक रुपमा पनि क्यानाडामा अल्पमतको सरकार चलिरहेको थियो । सरकारलाई कुनै पनि काम गर्न आन्तरिक रुपमा पनि कठिन भैरहेको थियो । गुप्तवास समस्या समाधान भएमा ओटावाले कम्तिमा तेहरान दूतावास बन्द गरी आफ्नो अमूल्य समय आन्तरिक वा अन्य समस्यामा केन्द्रित गर्न सक्थ्यो । सोभियतहरुले डिसेम्बर २४ मा अफगानिस्तान कब्जा गरे पछि त क्यानाडा दूतावास बन्द गर्न एक मिनेट पनि ढिला गर्न चाहदैन थियो । दूतावास बन्द गर्नु अगावै अमेरिकी शरणार्थी स्वीकार गर्नु परेकाले ढिलाइ भइरहेको थियो । गुप्तवासको समस्याको गोप्यताले अमेरिकी तथा आफ्ना नागरिकको सुरक्षा चिन्ता थपिएको थियो । दूतावास बन्द गर्न अमेरिकी गुप्तवासीको समस्या पहिला समाधान हुनु पर्दथ्यो । कुनै पनि काम अघि बढाउन अमेरिकाको स्वीकृति आवश्यक पर्दथ्यो । गुप्तवास प्रकरणमा अमेरिका आफ्नै हात माथि राखिराख्न खोजे जस्तो देखिन्थ्यो ।

चार गुप्तबासी बसेको गृहपति सेर्डाउनकी श्रीमती जिना कहिल्यै तेहरान घुम्न गएकी थिइनन् । सधै घरमा रहन्थिन् । उनीहरु बसेको घर र कम्पाउन्ड ठूलो थियो – खेलकुद यार्ड तथा टन्न बगैंचा भएको, गेटपाले सहितको । जाडो बढिरहेको थियो । दिउसो ऊ र पाहुनाहरु घाम ताप्थे, खेल्थे, डुल्थे, फिर्थे । कहिलेकाही केही घर

पर्तिरसम्म पुग्दथे । कम्पाउन्ड विशाल भएको घरको बगैचा मिलाउन हप्तामा दुई तीन पटक इरानी माली आउँथे । घरमा कहिलेकाही अरु पाहुना पनि आइपुग्दथे । बन्धकहरुमा निराशा नआओस भनि परस्पर बोल्न पढ्न खेल्नका लागि टेलोर उक्साइरहन्थ्यो – यता भने उनीहरु गफगाफका कारण अरुका ध्यान पर्न सक्दथे । आगन र बगैंचामा सधै उही पाहुना त्यो पनि इरानको यत्रो समस्यामा पनि बेकाम बसिरहेका देख्दा कसैले शंका गर्ला र पक्रिएला भनेर ऊ डराइरहेकी थिइ ।

'केन पानीको विल तिर्न पठाऊ है ।'

प्याटले लोग्नेलाई अनुरोध गरी र विल हातमा थमाई । श्रीमतीले दिएको विल कोटको खल्तिमा हाल्नु अगाडि टेलोरले यसो आँखा पार्‍यो । 'बाफ रे बाफ ! ध्यान दिनु पर्ने मूल कुरामा त आँखा परेकै रहेनछ । चीसो बढ्दो छ धाराको विल महागर्मीको भन्दा दोब्बर ।'

टेलोरले सर्डाउनका विलमा पनि ध्यान दिन अनुरोध गर्‍यो । नयाँ समस्या पहिचान भयो । विगत लामो समयदेखि झण्डै एक समान रहेका टेलोर तथा सेर्डाउनका निवासमा जडित बिजुली तथा पानीका विलहरु ह्वात्तै बढेका थिए । करमुक्त पसलको विलको परिमाण पनि अचम्मैसँग बढ्दो थियो । कोठा तताउने कोइला तथा खाद्यान्नको परिणाम, सागसब्जि, फलफूल, पत्रिकाको संख्या र प्रकार, चर्पिका सामान, दाँत माझ्ने बुरुसदेखि मञ्जन जस्ता हरेक घरायसी चिज साविकभन्दा तीन चार गुणा बढेको छ । दुई जनाको परिवार, दर्जनलाई पुग्ने खरिद छ । यी सामानका विक्रेता वा अड्डामा काम गर्ने कसैले वा सामान ल्याउने व्यक्ति वा सवारी चालकले यी साना कुरामा ध्यान दियो भने ?

'तिमीबाटै शुरु'

टेलोरले दुई दर्जन टावेल किन्न स्थानिय कर्मचारी पठाएको थियो । गाडिबाटै पहिलो टावेल उसैलाई दियो । पर्सियाली संस्कृतिमा कसैले कुनै उपहार दिए पटक पटक 'पर्दैन पर्दैन, तपाईलाई नै चाहिन्छ, किन दुःख' जस्ता स्वाभिमानी चलन थियो, लिन मानेन । टेलोरको बलले बल्ल उपहार टाबेल स्वीकार गर्‍यो र 'सलाम्' भन्यो । अगाडि परेका अरु केहीले पनि उही क्रममा एकोटा पाए । पाउनेहरु खुशि भएर अजरीमा 'कक्स सुकर अल्लाहम' भन्दै विदा भए ।

बाकी गाडीमै रह्यो । टावेल पाउनेले आफ्ना हाकिमले कर्मचारीमा बाँडेको सम्झे, टेलोरले चाही डेढ दर्जन टावेल गुप्तवास पुर्‍यायो ।

'आज बजार अलि खुला छ', बगैचामा काम गर्ने स्थानीय कर्मचारीलाई टेलोरले सोध्यो, 'प्रदर्शन र आउँदो जाडोका कारण खाद्यान्न सञ्चित राख्नु बुद्धिमानी काम हो । तिमीले जाडोमा पुग्ने खाद्यान्न जोगाड गरेका छौ? कहाँ किन्दछौ?'

'त्यसरी त छैन', बगैंचेले कुर्दिसमा सोझो उत्तर दियो, 'बाजारा फिरोताने ।'

'ए सब्जिमन्डी, ठीक ठाउँ । सब्जिमन्डीमा जाऊ र चार बोरा किन । एक बोरा तिमीलाई, बाकी म जाडोको जगेर्ना गर्दछु ।'

टेलोरले दूतावासका ससाना स्थानीय कर्मचारीलाई हात लिएर विल नहुने स्थानीय बजारबाट खाद्यान्न फलफूल तरकारीको जोहो गर्न थाल्यो । एक पटक बगैचेको सहयोग लियो भने टेलोर अर्को पटक धारा बनाउनेको सहयोग लिन्थ्यो, एउटै कर्मचारीलाई पनि दोहोऱ्याएर काम लगाउन नमिल्ने । खरिद शाखाका कर्मचारीले डिपार्टमेन्टल स्टोरबाट किन्दथे तर स्थानीयहरु स्थानीय 'बाजार'मै जान्थे । कुरो खुल्दैनथ्यो । कुरो पैसाको थिएन, परिमाणको थियो । खरिदमा दूतावास वा राजदूतको परिचय लुकाउनु थियो । हरेकबाट छलिनु थियो । हरेकका आँखामा धुलो पार्नु थियो ।

कथंकदाचित कुनै गुप्तबासी विरामी पऱ्यो भने अस्पताल लैजान सक्ने अवस्था थिएन । अझ कुनै असाध्य रोगले च्यापेमा वा लामै समय विरामी परेमा वा मरेमा के गर्ने भन्नेमा कुनै उद्दारको योजना नभएकामा अमेरिका र क्यानाडा तर्सिरहेका थिए । उल्टो तेहरानमा कुन बेला के हुन्छ वा को विदेशी घाइते हुन्छ भन्नेमा अन्यौलता थियो । परिचयविहिन पाहुनाको विरामीको प्रश्नमा सबैको ओठ तालु सुक्दथ्यो । स्वास्थ्य र विरामी शव्द पनि उनीहरुलाई जीउ सिरिङ्ग पार्ने शव्द बन्न गए ।

टेलोर केही दिन विराएर मन्त्रालयमा निर्वासित अमेरिकी राजदूत लिङ्गेन भेट्न जान्थे । मन्त्रालयमा निर्वासितलाई तेहरानी सरकारले कुटनैतिक सुविधा प्राप्त भन्ने गरेको थियो । इरान सरकारले बन्धकहरु सरकारी बन्धक नमानेर विद्यार्थीका बन्धक मानिदिएको थियो । यही कुटनैतिक मान्यताकै कारण लिङ्गेनलाई मन्त्रालय छोड्न उत्प्रेरणा दिइरहेका थिए । नयाँ विदेश मन्त्री घोब्जादेहले मन्त्रालयको टोलीलाई आन्तरिक र सार्वजनिक सन्देश दिए – 'मन्त्रालयमा रहेका कुटनीतिज्ञले मन्त्रालय छोड्न सक्नेछन्' । सन्देश अनुसार अमेरिका लिङ्गेनको समूहमात्रै भए पनि स्वदेश फिर्ता लैजान तयार भयो । जब अमेरिका उनीहरुको फिर्तिको तयारीमा लाग्यो घोब्जादेहले आफ्नो सन्देशका अक्षर दोहोऱ्याएर पढ्न अनुरोध गरे । सन्देशमा मन्त्रालय छोड्न सक्ने बचनबद्धता थियो, इरान छोड्न सक्ने प्रतिवद्धता थिएन । अमेरिकीहरु हेरेको हेऱ्यै भए । जे होस् मन्त्रालयमा निर्वासितहरु

कुटनैतिक मान्यतामै थिए । टेलोर वा अन्य राजदूत लिङ्गेनसँट भेट्दा यहि कुटनैतिक मान्यताको निरन्तरताका कारण इरानी अधिकारीहरु संगै बस्दैनथे । लिङ्गेनले यही मौकामा कुनै गोप्य सूचनाको लिखत खेश्रारुपमा टेलोरमार्फत अमेरिका पठाइ रहेको थियो । गुप्तवासको सूचना टेलोरबाट लिङ्गेनको ज्ञानमा थियो ।

दूतावासको कर्मचारीका संख्या र बन्धकको संख्यामा अलमलमा परेका इरानीलाई लिङ्गेनले फलाम तातै ठोक्के नीति अनुरुप उपयोग गरिरहेको थियो । उसले मन्त्रालयको अमेरिका हेर्ने शाखाप्रमूखलाई आफ्ना हराएका कर्मचारी खोजेर गोप्य तवरले इरान बाहिर पठाउने व्यवस्था मिलाइदिन अनुरोध गरेको थियो । शाखाप्रमूखले त्यसबारेमा 'माथि सोधेर' जवाफ दिने बताएको पनि हो । तर उसले कहिल्यै यसको जवाफ दिएन ।

शाखाप्रमूखबाट मन्त्रालयका केही उच्च अधिकारीलाई हराएका कर्मचारीको नाम र संख्याको जानकारी भयो – कम्तिमा प्रमूख वार्ताकार विदेश राज्यमन्त्री अहमद सलमातिनसम्म । दूतावास कब्जामा गरम टेलोर एक हप्तामै शान्त भएकोलाई आफ्नो कुटनैतिक सफलता सम्झेका इरानीले गुदी कुरो अर्कै रहेको चाल पाइ हाले । उनीहरुले टेलोर लिङ्गेनको भेटघाटको बाहिरी अवलोकनबाट ती हराएका कर्मचारी क्यानाडेली दूतावासमा भएको यकिन गर्न कुनै कठिनाइ पनि भएन । तरल तेहरानको अवस्थामा कसैको कुनै भर गर्न नसकिँदा खुस्कन सक्ने गोप्यताका कारण इरानी अनुसन्धान विभागमार्फत दूतावासमा निगरानी गराउन सकेनन् । आन्दोलनको तावामा रहेको तेहरानमा सो खवर पाएका अधिकारीहरु भुंग्रोमा झर्ने गरी कुनै जोखिम उठाउन सक्ने अवस्थामा थिएनन् । अन्तराष्ट्रिय कुटनैतिक मान्यता विपरित हुने गरी दूतावास कब्जा भैसकेको र फसेका बन्धक छुटाउन नसकेका बेला गुप्तबासीलाई पक्रेर वा भगाएर अरु समस्या निम्त्याउने अवस्थामा उनीहरु थिएनन् । पक्रन क्यानाडेली दूतावासमा धावा बोल्नु अनिवार्य थियो, इरानीहरु क्यानाडासँग थप दुश्मनी मोल्ने अवस्थामा पनि थिएनन् । भगाउन विभिन्न निकायसँग तारतम्य मिलाउनु पर्दथ्यो, गोप्यताका कारण सम्भव थिएन । गद्दार भनिने डर उत्तिक्कै थियो । कथंकदाचित गुप्तवासको खुलासा भएमा गुप्तवासी, क्यानाडेली तथा गुप्तवासीको सूचना थाहा पाएका इरानीको जीउज्यानको खतरा सामुन्य नै थियो – भगाइएको खुलेमा आफ्नो ज्यान जाने पक्का थियो। तेहरानका उच्च अधिकारीहरुका लागि खराव विकल्पहरुमध्ये सबैभन्दा उत्तम विकल्प गुप्तवासको समस्या गुप्त नै रहनु हुन गयो ।

दूतावास कब्जा हुँदा भाग्न सफलमा अरु दुई पनि थिए – काने कुब र बिल रोयर । अर्को दिन पक्रनु अगावै उनीहरु पाँच गुप्तवासीका बारेमा जान्दथे र पक्राउ पर्नु अगावै मन्त्रालयमा निर्वासित लिङ्गेनको सम्पर्कमा पुगेकाले

भागेकाको जानकारी दिएका थिए । सबैभन्दा दूर्भाग्य उनीहरु बन्धक बने पछि अमेरिकीहरुभित्रै सूचना प्रवाह हुन्थ्यो । कथंकदाचित विद्यार्थीले यातनाको बाटो अपनाए भने गुप्तवासीको जानकारी खुल्न सक्दथ्यो ।

धेरै कर्मचारी बन्धक थिए थोरै गुप्तवास । बन्धक समस्यामा खुलेर बोल्न मिल्दथ्यो, गुप्तवास त गोप्य हुने नै भयो । इरान तह लगाउन बन्धक समस्या उछाल्न मिल्दथ्यो । सकिए त बन्धकका नाममा १९५३ मा जस्तै शाहको शहन्शाह पुनःस्थापना गर्न मिल्दथ्यो । बन्धककै नाममा डाडु पन्यु आफ्नै हातमा रहिरहन्थ्यो । त्यसैले अमेरिका बन्धक समस्या समाधानमा केन्द्रित थियो । समयको क्रममा बन्धक तथा गुप्तबासीको समस्या समाधानमा दिनदिनै नयाँ अप्ठेरा थपिँदै गए ।

यसैताका हिजरी संबत्‌को १४०१ औं दिन मोहर्‌रम (१९७९ नोबेम्बर २०) विहान ५ बजे पचास हजार जतिको नमाज शुरु हुँदै गर्दा आफ्नो र आफ्ना बाउको नाम पैगम्बर मोहम्मद र उहाँका पिताको नामसँग मिल्दछ, म नै इस्लाम बमोजिमको समाज शुद्धता कायम गर्न उत्तरतिरबाट पठाइएको हुँ भन्दै मोहम्मद अब्दुल्लाह अलकतानीले साउदी शाही शासनको विरुद्धमा मक्काको मूख्य मस्जिद मस्जिद अलहराम कावा कब्जा गरे । साउदी प्रहरीको टुकडीले पवित्र कावा मस्जिद कब्जा छुटाउन सकेन । पवित्र कावा कब्जाको खबर इरान पुग्ने वित्तिकै खुमेनीले सो कार्य अमेरिकी अपराधीको सहयोगको कार्य भनि रेडियोमा प्रशारित भएको थियो । अरबी मुलुकका राजतन्त्र फ्याँकेर इस्लामी राज्य बनाउन खुमेनीले आह्वान गरिरहेकै थिए । सियाहरुको एकछत्र राज्य सञ्चालनमा आइसकेको तर आफ्नै मुलुकमा शाही शासन विरुद्ध आफ्नै मित्रका परिवारको नेतृत्वमा पवित्र कावा कब्जा भएको भौंतोमा साउदी शाही सरकार अनन्यमस्क अवस्थामा पुग्यो । हुन त मक्का शहर खाली गराइ फ्रान्सेली गुप्तचरको सहयोगमा पाकिस्तानी कमान्डोले ४ डिसेम्बरमा यो कब्जा छुटाइएको र पक्राउन परेकाले एक महिना नपुग्दै जनवरी ९ मा आठ साउदी शहरमा सार्वजनिक फाँसी दिइएकोले स्थिति नियन्त्रणमा नै भए जस्तो थियो, तर पवित्र भूमिको रक्षामा चुकेकोले कुनै गैरइस्लामी मुलुकको सहयोग गर्न सक्ने अवस्थामै थिएन । इरानमा रहेका बन्धक छुटाउन सहयोग पुऱ्याउन सक्ने सम्झिएको साउदी अरब २० नोबेम्बर देखि नै कुनै सहयोग पाउन नसकिने अवस्थामा पुगिसकेको थियो ।

बाहिर देखिने बन्धक समस्या त छदैं थियो, भित्री गुप्तवासीको चाही इरानीलाई समस्या, क्यानाडेलीलाई समस्या, मूख्यतः अमेरिकीलाई समस्या । तर एउटा कुरा निश्चय भयो, प्राथमिकता फेरियो – बन्धकभन्दा पहिला गुप्तबासी ।

**

क्यानाडाले आफ्नै तरीकाले गुप्तवासी छुटाउन पहल गरिरहे पनि अमेरिका आफ्नै तरीकाले काम गरिरहेको थियो । सिआइए गुप्तवासी छुटाउने योजनामा हर प्रकारका उद्योग गरिरहेकै थियो । मेन्डेजको दिमागमा विभिन्न जुक्ति फुर्दै थिए । सेलाउँदै थिए । कसैले तस्करी मार्गबाट टर्की निकाल्ने योजना ल्यायो । तेहरान जेलमा रहेका आफ्ना दुई इलेक्ट्रोनिक डाटा सिस्टमका कर्मचारीहरु भर्खरै तस्कर मार्गबाट चिप्काउन सफल शाहका अनन्य मित्र अर्बपति रोज पेरेटसँग त्यसका विविध पक्षबारे छलफल पनि भयो । उत्तर एटलान्टिक सन्धी संगठनको डिसेम्बर बैठकको क्रममा क्यानाडेली विदेश मन्त्री फ्लोरा म्याक्डोनाल्डले अमेरिकी विदेश मन्त्री साइरस भ्यान्सलाई गुप्तवासी छ अमेरिकीहरु चोरीमार्गबाट हिंडाएर वा बढीमा साइकलको भरमा टर्की निकाल्ने सुझाव पनि दिइन ।

अमेरिकीहरुले यथास्थिति र बढ्दो समस्याको आत्मादेखि महशुस गर्दै थिए ।

क्रिसमस आयो गयो । थ्याङ्क गिभिङ्ग आयो गयो । नयाँ वर्ष लाग्यो ।

१९८० जनवरी १०

कुर्नुको पनि हद हुन्छ । त्यो पनि लुकेर । डराएर ।

मार्क लिजेक र एन्डर्सले वासिङ्गटन पठाउने केवलको एक मस्यौदा टेलोरको हातमा थमाए । मस्यौदाको अन्तमा लेखियो – 'हामी यहाँबाट निस्कन चाहन्छौं' ।

नबनेको सिनेमा

११ डिसेम्बर १९७९

तदारुकताका साथ काम गर्ने पहिचान बनाएको अठतीस वर्षिय टोनी मेन्डेज भियताम युद्धमा जासुसी इकाइमा काम गरिसकेको अनुभवी थियो, भेषबदलु शाखा सहित चौध वर्ष सिआइएमा काम गरेको । तेहरानमा फसेका गुप्तवासी निकाल्न कै लागि आजैदेखि, सयौं हजार नक्कली परिचय बनाइसकेको ग्राफिक्स र प्रमाणिकरण विभागको प्रमूखको रुपम सरुवा गरी पठाइयो ।

ताइ न तुईका उट्पट्याङ्ग जस्ता लाग्ने जासुसी कार्य गर्ने मेन्डेजले चुरोट पसलेको भेषमा विष्फोटक जडान गरिएको सिगार फिडल क्यास्ट्रो समक्ष पठाउन सफल भएको थियो – समय चक्रले क्यास्ट्रो जोगिनु बेग्लै कुरा । त्यस कामको असफलता पछि उसले क्यास्ट्रोको क्युवा जस्तो नियन्त्रित ठाउँमै साउन्ड सिस्टम व्यापारी बनेर क्यास्ट्रोका लागि तारको जाली लुकाएको माइक्रोफोन पुऱ्याउने जस्ता काम गरिसकेको थियो । तत्काल पर्ने हरेक अप्ठेरो अवस्थामा पनि ऊ भेषबदलुमा दख्खल राख्दथ्यो । तहबह यसरी मिलाउँथ्यो की एकपटक सिआइएको अफ्रिकी मूलको अधिकृत र एसियाली कुटनीतिज्ञलाई सैनिक नियम लागेको लाओस जस्तो मुलुकमा मुकुण्डोको भरमा ककेसियाली ब्यापारी बनाइ दियो । तार र स्प्रिङ्गको सहायताले गाडीभित्र मान्छे बसिरहेको भान पारी मिग जेटका अति संवेदनशिल सूचना रसियन इन्जिनियरबाट फुत्काएर भाग्न सफल भयो । तेहरानमै पनि शाहकै शयन कक्षमा पहुँच बनाएको दरबारिया एजेन्टलाई भेषबदलेको भरमा दशौं मुलुक घुमेको जोर्डनी कासिम बनाएर यसै वर्षको फरवरीमा फुत्काएको थियो, मेहराबाद हवाइ अड्डाबाटै । तर्सिएको बृद्द व्यापारी कासिम, डिपार्चर लाउन्जमा पुगेर पनि डराएर शौचालयमा लुक्न पुगेकाले विमान चढ्ने बेला नभटिए पछि मुटुको औषधी बिर्सेको बहाना बनाएर अध्यागमन नाघेर खोज्नका लागि शौचालयसम्मै पुगी विमान चढाएरै फर्केको थियो । तारपिनलाई तेल, तेललाई तारपिन बनाउन सक्ने उसका कतिपय काम दन्त्यकथाका जस्ता लाग्दथे ।

तिरिमिरी झ्याईं पारेका जटिल समस्या उसका बताइ सक्दा उसले समाधानका भेषबदलु तरीका वा नक्कली कागजातको सूचि बनाइ सक्दथ्यो – वाचकले समस्या भनिसक्दा योजना तयार । तेहरानमा अमेरिकीको अवस्था भने उसका अनुभवि आँखाले पनि गएगुज्रेकै रहेको ठहर गऱ्यो ।

तेहरान दूतावास कब्जा भैसकाले अमेरिकाले अन्य कुनै सरकारमार्फत इरानी हुकुमतसँग सम्पर्क राख्न बाटो खोज्यो । तर, दुर्भाग्य एक्लै आउँदैन । तीन चार दशकदेखि अमेरिकी षड्यन्त्रमा शाहको तानाशाही खपेको झोकमा परेका इरानीको स्वतन्त्रता बाहक जनआन्दोलन परिषद र प्रमूख नेता अयातुल्लाह दुवैले वार्तामा बस्न

इन्कार गरिदिए । तीन मात्र – उसले आफ्नै अभिलेख पल्टायो, दशौं हजार सैनिकको ब्यारेक र दुई हजारसम्म कर्मचारी भएको दूतावास खोली इरानीको धज्जी उडाएको अमेरिकाको अहिले इरानमा तीन जनामात्र सिआइए एजेन्ट थिए – आठ महिना अगाडि गएका टम अहर्न, नयाँ कर्मचारी चार महिना अगाडि पठाइएका बिल डौगर्टी र चार दिन अगाडि पुगेका माल्कोम काल्प । ती तीन नै पनि बन्धक – पाँच हप्तादेखि ।

तृतीय अस्त्र, अर्थात अबको एकमात्र गन्तव्य गुप्त प्रयास – जासुसी संस्थाले अन्य विकल्प हेर्ने पनि त होइन नी ।

त्यान्द्रो जति कमजोरी भेटिए पनि नछोड्ने सिआइएका कामको कथासार एउटै हुन्छ – सुईंको नपाउने गरी सामान्यभन्दा सामान्य बनेर त्यही कमजोरीको त्यान्द्रोमा टेकेर उसैसँग काम गर्ने । तेहरान समस्यामा सहायक हुन सक्ने सबैखालका कमजोरीको सूचि तयार गरियो – प्रमूख त क्यानुकसँग मिल्ने उस्तै भेषभुषा भाषा संस्कृति ।

तेहरानमा थाहा पाउने जतिका लागि सेर्डाउन र टेलोरको निवासमा बसेका व्यक्ति क्यानाडेली टुरिस्ट थिए – भाषा संस्कृति भेषभुषा क्यानाडेली सरहका । तेहरानको नाजुक अवस्थाको तीसौं दिनका अनुभव विश्लेषण गरेर टेलोरले स्पष्ट शव्दमा नियम बनाएकै थियो – 'सामान्य तरीकाले नियमित उडानबाटमात्र क्यानाडेली पाहुना बाहिर जान सक्ने' । तीन वटै मुलुकका लागि क्यानाडेली परिचयमा उनीहरुलाई बाहिर निकाल्ने वातावरण बनेकै थियो – असजिलो थिएन । तृष्ण दिमागको मन्डेजले यही कमजोरीलाई कथामा उतार्‍यो – 'हो, क्यानुक परिचयमै बाहिर निकाल्ने' ।

तर आधा दर्जन क्यानुकका लागि भरपर्दो कथा रच्नै बाकी थियो । त्यो पनि पूर्णरुपले आन्दोलित तरल अवस्थामा चलिरहेको, अमेरिकी दूतावास कब्जा गरेको राष्ट्रवादी क्रान्तिकारी तात्तातो इरानमा मिल्ने खालको । त्यहाँ उसलाई यस्ता छ जना अपरिचित क्यानाडेली चाहिए जो यो कठ्याङ्ग्रिने चीसो भएको तेहरानमा चलेको आन्दोलनको तातोमा विगत दुई महिनादेखि कुनै इरानी अधिकारीको निगरानी वा सम्पर्क बिना बसिरहको होस् । तेहरानका बिताएका यी दुई महिनामा ती व्यक्ति इरानी कुनै सरकारी निकायमा कुनै अनुमति वा पर्मिट नपाएको चोखो रहेको होस् । तेहरान, कोम जस्ता शहरमा मानव अधिकारबादी, व्यवस्थापक, सल्लाहकार, पत्रकार वा शिक्षकका रुपमा हजारौं श्वेतचर्मी कार्यरत नै थिए । तर दुर्भाग्यवश, यिनीहरु विभिन्न सरकारी निकायमा अभिलेख भएका तथा सरकारी अधिकारीहरुको नगरानीमा काम गरेका हुन्थे । तेहरानमा कुनै सरकारी अभिलेखमा नचढेको पश्चिमा अनुहारको आकार खोज्न सजिलो थिएन ।

'तेहरान स्कूलका अङ्ग्रेजी शिक्षक' ।

तार्किक र कामयावी प्रस्ताव कसैले पेश गर्‍यो – बेरोजगार शिक्षक बहिर्गमनको कथा रच्न थालियो । तेहरानमा रहेको स्कूलका नाम जम्मा गरियो, थाहा भएसम्मका शिक्षकको नाम र मुलुकको सूचि सहित । त्यस्ता स्कूलमा हुनसक्ने अभिलेखहरुको भर्च्युअल उतार गरी सम्भाव्य प्रश्नोत्तर बनाइयो – कोही बेरोजगार शिक्षक कसरी इरान छिर्न सक्दछ वा शिक्षक नियुक्त हुन सक्दछ वा कसरी दिन बिताउन सक्दछ आदि आदि ।

तेहरान प्रकृतिको पनि विविधताको शहर हो – गर्मीमा बाहिर निस्कन नमिल्ने प्रचण्ड गर्मी र जाडोमा हिउँ पर्ने उग्र चीसो । ती गुप्तवासी बसेकै ठाउँ त केही वर्ष बिराएर मान्छे भन्दा अग्लो हिउँ पर्ने, पहाडको फेद ।

'तेहरानमा विद्यालयहरु त बन्द पो छन् त, आन्दोलनको असुरक्षा उसमा पनि अहिले त मीनपचास' कसैले बिचमै सम्झाइदियो ।

तीसौं योजना सोचिए, बनाइए, छलफल भए – सब बर्बाद । तेहरानमा बन्धक समस्या शुरु हुँदाकी कार्तिके कुकुर्नीले बच्चा जन्माइ सकी, तर कसैले पनि इरानको त्यो हालतमा कुनै क्यानाडाली यत्रो लामो समय तेहरानमा किन बस्न सक्दछ भन्ने उचीत कारण जन्माउन सकेनन् – हात्मा लाग्यो शुन्य ।

**

तेहरानमा दुई वर्ष अघि राजदूतको पद सम्हाल्नु अगाडी सफल व्यवसायी रहेको टेलोरको जिम्मेवारी दूतावास सञ्चालन गर्नु मात्र थिएन, अमेरिका र क्यानाडाको उद्दार गर्नु पनि थियो । तरल वातावरणमा हुन सक्ने सानो गल्तिले पनि ५९ अमेरिकी र ६ क्यानाडालीको ज्यान जान सक्दथ्यो । त्यसैले ऊ आफ्नो मन्त्रालय र अमेरिकासँग नियमित सम्पर्कमा थियो – सम्भाव्य उद्दारका लागि तेहरान आसपास हेलिकोप्टर बस्न मिल्ने जग्गातर्फ पनि आँखा लगाएर ओटावामार्फत वासिङ्गटनलाई सहयोग पुर्‍यायो । तेहारानमा विदेश मन्त्रालयको सुरक्षामा बसेका दूतावास प्रमूख लिङ्गेनसँग भेट्न जाने र गोप्य सूचनाहरु ओटावामार्फत वासिङ्गटन पुर्‍याउने तथा उताको जवाफ र योजना यता पुर्‍याएर बन्धक तथा गुप्तवासीको सेवा गरिरहेको थियो ।

तेहरानका सानाभन्दा साना र कामै नलाग्ने सूचनाहरु पनि ऊ मिहिन अध्ययन गर्दथ्यो – निश्कर्ष थियो, इरानमा छिनछिनमै नियम बन्दछन, परिवर्तन हुन्छन् केही भर हुदैन । त्यसै अनुसार गुप्तवासी बहिर्गमनमा उसको निचोडमा एउटा कडा नियम बन्यो – 'शरणार्थी नियमित उडानबाटमात्र इरान छोड्न सक्नेछन् ।'

तानावाना र भेषबदलु योजना बनाउने मेन्डेजको समूह यही नियमको परिधीमा कुनै जुक्ति सोच्दै थियो ।

'तनाव, निराशा, अनि अन्तमा चाहीँ आशा ।'

तीसौं सम्भावनामा आजित भए पनि मेन्डेज हार मान्नेवालामा थिएन, हार मानेर हुने पनि थिएन । तीन न तेह्रका योजना छोडेर उसले अजीब तर विश्वसनीय योजनाको थालनी गऱ्यो – आफैंलाई केन्द्रमा राखेर । तत्क्षण आफै भेषबदलु बन्यो – आयरिस सिनेमा उत्पादक श्री केभिन कोस्टा हर्किन्स, इरानमा सुटिङ्ग स्थान चयन गर्न गएका उत्पादनपूर्वका केही कर्मचारीका मद्दतले बृहद बजेटको हलिउड सिनेमा बनाउन चाहने । तीन घण्टा जतिमा उसले झुठालाई साँचो बनाउने कार्यमा सिआइएलाई सहयोग गर्ने हलिउडमा कार्यरत केही एजेन्टहरु जम्मा गऱ्यो – सिनेमा बनाउन ।

त्यतिखेर पश्चिमाहरुप्रति इरानीहरु शसंकित थिए भने इरानप्रति पश्चिमाहरु । तेहरान सरकार पनि आन्दोलन र नाकाबन्दिले थलिएकाले विदेशी मुद्राको चरम अभावमा थियो । तेहरानको अवस्थाले मध्यपूर्वका धनीले इरानीलाई गन्दैनथे, कुनै ठूलो अरबी लगानीको सम्भावना थिएन । त्यस्तै सोभियतहरु इरान नै कब्जा गर्न खोजे पनि ठूलो लगानी गर्नेवाला थिएनन् भने चिनियाँ सरकारी कम्पनीले मात्र विदेशमा लगानी गर्न सक्दथ्यो । ताइवानी वा हङ्गकङ्ग चिनिया पनि इरानको तरल अवस्थामा लगानी गर्न आउदैनथे । तेहरानको अवस्था यति नाजुक थियो की कुनै पनि विदेशीहरु इरानमा लगानी त के जान पनि डराइरहेका थिए । तेहरान हुकुमत भने विदेशी लगानीका लागि अत्यन्तै उत्सुक मात्र होइन की जसरी पनि विदेशी मुद्रा खोजिरहेको थियो । तथ्यमा आधारित रहेर मेन्डेजको निचोड निस्कियो – आयरिस लगानी भएको करोडौं डलरको सिनेमा आफ्नो भूमिमा बन्ने योजना इरान कुनै हालतमा पनि गुमाउन चाहन्न । तेहरान सल्तनतलाई आयरिस लगानीको गुनासो गर्नु पर्ने सम्भवना पनि कम नै थियो ।

तेहरान गुप्तवासमा रहेकाहरु इरानीहरुले सधै देखेका अमेरिकी थिए – इरानीलाई अमेरिका प्रवेशाज्ञा दिने वा नदिनेहरु । तीमध्ये प्रवेशाज्ञा पाउनेले धन्यबाद दिएका र नपाउनेका धारे हात लगाएर गाली खाएका याङ्की । त्यस्तै इरानी भिसामा काम गर्नेहरुसँग त अमेरिकी भिसा शाखाका कर्मचारीहरुको दोस्ताना नै हुने भयो । तेहरान दूतावासका कर्मचारीमा गुप्तवासी सबैभन्दा धेरै इरानीहरुले चिनेका अमेरिकी अनुहार थिए । त्यस्ता सबैभन्दा बढी घुलमिल भएका कर्मचारी नियमित उडानबाट ल्याउने मेन्डेजको योजनामा अमेरिकी उच्च अधिकारीहरु असहमत त थिएनन् तर अगाडी बढाउन पनि सतर्क थिए, सकेनन् । तर्कले काट्न नसके पनि उनीहरु नियमित उडानमा अमेरिकी छुटाउने योजनामा दस्तखत गर्न डराए, वास्तवमै डराए ।

त्यसैबिचमा मेन्डेजले आयरिस सिनेमा उत्पादक केभिनको योजनाको विस्तृत विवरण तयार गऱ्यो । तेहरानको भिसा शाखाको अग्रपङ्क्तिमा बसेकाले परिचित हुनसक्ने भन्ने बाहेक उसको योजनामा खोट थिएन । त्यसैले आफ्नो योजना पुनः दोहोऱ्यायो तेहेऱ्यायो - हाकिम र ह्वाइट हाउसबाट पारित गराउने गरी ।

तत्कालै दश हजार डलर पेश्की बोकेर मेन्डेज लस एन्जलस हिड्यो र यात्रा गरिरहँदा नै पहिला पनि लुप्त काम गरेको साथी जोहन च्याम्बर्सलाई बोलायो । तार्किक मेकअप स्टार च्याम्बर्स प्लानेट अभ द् एप्सका लागि १९६९ को एकेडेमी पुरस्कार पाइसकेको नामी कलाकार थियो । त्यसै बिचमा च्याम्बर्सले मेन्डेजको मन्त्रणा अनुसार अर्को प्रभावशाली मित्र बब शिडेललाई पनि आमन्त्रण गऱ्यो, जनवरी १५ मा भेटिने गरी ।

**

तेहरान बन्धक छुटाउने पहिलो अपरेसन असफल भैसकेको र बन्धक छुटाउने कुनै पनि योजना थाहा भएमा बन्धकहरुको कत्लेआम गरिने धम्की मिलिसियाहरुले दिइसकेका थिए । तेहरानमा अझसम्म गोप्य रहेका गुप्तवासीको उद्दारमा कथंकदाचित कुनै अडचन् आएमा अमेरिकी र क्यानाडेली सरकार तथा सिआइएको धज्जी उड्ने पक्का थियो – योजनामा सम्लग्नहरु वा गुप्तवासी तथा बन्धकहरु मारिने अवस्था हुन्थ्यो । त्यसका लागि निश्कर्षमा कुनै पनि योजना यस्तो बन्नु पऱ्यो की उनीहरु इरानमा हुनुपर्ने कारण हरतरहले शंकारहित तरीकाले थप खोजविन नगरिकनै प्रमाणित हुनु पऱ्यो । त्यस्तो कारण एक वा दुई शव्दमा भन्न मिल्ने खालको र सरल पनि हुनु पऱ्यो ।

तीन जना मेन्डेज, च्याम्बर्स र सिडेलले चार दिनभित्र चाइना सिन्ड्रोम सिनेमा उत्पादन पछि खाली स्वीटमा सक्कली उद्घाटन सहित नक्कली हलिउड कम्पनी खडा गरे, भिजिटिङ्ग कार्ड छपाए । त्यस कम्पनीका मूख्य कर्मचारीको परिचय तथा विगतमा उनीहरु सफलतापूर्वक यस्ता उच्च स्तरीय ठूला बजेटका सिनेमा निर्माणमा संलग्न भएका तथा हालमा उनीहरु नौलो सिनेमाको सुटिङ्ग स्थान पहिचान गर्न विदेश भ्रमण गरिरहेको सूचना प्रवाह गरे । तीन लाईन टेलिफोन जडान, कार्यालय सजावट तथा एउटा ठूलो बजेटको सिनेमा तयार गर्न अत्यावसेक पर्ने सबै कामहरु रफ्तारका साथ गरियो । तीनतिरबाट देखिने ठाउँमा कार्यालयको बोर्ड झुन्ड्याएः

'स्टुडियो सिक्स प्रोडक्सन'

सनसेट गोवर इन्डिपेन्डन्ट स्टुडियो सुइट ३००

१४२० नं बीचउड डा

लस एन्जलस क्यालिफोर्निया ९००२८

टेलिफोन (२१३) ४६५-२१०१-२१०२

**

कथा न सथा टिकी ट्यास ट्यास ।

करोडौं डलरको लगानीमा बन्ने सिनेमाको सबै तयार भयो तर कथाको पहिचानै भएको थिएन ।

कथाको प्लटका लागि च्याम्बर्सलाई एक महिना अगाडितिर कुनै ब्यारी गेलर नाम गरेका निर्माताको फोनको याद आयो । किनभने गेलरले रोजर जेनाज्नीको विज्ञान कथा प्रकाशका देवताको अधिकारपत्र किनेका रहेछन् र अरु केही धनीहरुको लगानीमा सिनेमा उत्पादन गरी आफ्नो नाम हलिउड निर्माताको रुपमा चम्काउन उनले च्याम्बर्सलाई गुहारेका थिए । कोलोराडोमा आधारित रोबोटबाट चल्ने विज्ञान कथा कक्ष तथा सम्राट भवन आदिको डिजाइन गरी गेलरले ज्याक किर्बी, फुटबल खेलाडी रोसे ग्रिअर लगायत धेरै जना राखेर गेलरले नोभेम्बरमा सिनेमाको वृहद् योजना साँझपान सहितको कार्यक्रम आयोजना गरी सार्वजनिक गरिसकेको थियो । कथा अनुसार चाहिने डिजाइनका केही काम डिजाइनर तथा एक्समिन कमिक्सका लेखक ज्याक किर्बी बाट भएको र च्याम्बर्सले ती डिजाइनहरु जम्मा गरेका रहेछन् । कामको शुरुवाततिरै गेलरका मूख्य सहयोगी आर्थिक अपचलनमा समातिएर जेल परेकाले गेलरको योजना नोवेम्बरमा नै बन्द भएको थियो । कता कता रोजरको कथा अनुसारका डिजाइन अब बनाइने भनिने सिनेमामा काम लाग्ने महशुस भएकाले ज्याक किर्बी पनि डाकिए – विज्ञान कथा प्रकासका देवताको अवधारणा चित्र तयार गर्न ।

कथाको सार कुनै हिन्दु रहस्यमा आधारित थियो, ग्रहहरुको उपनिवेश – सौभाग्यवस ! विभिन्न सभ्यताहरुको प्राचीन कालदेखिको संगम तथा विविधतापूर्ण हावापानी भएको इरानी भूगोल कथाको लागि अत्यन्तै उपयुक्त । कथाको एउटा दृष्यका लागि तेहरानको भूमिगत बजार त ठ्याम्मै मिल्दथ्यो ।

कथाकार र कथाको शीर्षक अर्कै तर उस्तैखालको खोज्नु पर्ने भयो – गेलरसँग अधिकार पत्र भएकाले । कथाकारको सिनेमासँग सम्बन्ध पनि हुनु पर्दथ्यो । कुरैकुरामा एक तिरले दुई शिकार मारियो – पटकथाकार टेरिसा हेरिस, क्यानाडेली राहदानी बाहक । किर्वीका डिजाइन हेरिसको कथामा पनि मिल्ने रहेछन् ।

'अति उत्तम'

केभिन कोस्टा हर्किन्स करायो । किर्बीका डिजाइन पुनः प्रयोग हुने र उत्तम कथाको शीर्षकमा आयरिस हर्किन्स उर्फ मेन्डेजले ग्रिक परम्परागत रहस्यपूर्ण कथाबाट सिनेमाको न्वारान गर्‍यो – अर्गो, गोल्डेन फ्लिस प्राप्त गर्न जोहनले कठिनतापूर्वक विश्व भ्रमण गर्दाको जहाजको नामः अर्गो ।

**

कथा अनुसार इरानमा लामै समयको काम देखाउने गरी सिडेलले अर्गो सिनेमाका लागि रोजरको विज्ञान कथा अध्ययन गरि एक महिनाको सुटिङ्गको दैनिक कार्य योजना तयार गऱ्यो । कथाकार टेरिसाको सशक्त उपस्थित हलिउडमा देखाउने गरी च्याम्बर्स र मेन्डेजले हलिउड सिनेमाका सबैभन्दा चल्तिका भेराइटी तथा दी हलिउड रिपोर्टरमा विज्ञापन तयार गरी छपाउन दिए । कालो पृष्ठभूमीमा ब्रमाण्डिय संग्राम देखिने छिद्र भएको पूरा पेजको विज्ञापन थियो ।

'रोबर्ट सिडेल एन्ड एसोसिएट्स्

प्रिजेन्टस्

अ स्टुडियो सिक्स प्रोडक्सन

अर्गो

ब्रमहाण्डिय संग्राम

टेरिसा हेरिसको कथामा आधारित

मूख्य सुटिङ्ग मार्च १९८० मा'

कलाक्षेत्रको राजधानी मानिने हलिउडका प्रख्यात पत्रिकामा प्रकाशित विज्ञापनको आकारले नै भन्दै थियो, सिनेमाको बजेटको आकार । कलाकारहरुको ध्यान अर्गोमा पारी राख्न मेन्डेज वासिङ्गटन फर्कनु अघिल्लो साझ नयाँ कम्पनी स्टुडियो सिक्स प्रोडक्सनले आफ्नो उत्पादनको विज्ञापन गराउन ब्रोन डर्बीमा सानो साँझपानको आयोजना गरे । कथा कलाकारबारे कुनै विस्तृत जानकारी नगराइ अहिले सुटिङ्ग स्थान छान्ने काम भइरहेको र मार्चतिर सिनेमाको सुटिङ्ग चल्ने जानकारी साँझपान कार्यक्रममा दिइयो ।

सर्खारी काम कहिले जाला घाम

१९ जनवरी १९८० ।

'हेल्लो! कृपया जोय वा क्याथी हुनुहुन्छ ? फोन दिनुहोस् न'

टेलोरको निवासको फोनमा श्रीमती प्याटसँग कसैले सोध्यो, क्यानाडेली र गुप्तबासीहरुको सातो गयो । टामटुम लुगा लगाउँदा पनि लुगलुग काम्ने जाडो, हिमपातको संभावना देखिने गरी चीसो हावा चलिरहेको भए पनि सबैका शरिर शिताङ्ग भए र लगत्तै चीसो पसिना खलखल चुहिन थाल्यो ।

'वास्तवमा वासिङ्गटन के चाँही गर्दैछ, त?'

टेलोरको संरक्षणमा बसेका गुप्तबासी बाहिर निकाल्ने काममा वासिङ्गटनका कर्मचारी लागे पनि कतिपय सूचना क्यानाडा वा टेलोरकहाँ पुग्दैनथे, वा हुन सक्दछ, वासिङ्गटन वा न्यूयोर्क केही नगरी चुप पो बसेकै छ की ? टालटुल टालटुल गर्दै गुप्तवासीले सतहत्तर रात बिताइसकेका थिए – गुप्तवासी खोज्न फोन बजे पनि, जति दिन बिते पनि, बहिर्गमनको कुनै काम लाग्दो खाका बनेकै थिएन । टेलोर पहिल्यै तयारी हालतमा थियो, क्यानाडेली राहदानी जारी भैसकेका थिए, केवल वासिङ्गटनको स्वीकृती कुरिरहेका – वासिङ्गटनको कामको चाला देखेर क्यानाडा चकित भयो । टेलोरको दूतावास बन्द गर्ने योजना गुप्तवासीका कारण सरेको सर्ह्यै थियो । टेलोरकी श्रीमतीसँगको फोनको जानकारी पछि त तेहरानबाट स्वयं क्यानाडा सरकार गुप्तवासी शरणार्थीहरु बहिर्गमन गर्नेतर्फ केन्द्रित भयो ।टपक्क टिपेर ल्याउन अर्काका कुटनीतिक कर्मचारी, क्लार्क तथा फ्लोराले वासिङ्गटनसँग स्वयं बहिर्गमनका लागि ताकेता गरिरहे पनि खास जवाफ चाही बाकी नै रह्यो । टेलिफोन त्रासदीको पर्सि पल्ट, २१ जनवरीमा विदेशमन्त्री म्याक्डोनाल्सको शरणार्थीहरु क्यानाडेलीको परिचयमा तेहरानबाट बाहिर निकाल्न लिखित स्वीकृतिपत्रको केवल तेहरान पुग्यो र क्यानाडेली नै बनेर गुप्तबासी बाहिर निकाल्ने तारतम्य शुरु भयो ।

क्यानाडेली राहदानी आयो । क्यानाडेली भनिएकै थिए । बहिर्गमन बाध्यतै थियो । चुनाव हुँदै थियो । चुनावमा चक्मा चाहिन्थ्यो । क्यानुकले जस पाउँथ्यो । अमेरिकी यसैमा अड्किए । कार्टर हिसावकितावमै अल्झिए ।

गुप्तवासी अमेरिकी थिए । दूतावास बन्द भएन । अमेरिकाको अलमलले रोकियो । थप कुर्नु पऱ्यो । क्यानाडाले दबाब दियो ।

१९७९ जनवरी २३ ।

अमेरिकी तेहरान हिँडे । जुलियो जेनेभा पुग्यो । मेन्डेज बोन पुग्यो ।

१९८० जनवरी २५ ।

'राष्ट्रपतिबाट तयारी स्वीकृत । तेहरान जान सक्दछौ । भगवान दाहिना रहूँन'

जेनेभामा केवल आयो । मेन्डेज तेहरान हिड्यो ।

***

पश्चिम जर्मनीको बोनसम्म मेन्डेज स्वदेशी राहदानीमा नै यात्रा गरेको थियो, अब क्यानाडा बस्ने आयरिस लगानीकर्ता बन्यो ।

पहिचान छुपाउन जालसाजी कार्यको विशेषज्ञ मेन्डेजले अमेरिका जनिने हरचिज बोनमा छोड्यो, भिजिटिङ्ग कार्ड बाहेक । पकेटमा क्यानाडाको सवारीचालक पत्र, स्वास्थ्य कार्ड, कोट पिन जस्ता ससाना तर देखिने चिजहरु तथा टोरोन्टो र मोन्ट्रियलका रेस्टुरेन्टका विलका भग्नावशेस साथमा राख्यो । पत्रिका तथा विज्ञापनहरु, सिनेकर्मीसङ्ग सम्बन्ध राख्ने सामानहरु, स्टुडियो सिक्सको भिजिटिङ्ग कार्ड, सिनेकर्मीका लेन्स र सिनेमा सम्बन्धित सबै कागजात चाँही बोकेको थियो ।

पश्चिम जर्मनी आइपुग्ने बित्तिकै मेन्डेजले बोनमा रहेको इरानी दूतावासमा तेहरानको भिसा निवेदन गरेको थियो – २३ जनवरी १९८० मा । पहिल्यै आइपुगेको जुलियोले भने २२ जनवरीमै जेनेभामा तेहरानी यात्राको भिसा प्राप्त गरेको थियो ।

पहिलो कुरा त, केभिन कोस्टा हर्किन्सले बोनबाट तेहरानको भिसा लिन नमिल्नु पर्ने थियो, तर हर्किन्स तेहरानको पक्षमा ठूलो खर्च गर्ने डब्लिनको सिनेलगानीकर्ता जो न थियो । पर्सियाली दूतावासमा उसले पूरै बनावटी कथा सुनायो –

'मेरा कम्पनीका सहकर्मीसँग बैठक छ' बोनको कन्सुलेटमा हर्किन्सले कारण बतायो 'सहकर्मीहरु चाँही भोली हंगकंगबाट तेहरान पुग्दैछन् । किनभन्देखी ! म ब्यवसायिक कामका लागि जर्मनीमा हुँदा नै मेरा सहकर्मीहरुको टेलेक्स प्राप्त हुनाले डब्लिनमा भिसा निवेदन गर्न सकिन' ।

पश्चिमा विरोधी इरानी भिसा शाखाले निवेदकका व्यक्तिगत विवरणको जरोसम्म पुगेर जाँच गर्नु पर्दथ्यो । पाइला पाइलामा सावधान रहनु पर्ने दूतावासले उची दुकान फिका पकवानको तरीकाले जाँच गर्‍यो । पन्ध्र मिनेट जतिमा हर्किन्सको राहदानीमा भिसा छाप हानियो – हर्किन्सभन्दा पहिल्यैका वास्तविक परिचयवाला छ सात जना कुर्दै देखिन्थे । पहिलो भिसा छाप चाही नक्कली परिचयको नक्कली सिनेकर्मीको नक्कली काममा जाने नक्कली राहदानीमा लाग्यो – ड्याम्म्म।

पछिबाट योजना स्वीकृत हुने आशामा यात्रारत मेन्डेज २३ जनवरीको साँझ नै बोन विमानस्थल पुग्यो । पहिचान खुल्ने कुनै वस्तु आफूसँग भए नभएको यकिन गर्न बोनको चीसोमा पसिना काढ्दै हरचिज पटक पटक पटक पटक जाँच गर्‍यो ।

पाँच बजेको विमानमा मेन्डेज चढ्ने र २४ जनवरी बिहान पाँच बजे तेहरान पुग्ने र जुलियो चाही भोलीपल्ट विहान पाँच बजे पुग्ने योजना बनेको थियो, तर खराव मौसमका कारण विमान यात्रा रद्द भयो । पर्यटक वा व्यापारीको भेषमा पटक पटक तेहरान पुगेको जर्मन व्यक्तिसँग मेहरावाद र तेहरानको व्यवस्थाबारे मेन्डेजले यहि मौकामा लामो छलफल गर्‍यो । पश्चिम जर्मनीको त्यो व्यक्ति, व्यापारी बन्नु पहिला दोश्रो विश्वयुद्धमा पटक पटक प्यारासुटबाट तेहरान झरेको पुरानो र पाको व्यक्ति थियो । परिवर्तित तौरतरीका नियाल्न दूतावास कब्जा पछि पटक पटक मेहराबाद भित्रेर हवाई अड्डाका हरचालको मिहिन अध्ययन गरेको एजेन्ट थियो । पटक पटक यात्रा गरेको त्यो व्यापारीको कुराकानीमा सिनेमाको योजना तुलना गरी आफ्नो योजना पूर्ण रहेको मेन्डेजले निचोड निकाल्यो ।

**

'मानविय कार्यका लागि हुने जालसाजीपूर्ण कार्यमा राहदानी जारी गर्न सकिने ।'

क्यानाडाको कानूनमा जालसाजीपूर्ण कार्यका लागि वा गैरनागरिकका लागि राहदानी दिन बन्देज थियो । क्यानाडा सरकारले गोप्य प्रस्ताव पारित गरायो की मानविय कार्यका लागि हुने जालसाजीपूर्ण कार्यमा पनि राहदानी जारी गर्न सकिनेछ । क्यानाडेली प्रस्तावको खास वस्तुमा प्रधानमन्त्रीका सचिव बिन नोभेली पनि सिमितमात्र जानकार हुँदा हुन ।

क्यानाडामा कन्जरभेटिभ दलको बहुमत पुग्न नसकेको जोय क्लार्कको अल्पमत सरकार थियो । क्यानाडेली दूतावास तेहरानमा चालु अवस्थामा छदै थियो । क्यनडेली विपक्षी लिवरल दलले दबाबको राजनीति गर्ने मौका पायो - छिमेकी मुलुकका बन्धकका लागि क्यानाडा सरकारको सहयोग गर्नुपर्ने । क्यानाडेली सरकारले यत्रो संकटमा पनि केही नगरेको भनि संसदभित्र दोहोरो सवाल जवाफ हुन थाल्यो, बाहिर पनि लिवरल दलले दबाव बढाउँदै लग्यो । क्यानाडेली अल्पमतको सरकारको विपक्षमा खास गरी विपक्षी दलका नेता पिरे टुडाव र विदेश विभाग प्रमूख यलान म्याक्याचेको राजनैतिक प्रभाव बढ्न थाल्यो ।

केन टेलोरकहाँ बसेका गुप्तवासीका लागि खतरापूर्ण जोखिम मोलेको क्लार्कको सरकार गोप्यताका कारण केही बोल्न पनि सक्दैनथ्यो, खोल्न पनि सक्दैनथ्यो । क्लार्कले पनि विपक्षी दबाव राजनैतिक शक्तिमा बदल्ने

कोशिसमा विपक्षी नेता नै विश्वासमा लिन थाले । क्लार्कले गुप्तवासीको खास कुरा चाही गोप्य राखेर नोभेम्बर २६ मा वासिङ्गटनसँग बन्धक समस्यामा चाहिदो सहयोग गर्ने सहमति गराए । क्यानाडामा जे कुरामा पनि राजनैतिक खिचातानी भैरहेकाले प्रधानमन्त्रीको यो चालतर्फ पत्रकारको ध्यान नै पुगेन । क्यानाडा सरकार सजिलो स्थानमा पर्न गयो, गोप्य तवरले राहदानी कानून संशोधन भयो । क्यानाडेली नक्कली सक्कली राहदानीको गोप्यताको परिपञ्च यहि राजनैतिक खिचातानीका कारण गोप्य रहन सम्भव भयो । कम्तिमा राहदानी जस्तो दूरगामी विषयको त्यति महत्वको प्रस्ताव र कानून संशोधनबारे पत्रकार बेखबर रहे ।

क्यानाडामा कानून नै संशोधन भैसके पनि वासिङ्गटनबाट चाही राहदानी लगायतका विषयमा कुनै सहमति प्राप्त हुनै बाकी थियो ।

'क्यानाडा तेहरान समस्यामा सहयोग गरोस् भन्ने चाहन्छौं', बल्ल जनवरी ८ मा अमेरिकाबाट सानो केवल प्राप्त भयो । केवलको सन्देश पूरा गर्नका लागि फ्लोरा म्याक्डोनाल्डको मन्ट्रियल भ्रमणबाट जनवरी ९ मा पेरिस पुग्ने चाँजोपाँजो पेरिसका दुवै मुलुकका दूतावासले तयार गर्ने र तेहरानमा गरिने कामको प्रकृति तरीका लगायतका विषय पेरिसमा तय गर्ने निधो भयो । क्यानाडेली विदेश मन्त्री फ्लोराको फ्रान्सको गोप्य बैठक नै गुप्तबासीको क्यानाडेली परिचयमा बहिर्गमनको 'कानूनी बाटो' बन्न गयो – तीन मुलुकको समस्यामा चौथोको भूमि थपियो ।

क्यानाडेली कडा राहदानी नियमको व्यवस्था भने पनि विभिन्न जालसाजीका काममा दूरुपयोग बढ्दो थियो – मार्टिन लुथर किङ्गका हत्याराद्वारा १९६८ मै रामोन जर्ज स्नेडको नाममा फुत्केको राहदानी होस् की मोसादका जासुसका नाममा १९७३ मा फुत्केको वा सोभियत केजिवी जासुसहरु पक्रिदा वा याङ्कि स्लिपर सेल्सका भुक्तानीकर्तातिर पनि क्यानाडेली राहदानी फुत्केकै थियो । केबल यसपटक भने सक्कली राहदानी नक्कली परिचयमा निकाल्न मिल्ने कानूनी व्यवस्था गरिएको थियो – दोश्रो विश्वयुद्ध पछिको पहिलो गोप्य बैठकबाट ।

क्यानाडेली कन्सुलर कार्यालयले छ याङ्किका लागि यही नयाँ कानूनमा टेकेर क्यानुक राहदानी जारी गरेको थियो, छ खाली सहित। क्यानाडेली दूतावासले नक्कली राहदानीका सक्कल प्रति, खाली राहदानी र चाहिने कागजातहरु डिपमेलबाट तेहरानमा २१ जनवरी १९८० मै प्राप्त गरिसकेको थियो । क्यानाडेली सक्कल राहदानीमा मेहरावाद विमानस्थलका सबै कार्यालयको छाप र कर्मचारीको दस्तखत मौजुद थिए ।

'सब बर्बाद'

केन टेलोरसँग काम गर्ने रोगर ल्युसी फारसीमा पोख्त थियो, इरानी संस्कृतिको जानकार । क्यानाडामा तयार गरिएको इरानी नक्कली भिसा र तेहरान भित्रेको मेहरावाद हवाइ अड्डाको मिति ल्युसीले सामान्य परीक्षणमै भविष्य मिति परेको देखियो, ल्युसीले भय मिश्रित स्वरमा सुनायो ।

क्यानाडा केबल गयो, मिति बिग्रेको खबर गर्न । क्यानाडामार्फत मिति बिग्रेको सूचना मेन्डेज बोनमा हुँदा २२ जनवरीमै प्राप्त गऱ्यो । कुरुको असली हकदार आफै भएको र आफूले शासन शुरु गरेको वर्ष महाराज कुरुको २५०० वर्ष पर्दछ भन्न लगाइ शाहले १९७१ मा हिजरी सम्बत्को सट्टा महाराज कुरुको सम्बत् शुरु गरेकामा क्रान्ति पछी हिजरी सम्बत् नै प्रचलनमा स्विकारियो । कुरु सम्वतका कारण पढालिखा तेहरानवासी नै मितिमा धरमर पर्दथे । क्यानाडेली नागरिक ल्युसी चाही धरमर नपरी भिसाका गल्तिमा जानकार भयो र भिसामा भएको मितिको गल्ति ठम्याउन कति बेर पनि लगाएन ।

केभिन कोस्टा हर्किन्स उर्फ मेन्डेज नक्कली कागज विज्ञ थियो, मेहरावाद अड्डाकै कलम, मसि, अक्षरको ढल्काइ सहितको हस्तलिपी मिलाएर पूरै नक्कली भिसा ठोक्क सक्केले त्यहाभित्रको मितिको परिवर्तन त वायाँ हातको खेल सरह थियो । क्यानाडामार्फत सूचना छोड्यो – त्यो जावो काम, तेहरानमै मिल्दछ ।

नक्कली सक्कल

मेन्डेज तेहरान दाखिल भयो – विहान ५ बजे, जुलियो पनि उही समयमा पुग्यो । मेन्डेज र जुलियो दुवै जना आ आफ्ना तरीकाले वासस्थान पुगे – होटेल शेराटन तेहरान (हाल होमा होटल) ।

होटेलमा उसको कुनै काम थिएन, बासस्थान देखाउन बाहेक । होटेल बाहिरको सडकमा यात्रु कुरेको ट्याक्सी लिएर पहिला स्वीस एअरको काउन्टर पुग्यो – सोमबार विहानको आठ जनाको टिकट रिकन्फर्म गर्न । हवाइ टिकट क्यानाडेलीले किनिदिएका थिए, उसको काम रिकन्फर्म गर्नु थियो । हिउँ पर्ने तेहरानको जनवरीको झिसमिसे बिहान कुनचाही काम हुन्थ्यो र, काउन्टर खुलेकै रहेनछ ।

हवाइ टिकट रिक्नफर्म गर्न नसके पछि उनीहरु क्यानुक दूतावास खोज्न थाले । हातमा भएको नक्सा अनुसार क्यानाडेली दूतावास अमेरिकी दूतावासबाट जाने सानो सडकमा हुनु पर्दथ्यो, तर त्यो त स्वीडिस दूतावास रहेछ । हाते नक्सा देखाइ दूतावासको बाहिरी गेटपालेलाई क्यानाडेली दूतावासको ठाउँ सोध्दा उसले कुरै बुझेन– अंग्रेजी, जर्मन, स्पेनिस, अरबीमा पनि । हैं हैं हिँ हिँ मै अलमल पऱ्यो । हतारिएका र अलमलमा परिरहेका पश्चिमीहरुको शंकाष्पद रोकाइ देखेर एक युवा कर्के नजर लगाएर छेउमा आयो, कुनै पश्चिमा हतारमा देखिनु वा अमलममा देखिनुको इरानी मतलव बेग्लै हुन्थ्यो । हकारेको स्वरमा युवकले गेटपालेसँग अलमलको कारण सोधखोज गऱ्यो ।

'निच्ट भर्सान्डेन' जुलियोले जर्मन भाषामा तुरुप फाल्यो ।

हकारेर बोल्ने युवक जर्मन जान्दो रहेछ, तुरुपको सहि ठाउँमा मार पऱ्यो । हकारेर बोलिरहेको युवकसँग जर्मनमा कुराकानी शुरु भएपछि अनुहार नै हँसमुख देखियो – दशकौं पछि स्कूलको साथी भेट भए जस्तो । हँसमुख युवकसँग आफूले बाटो हराएको र ड्राइभर तथा गेटपालेले 'जर्मन भाषा' नबुझेको समस्या बताए पछि युवाले उनीहरुलाई रुजवेल्ट एभेन्युसम्म ल्याएर ट्याक्सी खोजी फारसीमा केही लेखेर ड्राइभरलाई दिंदै सम्झाइ दियो । हरतरहले जर्मन देखिएका जुलियो र मेन्डेजले ट्याक्सी चढ्दै सुनको दाँत भएको मित्रलाई 'डाङ्के सोन' भन्दै पश्चिमी शैलीमा विदा गरे ।

**

तेहरानको जनवरी – छोटा दिन, चाँडै साँझ पऱ्यो । तेर्पिन परेको पहाडको फेदीमा बाहिर लुगलुग कमाउने जाडो थियो । तेहरानमा यो वर्ष थोरै हिउँ परेर पनि सफा भैसकेको थियो । ताराहरु कञ्चन नीलो

आकाशमा भुटेको मकै हाडीबाट उफ्रेको देखिए जस्तो जग्मगाइ रहेका थिए । त्यस दिन गुप्तवासी आवासमा दूतावासका कर्मचारी र डेनमार्क तथा न्युजिल्यान्डका राजदूतहरु गुप्तवासीसंग साझपानको तयारीमा थिए ।

तातोका लागि गुप्तवासीले आगो बाले, फ्रेन्च वाइन सजाइयो – घरधनी आउनु अगावै साँझपान शुरु भयो ।

तामसी मदिरा, दुःखका बखत दुःख घटाउन, सुखका बखत सुख बाढ्न मद्दत गर्ने । तान्दै गयो तान्दै गयो – चढ्न थाल्यो ।

तेहरानको उग्र वातावरणमा टेलोरले अमेरिकीको शरणमा ठूलो जोखिम उठाएको थियो । तनावका कारण हुने उनीहरुको सम्भाव्य निराशा र मानसिक स्वास्थ्यमा उसको सदा ध्यान हुन्थ्यो । तनाव हटाइ उनीहरु खुशी रहून भनि गुप्तवासलाई रौनकमय बनाउन उकासिरहन्थ्यो । त्यसका लागि गुप्तवासीले खानपान तथा बसाइमा आफूलाई पदीय हिसावले वास्ता नगराउने नियम लगाएको थियो । त्यसैले घरधनीभन्दा पहिला साँझपानको शुरुवात सेर्डाउन र टेलोर निवासमा नौलो कुरा थिएन ।

त्यही मेसोमा टेलोर नयाँ अतिथीका साथ हाजिर भयो ।

चियर्स .... ।

'अब' मेन्डेल सुस्तायो, 'भाग्ने योजना तयार भयो' ।

'सिनेमा सुटिङ्गको आवरणमा भाग्ने', योजनाको उसले एक एक वेलिविस्तार लगायो ।

त्यहाँ रहेका हरेकलाई उसको स्टुडियो सिक्स प्रोडक्सन अफिसको पद, आफ्नो नाम र काम सम्झायो, किर्बीले तयार गरेका ड्रइङ्गहरुको मतलब बतायो । तयारीका लागि गरिएका हरेक कामको बेलिविस्तार लगाउँदै पोस्टर तथा एक हप्तादेखिका हलिउड पत्रिकाका समाचार पढायो । ती सिनेकर्मीका क्यानाडेली सम्पर्क हुनु पर्दथ्यो – साथीभाइ वा व्यवसायिक सम्पर्क । त्यसका लागि उसले ओटावामा जम्मा गरेका अरु व्यवसायीका भिजिटिङ्ग कार्डहरु भाग लगायो, विलका टुक्राटाक्री थमायो ।

**

कोरा लिजेले आफ्नो राहदानी पल्टाई ।

नामः टेरेसा हेरिस

ठेगानाः ओटावा १४ क्यानाडा

फोटो आफ्नै । दस्तखत दुरुस्त आफ्नै । भ्रमण गरेका विभिन्न मुलुकको प्रवेशाज्ञा तथा आगमन छाप मौजुद । सर्वसक्कल । इरान प्रवेश- मेहराबाद विमान अड्डा अध्यागमन २६ जनवरी १९८० ।

भिजिटिङ्ग कार्ड हेरी ।

टेरेसा हेरिस

पटकथाकार अर्गो

'स्टुडियो सिक्स प्रोडक्सन'

सनसेट गोवर इन्डिपेन्डन्ट स्टुडियो सुइट ३००

१४२० नं बीचउड डा

लस एन्जलस क्यालिफोर्निया ९००२८

टेलिफोन (२१३) ४६५-२१०१-२१०२

त्यहाँ आयरिसले ल्याएका हलिउड पत्रिकाहरुमा पटकथाकार टेरेसा हेरिसको ससाना अन्तर्वार्ता पनि छापिएका रहेछन् ।

त्यस्तै मार्कको पोर्टफोलियो सवारी व्यवस्थापन परेको थियो, त्यो भूमिकामा ऊ अरुलाई केही बेर पङ्गु बनाउन सक्षम थियो ।

क्याथी सुटिङ्ग सेट डिजाइनर ।

जोए सहनिर्माता ।

एन्डर निर्देशक ।

सात्ज समारोह फोटोग्राफर । तयारी यति उम्दा थियो की सात्जका लागि पानाफ्लेक्स क्यामाराका लेन्सहरु सहितको सेट ल्याइएको थियो इरानी भन्सार घोषणा सहित । तत्कालै क्यामेरा चलाउने न्युनतम तालिम दिइयो र फोटो खिचाइयो ।

तयारीका क्रममा आआफ्ना नामका क्यानाडामा बनेका सवारीचालक पत्र, स्वास्थ्य कार्ड, क्रेडिट कार्ड, भिजिटिङ्ग कार्डहरु क्यानाडामै निर्मित पर्समा हालेर गोजीमा घुसारे ।

**

'तपाईको कोट अनौठो खालको छ त मेन्डेज'

तेहरान आउँदा मेन्डेजले बेलाइती ढाँचाको कोट लगाएको थियो । त्यसकारण गुप्तवासी मार्क लिजेकलाई अनौठो लागि रहेको थियो, मनमा अड्याउनै सकेन, सकसक मेटी हाल्यो ।

तर मेन्डेज भेषबदलुमा माहिर विज्ञ थियो । त्यहाँ भएका सबैलाई उसले नयाँ परिचयमा अभ्यस्त बनाइ सकेको थियो । तर ऊ आफै त इरानमा मेन्डेज नभएर आइरिस सिनेमा निर्माता हर्किन्स आएको थियो होइन र । तत्कालै नयाँ नियम बनाइयो – आन्तरिक रुपमा पनि हरेकले नयाँ परिचयमा सम्बोधन गर्ने वा परिचय बेगर सम्बोधन गर्ने, अमेरिकी पहिचान अमेरिका नपुगेसम्म बन्द ।

तातो दूधले मुख पोलेको बिरालो मही पनि फुकेर खान्छ भन्ने उक्ति सरह परस्पर कुराकानीमा 'हेलो डेयर', 'हाइ डेयर', 'हाइ फ्रेन्ड' वा , 'हाइ' जस्ता बेनामी विशेषणका शव्दहरु बोल्नु पर्ने भयो । त्यहाँ कसैले कसैलाई पुरानो हाकिम शैलिको नमस्कार गर्न भन्न वा सम्मान जनाउन नपाइने भयो ।

'हवाइ अड्डामा कस्तो नियन्त्रण रहेछ नी' कसैले सोध्यो ।

'एकदम राम्रो सवाल' आयरिस हर्किन्स बोल्यो ।

त्यहाँ टेलोर र मेन्डेजको जिम्मेवारी गहन थियो – अमेरिकीहरुको पूरै इज्जत र आठ वा साठी अमेरिकीको ज्यानको सवाल जोडिएको थियो । तेहरानको मेहरावाद हवाइ अड्डामा चाही मेन्डेजको एकल जिम्मेवारी थियो ।

तयारी र उपतयारीमा जतिसुकै मेहनत गरे पनि जासुसी योजना आफूले चाहे जति पूर्ण हुदैनन्, कतै न कतै सानातिना कमजोरी छुट्छन् वा केही कुरा भनिएजस्तो सलल्ल नबग्न पनि सक्दछ । त्यत्रो प्रशिक्षण पछि मेन्डेजको बेलाइती कोटको प्रश्न त भर्खरै उठेको थियो, आखिर मेन्डेज आयरिसकै परिचय र भेषभुषामा इरान आएकै थियो । त्यस्ता ससाना गल्ति यदाकदा कुठाउँमा पनि पर्न सक्दथे ।

त्यहाँ गुप्तवासी छ जनाकै राहदानीमा लुकिचोरीमा मेहराबाद अध्यागमनको आगमन छाप लागेको र अध्यागमन अधिकृतको दस्तखत भएता पनि ती एटलान्टिक महासागर पारी लगाइएका थिए, मेन्डेजका हातका दस्तखत थिए । त्यसरी दस्तखत नक्कल गरिएको अधिकृत त्यो दिन वा त्यो बेला अध्यागमन डेस्कमा नहुन पनि सक्दथ्यो वा फर्कदा उही अधिकृतको डेस्क पार गर्नु पर्ने अवस्था पनि पर्न सक्दथ्यो । त्यो कुरो त सानो थियो, तर असर ?

त्यसो त लामो समयदेखि नै इरानी अध्यागमनले सेतो र पहेलो दुई प्रति अध्यागमन फाराम प्रयोग गर्दथ्यो, मेहराबादबाट आउँदा मेन्डेजले केही खाली फाराम ल्याएको थियो । त्यसमा छ जनाकै व्यक्तिगत विवरण भरी पहेलो प्रति उनीहरुको राहदानीसँगै थमाएको पनि थियो । त्यस्तै हालसालका जासुसी सूचना अनुसार पनि

इरानबाट फर्कने विदेशीले बुझाउने पहेलो प्रति अध्यागमन अधिकारीले भिडाउने गरेको देखिएको थिएन, यसो खोजे जस्तो गर्नै र भै गो भन्ने देखिन्थ्यो ।

तेहरानको अवस्था यति नाजुक र तरल थियो की कुनै पनि बेला कुनै नयाँ नियम लाग्ने र केही दिन वा घण्टामै कार्यान्वयन शुरु भइ बन्द पनि हुने अवस्था थियो । तरक्की देखाउने नियम केही घण्टा चल्दथे । त्यस्तै अन्य यात्रुको कमजोरीका कारण कुनै उडानका सबै वा विदेशी यात्रुको पहेलो प्रति शुरुको सेतो प्रतिसँग भिडान गरिन सक्दथ्यो ।

तेहरानका कुनै पनि निकाय स्वयंमा स्थिर थिएनन्, बाहिर विभिन्न अफवाह चल्दथे । तत्काल चलेका अफवाह चिर्न सरकारी नियम र कामको तौर तरीका बदलिन्थ्यो उल्लिखेरै । तौरतरीका मिलाएर विभिन्न आवरणमा विदेश पुगेका इरानीहरुको कुनै खबर तेहरान आइपुग्यो भने त्यस्तो तरीका बन्द गर्न तत्कालै नियम बन्दथ्यो, लाग्दथ्यो, अनि बन्द हुन्थ्यो ।

तानाशाही शासनमा फाइदा पाएका भन्ठानिएका इरानी वा इरानीमूलका विदेशी वा विदेशीको अध्यागमन छानविनको काम पलपलमा परिवर्तन भइ रहन्थ्यो । तत्काल क्रान्तिकारी देखिन वा वसुली गर्न जुनबेला मन लाग्यो उही बेला जसको मन लाग्यो उसैको हर सूचना छानविन गर्दथे । तेहरान हवाइ अड्डामा सोधपुछ र खानतलासीको कुनै नियम वा क्रम थिएन ।

तेहरानमा कुनै समूहलाई आफ्नो क्रान्तिकारी पहिचान देखाउनु पर्‍यो भने सडक बन्द हुन्थ्यो । तेहरान सडकमा कुनै पश्चिमा विरामी परेर लड्यो भने कुनै समूहले जासुस भनी सडकमा भेटिए जति विदेशीको खानतलासी शुरु गर्न सक्दथ्यो । तीन महिना पहिलासम्म त्यस्ता विरामी इरानीले अस्पताल पुर्‍याउँथे भने अहिले कसैलाई अस्पताल पुर्‍याउनु अघि तीन पटक सोच्दथे । तेहरानको अवस्था त जर्मन भाषामा कुरा गर्दाको युवाको शुरुको र अन्तको व्यवहार मेन्डेज र जुलियोले नियाली सकेका थिए । त्यहाँ पनि शुरुमा उसले क्रान्तिकारी व्यवहार देखाएको थियो भने छुट्टिने बेलामा वास्तविक इरानीको ।

तेहरानमा होस् की तेहरान बाहिर, इरानीहरु सरल र सजिला तथा सहयोगी आत्माका मानिस भएकोमा उनीहरु ढुक्क थिए । तर अहिलेको समय खाटी इरानीको नभएर क्रान्तिकारी वा उग्रक्रान्तिकारीको थियो – बाकीले हो मा हो मिलाउनु पर्ने । त्यहाँ भएका सबैलाई थाहा थियो – दूतावास कब्जाको लक्ष केही घण्टाको र बन्धक केही दिनको थियो । तर समय बलवान भएर समस्या तीन महिनादेखि उहीँको उहीँ थियो, समाधान गर्न चाहने इरानीलाई समयचक्रले पश्चिमा दलाल करार दिन्थ्यो ।

त्यस्ता सबै कुराको पूरा जानकारी राखेको मेन्डेजको योजनामा गुप्तवासी तथा क्यानाडेलीहरु केही डराएका देखिन्थे ।

'अब के गर्ने भने' आयरिस निर्माताले टेबलबाट दुई वटा वाइन कर्क उठायो र दुई अङ्गुलीका कैचीका बीचमा राख्यो र टुप्पाहरु जोडेर व अक्षर जस्तो बनायो । 'यी खराव मान्छे यहाँ छन्' कापमा रहेका कर्कहरुलाई इरानीहरुलाई इंगित गर्दै भन्यो 'हामी यहाँ छौ' । आफूहरु एकजुट बसिरहनु पर्ने सन्देश सुनायो । अन्तमा उसले धुर्ततापूर्वक उनीहरुलाई माथ गर्नु पर्ने उत्प्रेरणा भन्यो । आफ्ना हात झटकार्दै कर्क फ्याल्यो – 'यी यसरी फाल्नु पर्दछ' ।

त्यो चटकी काम गराइले बाकी छ जनामा उनीहरु उचित नेतृत्वमा बाहिरिदै छन् भन्ने भावना जागृत गरायो ।

'हामी सजिलै पार हुन्छौ । तिनलाई मूर्ख बनाइ छाड्छौं', आफ्ना लक्षको उत्प्रेरणा देखेर आयरिसले निसाना साँध्यो ।

**

उता हलिउडमा स्टुडियो सिक्स आफ्नो काम गर्दै थियो । एन्डी र बब दम्पति गरी तीन जनाले कार्यालयको काम गर्दथे, केबल एउटा काम – फोन उठाउने उचीत जवाफ दिने । एक लाइन टेलिफोन केवल सिआइएलाई मात्र जानकारी थियो । 'अफिसियल' काममा बाकी दुई नम्बरले सेवा गर्दथे । अर्गो समूहले खतरा ब्यहोरिरकेको छ, सहयोगात्मक वातावरण बनाउनु पऱ्यो भनेमात्र तेश्रो फोनको घण्टि बज्दथ्यो ।

टिनिनिनि ……

'हेलो स्टुडियो सिक्स? म टाइपिस्ट । के मलाई तपाई काम दिन सक्नुहुन्छ?'

'हेलो स्टुडियो सिक्स? हामी सिनेमा सम्पादन कम्पनी । हाम्रा साठी जना दक्ष सम्पादक छन् …'

'हेलो स्टुडियो सिक्स? हामी जारको पानीका व्यापारी'

'…. '

'म एन्डि बोल्दैछु । धन्यवाद । काम पर्ने वित्तिकै म तपाईलाई सम्झने छु । गुड डे देयर ।'

आयरिस निर्माताको ठूलो बजेटको सिनेमामा धेरै मान्छेले काम पाउँथे, धेरैले आफ्नो विक्री गर्न पाउँथे । आकार अनुसार धेरैको व्यवसायिक वा पेशागत विकास हुन सक्दथ्यो । आउने फोनहरु त्यसकै अभिलाषाका हुन्थे –निरन्तर दिउसो वा राती वा साँझ पनि । एन्डीको मूख्य काम नै यिनै दुई फोनको जवाफ फर्काउनु हुन्थ्यो ।

**

आयरिस निर्माताको सिनेमाबारे हलिउडका प्रख्यात पत्रिका हलिउड रिपोर्टर र भेराइटीमा पूरा पन्नाका विज्ञापन आउने वित्तिकै हलिउडका अधिकांश पत्रिकाका समाचारदाताहरु पछ्याउन थाले ।

'एक ओस्कार विजेता सहित दुई विख्यात मेकअप कलाकार सङ्लग्न' हलिउड रिपोर्टरको २५ जनवरी १९८० को समाचारको शीर्षक, 'टेरेसा हेरिसको अविष्मरणीय विज्ञान कथाको पहिलो सिनेमा अर्गो । राजनैतिक अवस्थाले मिलेसम्म मध्यपूर्वको गोप्य सुटिङ्ग स्थल ।'

'हामी अति उत्तम भौगोलिक स्थलको पहिचान गर्दैछौं । अहिलेलाई ठाउँ चाही गोप्य नै राखौं । समयभए पछि हामी बताउने छौं भनि स्टुडियो सिक्सका बब सिडेलको भनाइ । उक्त उत्तम स्थल मध्यपूर्व नै हुनसक्के' आदि आदि ।

आखिर पच्चीस वर्षदेखि हलिउडमा काम गरिरहेको बब सिनेमाप्रति आकर्षण गराउन कुन बेला कस्ता समाचार स्कूप बनाउने भन्नेमा पोख्त थियो । उसले समाचार स्कुपको रुपमा हलिउडमा स्टुडियो सिक्सको प्रभावी उपस्थिति देखाएरै छोड्यो । आएका समाचारहरु मध्यपूर्व र खासगरी इरानको आकर्षणमा ल्याउन पनि सक्दो काम भैरहेको थियो, ताकी सुटिङ्ग स्पोट छान्न इरान र अन्य अरबी मुलुकबिच प्रतिष्पर्धा चलोस् ।

आठ पाँच सिआइएले पहिला पनि सिने क्षेत्रको काम गरेको थियो, तर त्यतिखेरको प्रभाव अहिले स्टुडियो सिक्सको जस्तो हुन सकेको थिएन । अहिले भने कम्पनी खुलेको दश दिन भित्रै स्टुडियो सिक्सले पचासौं वर्षको अनुभवी कम्पनी सरह जवर्दस्त प्रभाव छाड्यो ।

एन्डिलाई कम्पनीमा तेश्रो फोनको प्रतिक्षा हुन्थ्यो, तर अरु दुई फोन बजिरहने – कहिले काम खोज्ने बेरोजगारको त कहिले व्यापारी वा लगानीकर्ताहरुको ।

'फिल्ड क्रु छनौट गरिसक्नु भयो?' बबको सिनेमामा भएको संलग्नताका कारण सोधनी शुरु भयो । अरु काम छोडी कैयन क्षेत्रका मान्छेहरुलाई समय दिनु पर्‍यो, छलफल बैठक गर्नु पर्‍यो ।

'होइन हामी आगामी केही हप्ता मै सुटिङ्ग स्पट तय गरिसक्नेछौं । त्यस पछिमात्र प्रिप्रोडक्सनको काम शुरु होला', बबले मान्छे हेरेर जवाफ मिलाउदै भन्नु पर्दथ्यो 'वास्तविक सुटिङ्ग चाही मार्चतिर है' ।

**

२८ जनवरी १९८० । माघ शुक्ल द्वादशी । सोमबार ।

उत्तरी तेहरानको खुल्ला गुप्तवासभित्र आआफ्नो पोशाक सहित तयार हुदै थिए । आफूलाई विख्यात अभिनेतृ तथा नृत्याङ्गना शिर्लि टेम्पल ब्याक जस्तो देखिने गरी कोरा लिजेकले घुमुर्किएको जुरो बनाइ, जुरोको बीचमा बाहिर देखिने गरी सुइरो घुसारी । आँठा मिलाएको कपाल काँटाहरुले बाहिरबाट अड्काइ । उसले प्रयोग गरेका सामान एसियाली वा अफ्रिका झल्किने थिए । उसले जुरोको त्यो पारा मिलाउँदा उसले कतै पनि इरानी संस्कृति पर्न दिइन । ऊ आफ्नो भागको कामको बारम्बार सम्झने प्रयास गरिरहेकी थिई । उसको पहिरन र हाउभाउले कतै पनि गुप्तवासीको झल्को वा कर्मचारीको भद्र परिचय दिदैनथ्यो ।

क्याथी स्टाफोर्ड नी ।

उसले पनि असामान्य खालको भारी देखिने कालो चश्मा लगाई, काँटाले कपाल अड्काई । उसले किर्बिका चित्रहरु फाइलमा राखेर अर्को छुट्टै टिपोट कापी पनि बोकी । उसको रुप फिल्डमा घुमिरहने व्यवस्थापकको जस्तै देखिन्थ्यो । उसैले बताए पनि अरुले उसलाई कुनै डेस्क कर्मचारी मान्न सक्ने अवस्था थिएन ।

उता मार्क लिजेकले आफ्नो दाह्री परेला र आँखिभौंमा गाढा रंग लगायो, भद्दा झुसे दाह्रीले भरिएको उसको अनुहारमा गाढा रंग देखिएर ऊ अरु साथीहरुले पनि चिन्न गाह्रो पर्ने देखियो ।

अर्गोका निर्देशक एन्डर्सले एउटा निर्देशकमा देखिनु पर्ने बाह्य गुणहरुको अध्ययन गऱ्यो र आफ्नो भूमिका अनुसार पहिरन मिलायो । इरानी गुप्तवासबाट भाग्न सक्नु वास्तवमै एउटा साहसिक खेल सरहको काम थियो । ऊ त्यो साहसिक खेलको निर्देशक जो न थियो । उसले छोटा बाहुला भएको टाइट सर्ट लगायो, माथिल्ला आधा टाँक खुलै छोडेकाले छातीका रौं छरपष्ट देखिने गरी । उसको ताल पदक जितेर भिडमा बधाइ सोहोरिरहेको नेताको जस्तो देखिन्थ्यो । एन्डर्सले कपाल चाही कानका चेपामा घुसारेको थियो – कता कता जनाना जस्तो, कालो चश्मामा सजिएको ।

एताउता सुटिङ्ग स्पट खोज्न हिडेकाहरु कार्यकक्षमा बसेर काम गर्ने स्वरुपमा हुनु हुदैनथ्यो । सबैले आफूलाई केही दिन देखि बाहिर हिडिरहेका मान्छे सरह बनाए – कोही पनि टिपटप छैन र सफा चाहीँ छ ।

उज्यालो, अध्यारो, छड्के, सीधा कस्तो अवस्थामा कसरी क्यामेरा चलाउने र कुन लेन्स हाल्ने भन्नेमा उसले दिलोज्यान दिएर सात्जले दर्जनौं पटक क्यामेराका लेन्स मिलायो ।

नरो वा कुञ्जर

तेहरानको क्यानाडेली दूतावास संचालनमा नै थियो, धीमा गतिमा । मुलुकमा भएको आन्दोलनका कारण को कुन बेला पक्राउ पर्दछ वा गद्दार भनिन्छ वा शाहका पक्षमा ठेकिन्छ, ठरठेगान थिएन । जुनसुकै बेला जुनसुकै सडकमा जुलुस निस्कन सक्दथ्यो, उग्र क्रान्तिकारिता सहित । मेहराबाद हवाइ अड्डामा क्रान्तिकारी सेनाको खानतलासी चल्दथ्यो, बेला न कुबेलामा । कुनै धनी इरानी वा इरानीमूलको विदेशीलाई हवाइ अड्डाबाट पक्रेर अज्ञात कारवाही गरिन्छ भन्ने हल्ला व्यापक थियो, त्यो पनि फेरिइ फेरिइ । भिसा दिनु नै गद्दार घोषणा हुने कारण हुन सक्ने जस्ता समस्या भएकाले क्यानाडेली दूतावास पनि भिसा दिन पनि अनिच्छुक थियो, कम्तिमा पनि सरकारी स्वीकृतिपत्र बेगरकालाई । पहिल्यै तेहरान छोड्ने तयारीमा रहेको क्यानाडा गुप्तवासीको बहिर्गमन पछि बसिरहनु उचीत थिएन, सम्भाव्य जोखिमका कारण । तेहरान छोड्न टेलोर आन्तरिक तयारी पूरा गर्दै थियो, गोप्य रुपमा । समस्या नै समस्याको बीचमा बसेको तेहरानमा दूतावासको काम घट्दो थियो, झण्डै बेकाम सरह । सोभियतहरुको २४ डिसेम्बरको अफगानस्तान कब्जा पछि त दूतावासको काम नै केवल दुईटा थिए –खोल्ने र बन्द गर्ने । बस् ।

मेन्डेज तेहरान हाजिर भए पछि बहिर्गमन तयारी युद्धस्तरमा शुरु भयो, आन्तरिक र बाह्य दुवैतिर । दूतावासमा कार्यरत केही फारसी भाषी कर्मचारीलाई कुनै अर्गो नामको सिनेमाको कामको सिलसिलामा आठ क्यानाडेलीहरु तेहरान आइपुगेको समाचार खुस्काइयो, कानेखुशी गर्दै हल्ला गराउनका लागि । गुप्तवासीहरुलाई हवाइ अड्डामा सोधिन सक्ने विभिन्न खालका प्रश्न र तिनको उत्तरका लागि कोही न कोही स्थानीय फारसीभाषीबाट सोधिखोजी गरिनै पर्दथ्यो, नजिक टाढाका ससाना कुरा सहित । तेहरानभित्रका सुटिङ्ग सम्भाव्य एतिहासिक स्थानहरु वा तेहरान आसपासका स्थानहरुका विषेशता जानकारी हुनु पर्दथ्यो, कम्तिमा ससाना ताजा समाचार सहित । हरेक सम्भाव्य ठाउँको सांस्कृतिक वा धार्मिक महत्व तथा विदेशी र विधर्मीका लागि कुनै बन्देज भए नभएको एकिन हुनु पर्दथ्यो, आफ्नो सुरक्षाका लागि । मेन्डेज र टेलोरले दूतावासका फारसी भाषी कर्मचारीहरुलाई गुप्तवासी सिनेमाकर्मीहरुसँग भेट गराए, केही नयाँ कुराको कबच बनाउने गरी ।

सिनेमाको आवरणमा सिनेकर्मीहरुले ती कर्मचारीहरुबाट हवाइ अड्डामा नअड्किने गरी आवश्यक सबै सूचना लिए, काम नलाग्ने सहित पाएसम्मका । विभिन्न ठाउँका नाम, विशेषता, बारबन्देज यकिन गरे, सिनेकर्मी घुमेको देखाउन । कुनै विशेषता कुनै गुप्तवासीको लागि हवाइ अड्डाको सम्भाव्य प्रश्नको जवाफ हुन्थ्यो, बन्देज अर्को गुप्तवासीको लागि । प्रश्नोत्तरको आधारमा हरेकले आआफ्नालागि काम लाग्ने सूचनाहरु सँगालेर हवाई अड्डाको

हरेक कामको नाटक नै प्रहशन गरे, पाइलै पिच्छेका कमजोरी यकिन गर्न । प्रहशनमा कुनै कमजोरी पाइए वा थप कुनै सूचना चाहिए वा कुनै सूचना अपर्याप्त देखिए फारसी भाषीहरु निवासमै छदैथिए, अन्जान सहयोगीका रुपमा ।

'तेहरान बाहिरको परम्परागत ठाउँ भन न' सिनेकर्मीले सोध्यो ।

'तेहरान बाहिर ! मेरो विचारमा कंगाबारको गडिन टेप हुन सक्दछ' फारसीभाषीले जवाफ दियो, 'गडिन टेप त क्यानाडाकै पूरातत्वविदको नेतृत्वमा जिर्णोद्वार भएको हो नी । छ सात वर्ष अगाडी' ।

'धन्यवाद । त्यहाँ सुटिङ्ग गर्न मन्त्रालयले स्वीकृति देला र' सिनेकर्मी उत्सुक देखियो, 'आखिर कलाकार र प्राविधिक त पुरै विदेशी हुनेछन् ।'

सिनेकर्मी मन्त्रालयको स्वीकृतिभन्दा पनि गैरइस्लामिक मान्छेको गडिन टेपमा आतेजाते वा अन्य कुनै बन्देज जान्न उत्सुक थियो, आफ्नो पक्षमा सूचना लिने गरी । उसको भित्रि उद्देश्य मेहरावाद हवाइ अड्डामा दिने जवाफमा स्थानीय धार्मिक आस्थाका कारण हामीले गडिन टेप छान्न सकेनौं, पूरातात्विक कारणले सुटिङ्ग गर्न नमिल्ने रहेछ वा एउटा सम्भाव्य सुटिङ्ग स्पट हुन सक्दछ यस्तै उत्तर दिन सक्ने बन्नु थियो, गडिन टेप घुमेको भान पर्ने गरी । यदि स्थानीय फारसीभाषीले पुरातत्व संरक्षित इलाकामा ठूला इक्विप्मेन्ट लैजान नपाउने वा थप स्वीकृति लिनु पर्ने कुरा उप्काए भने त्यहाँको सूचना सवारी व्यवस्थापकलाई काम लाग्दो हुन्थ्यो, भारको सूचनाका रुपमा ।

आफूले खासै काम नगरेको र विशेषज्ञता नभएको क्षेत्रमा भरदिउस हाकिमका मान्छेको कुरा सुनि जवाफ दिनु परेकाले होला फारसीभाषी कर्मचारी लखतरान भए, थकित देखिने गरी ।

दुई दिनको अनवरत नाटक मञ्चन । परस्पर छलफल । पाइला पाइलाका काम र सम्भाव्य प्रश्नको फेहरिस्तको तयारी । पटक पटकको पहिरन । जाँच र पुनः जाँच ।

अमेरिकन क्यानाडेली पनि लखतरान भए, गृहप्रवेशको उत्कृष्ट आकांक्षा सहित ।

**

'एअरपोर्टबाट कुरियर छुटाउन त गाह्रो होला हगि' टेलोर कुरियर ल्याउनेलाई हुलाकीलाई मख्ख पार्दै सोध्यो ।

टेलोर जासुसको तालिम पाएको व्यक्ति थिएन, केबल एक जिम्मेवार बुज्रुग थियो । सानाभन्दा साना कुरामा आफ्नो ध्यान पुऱ्याएर काम गर्ने गराउने बानी थियो, कसैलाई खुशी पार्न पनि माहिर । टेलोरले हवाइ

अड्डाका हरेक गतिविधी र प्रकृयाहरुको सानोभन्दा सानो सूचनाहरु जम्मा गऱ्यो, दूतावास आइपुग्ने जो सुकैलाई मेहरवानी भेट दिएर । आज उसले दूतावासमा आइरहने हुलाकीलाई चिठी पुऱ्याउन आँउदा भेट्यो, एक सम्भाव्य श्रोतव्यक्तिका रुपमा ।

'आजकल थरिथरीका रेड आर्मीले खानतलासी गर्दछन्' हुलाकीले जवाफ दियो, 'कत्ति ठाउँमा परिचयपत्र देखाउनु पर्दछ कत्ति ठाउँमा' ।

'कठै । भन्सारमा नी ? '

'उस्तै त हो । त्यहाँ पनि '

'विहान त अलि खुला होला नी । विहान जाने गरे हुन्न ? '

'सात बजे अगावै गए त हुन्छ । जाडो छ ।'

कुरियर ल्याउनेले राजदूतसँग दोहोरो कुरा गर्न पाएको खुशियालीमा जाडोको नौवत सुनायो, जीन्दगीको लाइफमा पहिलो पटक । घर पुगेर दुलही र छिमेकीलाई आज आफूले राजदूतसँग कुरा गरेको सानका साथ बतायो, टेलोरले भने विहान रेड आर्मीको खानतलासी नहुने वा कम हुने सूचना जम्मा गऱ्यो ।

टेलोरले आफ्ना स्वदेश फर्कने कर्मचारीहरुलाई पनि बेग्लावेग्लै काम लगाएको थियो – हवाइ अड्डाका कामहरुबारे । खासमा उसले ९ जनवरीमा फर्कन लागेकी निलेलाई हवाइ अड्डाका हरेक मिनेटका र हरेक कुनाका प्रकृयाहरुका बारेमा मिहिन अध्ययन गरी आफूलाई जानकारी गराउन लगाएको थियो, उद्देश्य सहित । अन्य व्यक्तिका ससाना सूचना र निलेको मिहिन अध्ययन गरी पठाएको प्रतिवेदनबाट टेलोर हवाइ अड्डाभित्रका गतिविधीको जानकार थियो, कम्तिमा औषतभन्दा बढी स्तरमा ।

बहिर्गमनको मिति र छ क्यानाडेलीका राहदानीको आगमन मिति पक्का भए पछि टेलोरले आफ्ना स्थानीय कर्मचारीलाई तीन दिने पारिवारिक जमघटको आयोजना गरि मन जितेको थियो, प्रमाण सङ्कलन गराउन । त्यतिखेर इरानमा कुनै इस्लामी चाड पर्दथ्यो शुक्रवार त इस्लामीको हृदयको बार नै थियो, बहिर्गमनको तीन दिन अगाडी । कर्मचारीले आफ्नै परिवार वा आफन्त लिएर जनवरी २४ देखि जनवरी २६ भित्र तेहरान वा तीस किलोमिटर भित्रको कुनै रेस्टुरेन्ट वा रिसोर्टमा एक दिनको खानाको खर्च गर्न पाउँदथ्यो, अचम्म पर्ने खालको । त्यसका लागि कुन दिन को कहाँ कति जना लिएर जान्छ भनि फाराम भराइएको थियो, कार्यालय खाली नगराउने नाममा । टेलोरले सामान्य काँटछाँट गरे जस्तो गरी कर्मचारीहरुलाई ती तीन दिन बेग्लावेग्लै दिन पर्ने गरी बाडि दिएको थियो, सिनेकर्मीलाई ध्यान दिएर । अलि टाढा जान खोज्नेले भने साँझ र भोलिपल्ट विहान गरी दुई

दिनको विल ल्याउन पाउने अनुमति पनि थियो, जनवरी २७ भित्र दूतावासबाट सोधभर्ना लिइसक्नु शर्तमा । सोधभर्ना दिन आइतवार पनि दूतावास खुला रहने आदेश थियो, सोमबार बन्द गराउने लक्षले गर्दा ।

आइतवार दूतावासमा खानाका विलहरुको भुक्तानी भयो, सबै कर्मचारी मख्ख । टेलोरले आफ्ना सूचना मेन्डेजलाई जानकारी दिइ दुवैले हवाइ अड्डाका सम्भावित कार्य र अप्ठेराहरु एकिकृत रुपमा संकलन गरे, भ्रमणस्थलका प्रमाण कर्मचारीबाट पाएका आधारमा ।

**

सबै तयारी पुरा भए पछि टेलोरले ओटावा केबल पठाएः

'स्टुडियो सिक्सका छ क्यानाडेलीले राष्ट्रिय निर्देशन मन्त्रालयसँग अर्गो नामको सिनेमाको दश दिन जतिको सुटिङ्ग व्यवस्था मिलाइ दिन स्थानीय राजदूतसँग सहयोग मागेका छन् । राजदूतले सुटिङ्गका लागि उपयुक्त हुने ठाउँ खोज्न सल्लाह दिँदै उनीहरुलाई दूतावास कर्मचारीको निवासको खाली अतिथि गृहमा बस्न अनुरोध गरेका छन् । उनीहरुले राजदूतको अनुरोध सकारे र केही दिनको स्थान छनौटको काम पछि इरानबाट फर्कने निर्णय गरेका छन् ।'

केवलले तीन वटा लक्षमा एउटै तीर हाल्दथ्यो – क्यानाडा र अमेरिकाका लागि गुप्तवासीको बहिर्गमन सन्देश, दूतावासको सवारी साधनमा गुप्तवासी सडक यात्रामा निस्कने प्रवन्ध र कथंकदाचित कुनै लफडा पर्दा उनीहरु क्यानाडेली नै हुन भन्ने कुटनैतिक आधार ।

भोली विहानको कार्यक्रम मिलाउन बाकी नै थियो, विहान सबेरैको फर्कने टिकट अनुसार । तेहरानमा जनवरीको अन्तमा विहान ७ बजे पछाडी नै उज्यालो हुन्थ्यो, लामा रात हुने समयका कारण । राती सुतेका क्रान्ति सैनिकको नयाँ समूह विहानी उज्यालो भए पछि मात्र काममा लाग्दथ्यो, नयाँ सिफ्टको समय अनुसार । रात्रिकालिन सेवाका सुरक्षाकर्मी, अध्यागमनकर्मी तथा अन्य कर्मचारी पनि अनिदो रात विताएकाले बिहान थाकेका लोथ हुन्थे, कुसमयमा काम गरेकाले गर्दा । तैपनी विहान चाही हवाई अड्डाको जाँचपासको काम तुरुन्त हुन्थ्यो, यात्रुको चाप नहुनाले गर्दा । हरेक हिसावले गुप्तकार्यको कार्यान्वयनका लागि बिहानी नै उपयुक्त थियो, टिकटको समय निर्धारण गर्दा पनि अति विचार गरिएकोले साढे सात बजेको टिकट लिइएको थियो । बहिर्गमनका लागि स्वीस एअरका साथै पछाडीका विमानमा पनि उही नामका टिकट काटिएको थियो, दोश्रोमा फ्रान्स एअर र तेश्रोमा ब्रिटिस एअर ।

साढे सात बजे विमान चढ्न तीन घण्टा अगावै हवाइ अड्डा पुग्न अनिवार्य थियो, अर्थात साढे चार तिर । गुप्तबासीको यात्रा भएकाले हवाइ अड्डामा लामो समय कुर्न पनि नमिल्ने ढिलो जाँदा कुनै लफडा भयो भने हवाइ अड्डाका हरेक मिनेट अति महत्वका थिए, विमान पनि कुरेर नबस्ने हुनाले ।

विहान चार बजे उठेर गाडी चढ्ने निधो भयो, केही घण्टाको आराम पछि ।

मेन्डेज शेराटन फर्क्यो, मध्यरात्रीको केही पछि ।

**

सबै जनाले विहान चार बजे उठेर नित्य कर्म पूरा गरे, योजना मुताविक रहने क्रममा । आआफ्ना सामानको झोला तयार गरे, जाँच गरे, पुनः जाँच गरे । अन्तिम पटक व्यक्तिगत ससाना सामानमा पनि ध्यान पुऱ्याए – घडि, माला, कानका टप, औंठी, लगाएका वा झोलामा भएका भित्रि वस्त्र, कपडा, जुत्तामोजा, टोपी । आफ्नो व्यक्तिगत परिचय देखिने वा अमेरिका जनिने कुनै कुरा आफूसँग नभएको यकिन गरे, उत्साहपूर्वक ।

'जुत्ताको भित्रि तलुवामा कम्पनीको नाम रहेछ' कसैले आँखा पारेछ ।

पूरै कपडा जुत्ता चप्पल पुनः जाँच भयो, कम्पनी स्टिकर च्यातिए वा त्यो कपडा, जुत्ता फालिए । कम्तिमा कुनै पनि सामानमा अमेरिकी कम्पनी वा अमेरिकी ब्रान्डको नाम भएको भाग जिउमा वा लुगामा बाकी नभएको पक्का भयो, टेलोरका कर्मचारीको खानाको विल बाडियो । खानतलासी भैहालेमा हरेकका झोलामा तेहरानका विभिन्न खानाघरका विल भेटिने भए, जाँदै नगए पनि । टेलोरले पहिल्यै जम्मा गरिदिएका इरानी पर्यटक चिनोहरु झोलामा राखिए, पर्यटकका परिवारका लागि देखाउने गरी । पर्यटकजन्य समान बाहेक कुनै पनि इरानी सामान झोलामा भए नभएको निर्क्यौल गरे, दोहोऱ्याइ दोहोऱ्याइ । क्यानाडेलीको डेरामा काम नलाग्ने भनि फालिएका क्यानाडेली निर्माताका लोगो भएका वा स्टिकर टाँसिएका वस्तु झोलामा थपिए - कलम, विल, किरिङ्ग, नङ्गिनी, कनकत्रो, नेपकिन, मोजा, रुमाल, थोत्रा कपडा, ... ।

झोला वा कपडा वा अन्य कुनै बाहिरबाटै देखिने वस्तुमा पाएसम्म क्यानाडा देखिने चिन्ह मिलाएर दूतावासको गाडी चढे, तीन महिनासम्म अविस्मरणीय सहयोग पुऱ्याउने गृहपतिलाई धन्यवाद दिए लगत्तै । विहानको पाँच बज्दा गाडी पन्ध्र किलोमिटर टाढाको मेहराबाद विमान अड्डाका लागि पश्चिमतर्फ लाग्यो, कौतुहलता र भित्रि डर बोकेर ।

गह्रौ मनमा विभिन्न कुरा खेलाउँदै हिडेका गुप्तबासीको गाडीलाई मीठो निद्रा लाग्ने चीसो विहानी रातमा कुनै चेक जाँच भएन, प्रहरी वा रेड आर्मी कसैको पनि । हेड लाइट बालेर हिडेका केही सवारी साधन बाहेक बाटो

खाली थियो, जुलुस धर्नाको छेकछन्द रहित स्वच्छ । साढे पाँच नबज्दै उनीहरु मेहरावाद हवाई अड्डामा दाखिल भए, योजना अनुसार नै । टेलोरको योजना अनुसार उनीहरुको गाडी कुटनैतिक सवारी पार्कमा पार्किङ्ग गरियो, मौसम वा अन्य कारणले क्यानाडेलीहरु उड्न नपाएमा उनीहरुलाई दूतावास फर्काउने नाममा ।

गाडी पार्किङ्ग लटमै छोडेर सवारी चालक पाहुना लिएर हवाइ अड्डाको मूल ढोकामा हाजिर भयो ।

गेऱ्यान चाइ

आजको केन्द्र विन्दु मेहराबाद हवाइ अड्डा तेहरानको एकमात्र अन्तराष्ट्रिय विमानस्थल, दोश्रो विश्वयुद्धको शुरुवातको केही अधिमात्र खुलेको भिआइपी उडान उड्ने मिराज एअरको भिआइपी टर्मिनल र हाजीहरुको हाजी टर्मिनल भएको नामी विमानस्थलले यस पटक भने जासुसीको दुष्कार्यमा अकथनीय सहयोग गर्ने तम्तयार छ ।

अप्ठेरो गाह्रो साँघुरो पर्दा ठाउँ अनुसारका कुरा फेर्न माहिर अनुभवी जासुस मेन्डेजको नेतृत्वमा त्यो बहिर्गमन हुँदै थियो । आफै पहिला द्वेअर्थी कुरा गर्ने र त्यसबाट परेको असजिलोको अनुमान गरेर कुरा उल्ट्याइ दिनु सामान्य काम थियो । आफ्नै नेत्रद्वारा हवाइ अड्डाको जाँच गर्न गराउन चाहन्थ्यो । अरुभन्दा कम्तिमा आधा घण्टा अगावै पुग्ने कार्यक्रम अनुसार नै अट्याची रिचार्डको कुटनैतिक गाडीमा ऊ सबैभन्दा अगाडी हवाइ अड्डा पुग्यो । अस्ति आउँदा र अहिलेको भन्सार तथा अध्यागमनका डेस्कहरुको कामको तौरतरीका, क्रान्तिकारीहरुको व्यवसायिकता वा व्यवहारको खश्रोपनाको परख गऱ्यो । अन्तर कुन्तरमा कस्ता मान्छेलाई कस्तो व्यवहार हुदैछ नजानिदो पाराले ध्यान पुऱ्यायो ।

अनुमान गरिए जस्तै हवाइ अड्डामा जतासुकै पनि हतियारधारी मिलिसियाको दबदबा छ । अकारण पनि उनीहरुले जोसुकैलाई जेसुकै गर्दछन् र जुनसुकै बखत समस्या पर्न सक्दछ भन्ने निचोडमा मेन्डेज पुग्यो । अब काम फत्ते गर्नु नै थियो, त्यही भएर चोरी त चोरी, उपर सँ सिना जोरीको तरीकाले खतराको सामना गर्ने अठोट गऱ्यो ।

अनिदो र थकाइले हवाइ अड्डाका सबैजसो कर्मचारी लोथ देखिन्थे । अरु छोडी दुलोमा हात भने झैं मिलिसियाहरुको ध्यान चाँही बाहिरिनेहरुले लैजाने सुन जवाहरात वा नगदमा थियो – धनी इरानीहरु मुलुक छोड्दै थिए, मिलिसियाहरु रोक्दै थिए । अन्य मुलुकका यात्रुमा इरानीको दाँजोमा खासै चासो लिएको देखिदैनथ्यो । अँध्यारै बिहानी भएकाले यात्रुको चाप कमि थियो – झोला वा कागज जाँचमा लाइन छोटो र छिटो थियो ।

'विमान तोकिएकै समयमा आइपुग्छ'

अनर्थकारीको सहयोगी रिचार्ड, अर्को कुनै विमान कम्पनीको स्टेसन म्यानेजर भेट्न गयो र स्वीस विमान समयमा नै आउँदै गरेको खबर लिएर फर्क्यो ।

अर्कोतिर, कुटनैतिक यार्डमा गाडि राखेर गुप्तवासी हवाइ अड्डाको मूल गेट छेउ आइ पुगे । अर्कैतिर आँखा तन्काएर अलि ठूला आँखा पारेर मेन्डेजले सिनेकर्मीहरुलाई भित्र आउन संकेत गऱ्यो – डराइ डराइ ढोकेलाई कागजपत्र देखाउँदै भित्र प्रवेश गरे, साढे पाँच बजे । आफ्नो भूमिकामा कुनै त्रुटी होलाकी भन्ने हरेकलाई

डर थियो । अमेरिकी भिसा शाखामा बसेका हुनाले हजारौं इरानी वा विदेशीले देखेका अनुहार थिए – कसैले हाइ भन्देला भन्ने उत्रै डर । अन्तिम तीन महिनादेखि त उनीहरु सार्वजनिक स्थानमा देखिएका पनि थिएनन् – मान्छेको भिड देख्दा डर लाग्ने भैसकेको अवस्था । आङ्ग कमाउने माघे जाडोमा पनि पसिना काढिरहेका थिए । अरु यात्रु देखिँदा वा आफ्नै साथीसँग पनि जोगी देख्दा भैंसी डराउने र भैंसी देख्दा जोगी डराउने अवस्थाका थियो । अमेरिकी र हवाइ अड्डाका मिलिसिया र कर्मचारीसँग चाही घिउ बेचुवा र तलवार बेचुवाको खेल हुनेवाला थियो ।

अन्तिम बेलामा 'तँ आँट म पुऱ्याइ दिन्छु' भन्छ रे दैवले ।

अति सौभाग्यवस ! मेरी र जिससको उपहार स्वरुप ! स्वीस एअरको चेकइन काउन्टर र भन्सार डेस्कमा सबैजना सजिलै पार भए – विना कुनै झञ्झट, विना कुनै रोकतोक । आफ्आफ्नो झोला उठाए, सिङ्गै झोला देखाए, गए – भर सेकेन्डमै । अड्डामा छल्न बोकिएका क्यानाडामा छापिएका केताबे एङ्गलेस जवान समेत् बेकार बोकिए जस्तो भयो – कसैले आँखासम्म लगाएन । अरुले नदेख्ने गरी, पहिलो पल्ट सुखको लामो श्वास फेरे – स्वाँ ….. ।

अध्यागमनको लाइनमा लागे, सबैभन्दा कठीन विन्दु ।

अगाडी सात्ज थियो – पँहेलो लाइनबाट अगाडि बढेर आफ्नो राहदानी र भिसाको पँहेलो प्रति पेश गऱ्यो ।

अत्यासको समय थियो त्यो, सबैका लागि । अमेरिकी हरेकसँग क्यानाडाली राहदानी र पहेलो प्रति त थियो, त्यसको सेतो प्रति मेहराबाद हवाइ अड्डामै थिएन । अझ नढाँटी भनौं यो संसारमै थिएन, नक्कली कामको कुनै प्रमाण बाकी नराख्ने मेन्डेजले नष्ट गरिसकेको थियो । अध्यागमन अधिकृतले चाही संसारमै नभएको त्यही सेतो प्रतिसँग पहेलो प्रति भिडाएर छाप लगाइदिनु पर्दथ्यो ।

अध्यागमन अधिकृतले राहदानीमा ठोकिएको आगमन छाप र त्यसमाथि अर्को अधिकृत मित्रको दस्खत हेऱ्यो, पहेलो प्रतिमा भएको विवरण पनि हेऱ्यो । आखिर, हेऱ्यो के भनौं, हेरेजस्तो गऱ्यो । अनुहारमा पुलुक्क हेरे जस्तो चाही गरे जस्तो देखिन्थ्यो । अनुहार र राहदानीको फोटो ठ्याक्क मिल्नु पर्दथ्यो, त्यति पनि नियालेन । अनहोनीको बाउले पँहेलो प्रतिलाई सेतो प्रतिसँग भिडाउन त परै जाओस, सेतो प्रति राख्ने ठाउँमा यस्सो खोजे जस्तो पनि गरेन । आखिर विदेशी न हो, आफ्नो घर जाँदैछ, के को पर्वाह – कल्ले दुःख गर्छ । अध्यागमन अधिकृतले पूरै झल्लु तरीकाले झोक्किए जस्तो गरेर राहदानीमा छाप ठोकिदियो – ड्याम्म्म ।

आठमध्येको पहिलो क्यानाडेली सिनेकर्मी अध्यागमन पास भयो । अर्को राहदानीका बेलामा भने त्यो अधिकृतले राहदानी र पँहेलो प्रति खत्र्याक खुत्रुक खत्र्याक खुत्रुक गरी ओल्टाइ पल्टाइ गऱ्यो – केही खोजे जस्तो, केही नपाए जस्तो । अलमल अलमल अलमल गऱ्यो – कहिले यात्रुको अनुहार त कहिले राहदानी त कहिले पँहेलो पत्र हेरेजस्तो गरिरह्यो । अन्यौलमा के गरुँ के नगरुँ जस्तो, हातमा राहदानीको पोस्तक मनमा दस्थोक जस्तो । अध्यागमनका कुनै विवरण पनि खासमा ध्यानपूर्वक अध्ययन नै गरेन – केही सोधेन, अनुहारमा राम्ररी हेर्दा पनि हेरेन । अलमलकै बिचमा, बरु राहदानी र पँहेलो प्रति बोकेर लुसुक्क उसको डेस्कभन्दा भित्र पट्टिको कोठामा छिऱ्यो ।

अध्यागमन डेस्क र त्यो भित्री कोठाको संरचना हेर्दा, त्यो भित्री कोठा उसको हाकिमको कार्यकक्ष हुनु पर्दथ्यो – वा सेतो प्रतिको अभिलेख कक्ष वा दुवै । अध्यागमन अधिकृत राहदानी र पँहेलो प्रति बोकेर हाकिमको कोठामा छिर्नु सिनेकर्मीका लागि चसक्क पार्ने खालको नराम्रो संकेत थियो, सबै जना खुत्रुक्कै परे । आन्तरिकरुपमा उसले जेसुकै गर्न सक्दथ्यो – कम्तिमा पनि हरेक पँहेला प्रति सेता प्रति भिसासँग सर्सर्ति भिडाउँने वा दूतावास कर्मचारीका फोटोसँग लुसुक्क भिडाउने वा कुनै सुराकबारे छलफल गर्ने वा क्रान्ति सेनालाई खबर गर्ने वा यस्तै यस्तै । अमेरिकी क्यानुकका राहदानीमा फोटो छदै थिए, दूतावास कब्जामा सबै कर्मचारीको फोटो विद्यार्थीका हात लागेको थियो, कब्जा चलिरहँदा च्यातिएका कागज पनि गलैंचाकर्मीबाट जिर्णोद्वार गरिदै थियो । आठ जनाको फोटोलाई साठी सत्तरी फोटोसँग भिडाउन कुनै तकनिकी आवश्यक पनि पर्दैनथ्यो, बेर पनि लाग्दैनथ्यो । अनुहारको उदासपना, हिंडाइको चालढाल र गन्तव्य कोठा हेर्दा उसले अरु केही अनिस्ट चाल पाएको हुनु पर्दथ्यो – अमेरिकी र क्यानाडेलीको तीन महिने योजना गई भैंस पानीमे हुदै थियो, चोक्टा खान गएको सम्धी झोलमा डुबेर मर्ने बेला हुदै थियो ।

अरुलाई भन्न पो सजिलो हुन्छ, सुन्न पनि मजा आँउछ । अचानोको चोट खुकुरीलाई के थाहा । अमेरिकीका ओठ तालु सुके – जनवरीको विहानको चीसोमा दोश्रो पटक चिटचिट पसिना आउन थाले । आफू जन्मेदेखिका सानाभन्दा साना घटना दिमागमा फन्फनी घुमेर सम्झिन थालिए – स्कूलमा कलमले साथीलाई खोपिदिएको देखि जागिरको अन्तर्वार्तामा जाँदा भऱ्याङ्गको खुड्किलामा ठेस लागे सम्मका । अल्लाह अब्राहम अकबर जिसस भगवान सबैलाई समान श्रद्धाले मनमनै पुकारे । आफ्ना परिवार, साथिभाइ, आफन्तका अनुहार सम्झे – सानो देखि हालको उमेरसम्मका । अध्यागमन लाइनमा युरोपिएन तरीकाले लामबद्ध छन्, कोही केही बोल्न सक्ने अवस्थामा थिएन । अरुले नदेख्ने गरी मुखामुख पनि संकेतमा गर्नु पर्दथ्यो – ङ्यासङ्यास ङुसङुसको

अवस्था थिएन । अरु त अरु, कपाल हुनेका त तालुको पसिना देखिएन, तर खल्वाटका तालुबाट पसिना झरेको देखिन थाल्यो – पुछ्न पनि भएन । अरुका लागि एक पल भए पनि ती घण्टा बराबर लामा हुदै गए । आफ्नै स्वासको रफ्तार बाहिरै सुनिन थाल्यो – मुटुको ढुकढुक ढुकढुक पनि बाहिरै सुनिए जस्तो हुन थाल्यो । आवाज ढकढक निकालेर नसामा रगत बग्न थाले – नौ नाडी गले । अगाडी छाती र पछाडी डडाल्नोबाट पसिना बगेको छ, कान पनि डङ्ग डङ्ग गर्छन, पेट हुडुलिएर आए जस्तो लाग्छ । आँखामा रिँगटा लागे जस्तो – कालो धम्मधम्म, ढुनुमुनु पँहेला नीला काला विन्दुहरु देखिन थाले ।

आँखा चाँही एक तमास ढोकामै थिए, टक्क अडिएका । आफ्नो शरीर र मनमा जे भए पनि– ङ्वास्स अनुहार लगाएका । अलि अलि गर्दै एक जुग लगाएर ढोका घरक्क खुल्यो । आफ्नो पक्राउ र अज्ञान यातनाका मुखमा पुगेका गुप्तबासी सतर्क भए । अध्यागमन अधिकृत चाहीँ एक हातमा चियाको गिलास समातेर अर्को हातले चिनी घोल्दै राहदानी र पँहेलो प्रति झरे झरोस् भनी बेढंगी पाराले काखीमा च्यापेर डेस्कमा आयो – त्यस्तै डेढ मिनेट जतिमा ।

अमेरिकीलाई वनको बाघले खाए पनि नखाए पनि मनको बाघले खाएको रहेछ । अघिल्लो डेढ मिनेटमा उनीहरुले चालीसौं वर्षका कुरा सम्झन सकेछन् । अध्यागमन अधिकृतको डेस्कको पछाडिको त्यो कोठामा ऊ चिया बनाउन गएको रहेछ, चुक्लि लाउन वा खोजतलास गर्न होइन ।

अध्यागमन अधिकृतको ताला देखेर अमेरिकीहरुको मन चङ्गा भयो – बेकारमा चोरको खुट्टा काट भन्दा खुट्टा उचालेको जस्तो महसुश भयो । अमेरिकीमध्ये कोही खोके जस्तो गरी तालुका पसिना पुछ्न थाले, कोही डँडाल्नु कन्याए जस्तो गरी ।

आज उसको चियाको कप संसार हल्लाउने कप हुदै छ । आइन्स्टाइनको शक्तिको सूत्रभन्दा बढी शक्ति निकाल्नेवाला चिनीको टुक्रो यात्रुलाई देखाउने गरी चियामा घोलिदैछ । आजका चिया, कप, चिनी र चिनी घोल्ने छेस्को चियास्त्र, कपास्त्र, चिन्यास्त्र तथा छेस्कास्त्र बन्दैछन् ।

अध्यागमन अधिकृतले ङ्याचाङ्गङ्चुङ्ग गरेर पिएका चियाका हरेक थोपा मातृभूमिको स्वाभिमानका लागी सर्बभक्षी समुन्द्र सरहका हुदैछन् ।

आर्यामेहर विरुद्धको जनक्रान्तिले उकासेको इरानी स्वाभिमानलाई गेऱ्यान चाइको कपमा चिनीको समुन्द्र मन्थन गर्ने सानो छेस्कोले तुफान चलाइ रहेको अधिकृतले गुप्तबासीको राहदानीमा बहिर्गमन छाप लगाइदियो – ड्याम्म्म । ड्याम्म्म । ड्याम्म्म । ड्याम्म्म । ड्याम्म्म । ड्याम्म्म । ड्याम्म्म्म ।

हाती छिर्‍यो पुच्छर चाहीँ

झन्झट नखपीकनै उनीहरु सुलुलुलु बहिर्गमन लाउन्ज दाखिला भए । विगत दुई रातदेखिका तयारीको टन्टनले खास्सै आराम गर्न पनि पाएका थिएनन् । सम्झँदै आङ्ग जिरिङ्ग पार्ने काम सर्लक्क सकिए पनि विमान उड्ने बेला भएकै थिएन । अझै कतिबेर कुक्कुर्क इरानमै बस्नु पर्ने भनेर विक्षिप्त चाँही थिए । बाहिर अझै निष्पट्ट अध्यारो नै थियो । लुगलुग काम्दै विहानी सेवाका कर्मचारी लुरुलुरु आउने क्रम विस्तारै चल्दै थियो ।

आफूहरुमाथि कसैको पनि ध्यान नपरोस भनि अमेरिकीहरु थाके जस्तो गरी घुड्डुक्क मुन्टो निहुराएर बसेका थिए, कोही त झपझप निदाएजस्ता । परस्परमा खासखुस सम्म पनि थिएन ।

खाली दिमाग भूतको घर – जोसेफले छ्यास्स स्थानीय अखवारमा हात लगायो । तर क्यानाडेली सिनेकर्मी भर्खरैमात्र इरान आइ पुगेका फारसी फिटिक्कै नजान्ने विदेशी थिए । आफ्नो साथीहरु बन्धककै रुपमा सरक्क छोडेर आफू चाही लुसुक्क भागेर जाने कुरामा जोसेफ नाराज थियो । अमेरिकीहरुमा ठ्याक्कै कुनै निराशा नआओस भनि खाना, खेलकुद, टिभि, पाठ्यसामग्रीमा टेलोरले अत्यन्तै ध्यान दिएका थिए । आफू चाही यहाँ पाँच तारे खाना खपाखप खाने उता हाम्रा बन्धक साथीहरु चाही भोक्भोकै सुत्ने भन्दै ऊ अरुसँग झगडा गर्न तम्सन्थ्यो – मानौं सहकर्मीलाई बन्धक बनाएर गुप्तबासी मदहोस छन् । स–साना कुरामा पनि किचकिच गर्दै चर्चरी बाइदथ्यो –निराशाका कारण । गन्गन् र भन्भन् गर्दै आफ्नो रुप बदल्न मानेको पनि थिएन । बेलाबेलामा डिच्च दाँत देखाउँदै वास्तविक नामबाट पनि बोलाइदिन्थ्यो । कुरा नगरे हुनेमा फटाफट लामा कुरा गरिदिन्थ्यो । बेला न कुबेला बजि नयला खालको काम गरी अरुको ध्यानाकर्षण हुने यस्ता उट्पट्याङ्ग कामले बाकि साथी भने रिङ्ङ्ग हुन्थे । तर ठ्याक्कै के नै गर्न सक्थे र, रिस रह्यो आफूसित भाउजू रहिन दाइसित जस्तो ।

जवर्जस्त जासुसी योजनाहरु जहिले पनि सटासट फेर्न मिल्ने विकल्प सहितका हुन्छन् –अप्ठेरो पर्दा ट्र्याक टु भनिने तयारी सहित । दुर्भाग्यवस, हवाई अड्डाभित्रको कामको कुनै पनि वैकल्पिक योजना थिएन, लुसुक्क निस्कने बाहेक ट्र्याक टु सम्भव थिएन ।

विस्तारै बाहिर मिर्मिर उज्यालो देखिन थाल्यो – दिनको उज्यालो अर्थात तीन महिना पछिको आत्माको उज्यालो । हवाइ अड्डा गुल्जार हुदै थियो – भिडभाड बढ्न थाल्यो । मान्छे बढ्नु भनेको ट्वाक्कै चिनेका अनुहार भेटिने सम्भावना बढ्नु थियो । मान्छे बढेको अनुपातमा भिसा शाखामा काम गरी लुसुक्क भाग्न लागेका कर्मचारीको तनाव पनि बढ्ने नै भयो ।

बाहिर उज्यालोसँगै हतियारधारी क्रान्ति सैनिक नयाँ जोस र जाँगरका साथ सट्टासट आउने थाले । अध्यागमन पार गरिसकेका यात्रु भए पनि भटाभट सोधपुछ गर्दथे, ङ्याक्दथे – शारिरीक जाँच र खानतलासी सहित । उनीहरुका सोधपुछका प्रश्न कक्रक्क पार्ने खालका थिए । अमेरिकीहरुको समूह आफैमा आठ जनाको डफ्फा थियो, छिसिक्क कुनै एकलाई गरिने केरकार नै डरलाग्दो हुन्थ्यो । अमेरिकीहरुले दह्रो आत्मबलमा पलपल सामान्य देखिने प्रयास गरे – मानौं सिनेकर्मीहरुलाई केही थहा नै छैन । विगत तीन दिनदेखि फटाफट गरिएका काम, कम आराम तथा मध्यरातभन्दा केही पछि नै हवाइ अड्डा आउनु परेकाले अनिदो अनुहार लगाउने वा तन्द्रामा परेको जस्तो गर्ने सुविधा अमेरिकीहरुसँग थियो – भरपूर उपयोग गरे ।

'सबै यात्रुहरु कृपया ध्यान दिनुहोस् । क्षमा चाहन्छौं की स्वीस एअर ३६३ उडान केही बेर ढिलो हुने भएको छ । धन्यवाद'

म ताक्छु मुँडो बन्चरो ताक्छ घुँडो, स्वीस विमानमा मेकानिकल फल्ट भएको खासखुस सन्देश प्रवाह भयो – विमान ढिलो हुने भयो । सफलताको दैलाको ठेलामा पुगेकालाई ठ्यास्स ठेस लाग्यो – सबै ङिसिक्क । कपाकप नखाएसम्म खेति र दूधको आसा नगर्नु है भनेर बुढापाकाले खडी खेति गाभिन गाय तब जान जब मुँहमे जाय भनेको त्यत्तिकै होइन रहेछ, अन्तिम समयमा धोका पो शुरु भयो ।

विमानको वास्तविक अवस्था पत्ता लगाउन रिचार्ड खुसुक्क अर्कै विमान कम्पनीको स्टेसन म्यानेजरकहाँ पुग्यो । विमानको ढिलाइका कारण सिनेकर्मी अर्को विमानमा पठाउने की भन्नेमा पनि रिचार्ड, मेन्डेज र म्यानेजरका खासखुस खासखुस पनि भए । तर प्रशासनिक झण्झटले गर्दा सरक्क अर्को विमानमा सार्न नसकिने बरु जोकसैले थाहा पाउन सक्ने हुनाले ढिलै भए पनि कुरिरहने कुरा हुदै गर्दा मेकानिकल फल्ट बढीमा एक घण्टा लाग्ने खास्सै ठूलो नभएको थाहा भयो । पलपलको कुराइ जुग जुग जस्तो भैरहेको बेला एक घन्टा जति लाग्ने कुरा एक कान दुई कान हुँदै आठै जनामा खासखुस गर्दै पुगिनसक्दै हवाइ अड्डाको माइकले पटक पटक फुक्योः

'सबै यात्रुहरु कृपया ध्यान दिनुहोस् । स्वीस एअर ३६३ उडानका लागि तयार छ, सबै यात्रुहरु विमान गेटमा आउन सादर अनुरोध छ । धन्यवाद'

लाइनबद्ध यात्रुहरुको हाते झोला, बोर्डिङ्ग पास, राहदानी र शरिरको अन्तिम जाँच फटाफट सम्पन्न भयो । विमानमा यात्रु पुऱ्याउने सानो बसबाट गुप्तवासीहरु सुरुक्क रनवेको अर्को कुनामा रहेको विमानमा पुगे । बसले उनीहरुलाई सटासट विमानको भऱ्याङ्गको मुखमै ओराल्यो ।

हरेकका मुटुको चाल ढकढक ढकढक गर्दै बढिरहेको छ, छेउको मान्छेले सुन्ने गरी । गुप्तबास र छुटकाराको बीचमा ड्याम्मै बीस खुड्किला जतिको भऱ्याङ्ग बाकी छ । चीसो सिरेटोको टकटक टोकसो परिरहेको छ, कानका लोति चीसा र नङ्गछुरी लागिरहेको छ । यत्रो दुःख गरेर चढ्न लागिएको विमानमा पट्टापट मान्छे नचढेर त्यहीँ भऱ्याङ्गमै पनि लाम छ । बल्ल दुई तीन मिनेटको अत्यास लाग्दो लाम पछि अमेरिकीहरु सटासट भऱ्याङ्ग चढ्न थाले ।

'आखिर तिमीहरु त' एन्डर्सले मेन्डेजको पाखुरामा खुसुक्क चिमोट्दै विमानको इन्धन ट्याङ्किको छेउमा लेखिएको विमानको नामतर्फ इसारा गर्दै भन्यो, 'जे पनि मिलाउन सक्छौ होइ ?'

एन्डर्सको चिमोटाइ र इसाराले मेन्डेजको पुलुक्क विमानको नाममा आँखा पाऱ्यो, मुसुक्क मुस्कुरायो ।

विमानको नाम स्वीटजरल्याण्डको उत्तरी प्रान्तको नामबाट चयन भएको रहेछः 'आर्गो'

सबै यात्रुहरु आआफ्ना सिटमा बसे, फटाफट पेटी कसे । परिचारिकाले एकएक सिटहरु सिधा ठाडो बनाउन लगाउँदै विमानका झ्यालहरु खोलाए । पूर्वी आकासमा झलल्ल सूर्य चढ्दै तेहरान झकिझकाउ हुँदै रहेछ । केही बेर अगाडीसम्म लुसुक्क बसेको तेहरान छेउको एलवर्ग पहाडमा जमेको हिउँमा परेका पहेलो किरणले सन्तहरु लस्कर लागेर सुमधुर झङ्कार दिंदै मानवताको कक्षा पढाइरहेका झकाझक देखिन्थे । विमानभित्र र बाहिरको दृश्य अमरावतीमा छमछम चलिरहेको नाचको मादकता छरिए सरह थियो ।

विमानले घर्घर गरेर इन्जिन खोल्यो, धावनमार्गको चक्कर लगायो र पल्लो कुनामा एअर ट्राफिक कन्ट्रोलरको अनुमति कुरेर बस्यो । विमानले उडान अनुमति र धावनमार्गको क्लियरेन्स कुर्दा पनि गुप्तवासीको भित्रि मनमा अझै केही चसक्क बाकी नै थियो । अनुमति पाउने वित्तिकै विमानले गुर्र्र गुडाइको गति बढायो र केही सेकेन्डमै इरानको भूमी छोड्यो । विमान झण्डै पैतालीस डिग्रीको उकालोमा पनि स्याँफ्याँ नगरी पश्चिम मोहडामा उड्न थाल्यो । क्यास्पियन सागरको नीलो पानी रम्म रमाइरहेको थियो । पल्ला छेउमा देब्रे बसेकाले भूमध्यसागर र दाहिने बसेकाले काला सागरको आकार देखुन्जेलमा विमानले पाङ्ग्रा सरक्क तानेर अड्कायो । गुप्तवासी सिनेकर्मीहरु विमानका अरु यात्रुले नपचाउने गरी चौ चौ चौ चौ गर्न थाले ।

जसै विमान आकासमा सरक्क सीधा भएर उड्न थाल्यो, विमान परिचारिकाले घरक्क बार खोले । यतिखेर विमान सट्ट टर्कीको हवाइ सीमामा प्रवेश गरिसकेको थियो । मेन्डेज आफ्नो सिटबाट सरक्क आफ्नै समूहको छेउमा आयो, गुप्तबासीले एकाबिहानै 'ब्लड्डी मार्स' खाने भए ।

'चियर्स' हङ्गामा भन्न सकिने स्तरमा समूह नै करायो, ब्लड्डी मार्स दनादन दिंदै बोले 'अब स्वतन्त्र छौं' ।

विमानका यात्रीहरु भने ट्वाल्ल परेर तातो सुपको माग गर्दै थिए ।

**

वासिङ्गटनमा भर्खर २८ जनवरी लागेको थियो - मध्यरात २८ जनवरी १९८० विहान ००:१० बजे, क्यालिफोर्नियामा त २७ जनवरीको मध्यरात हुनै बाकी थियो । वासिङ्गटनबाट आजको पहिलो र स्टुडियो सिक्स प्रोडक्सनमा कार्यालयको अन्तिम फोन टिनिन्न बज्यो, त्यो पनि तेश्रो लाइनबाट । तन्द्रामा रहेको एन्डि साट्सुट्ट उठेर स्वाट्ट फोन उठायो, अज्ञात आवाज थियोः

'सम्पन्न भयो ।'

****

चौ चौ भएर जति हतारिए पनि तेहरानको ढिलाइका कारण स्वीस एअर आफ्नो आगमन तालिकाभन्दा केही पछि जुरिचमा अवतरण भयो । छ क्यानाडेली तथा आयरिस र ल्याटिन अमेरिकी गरी आठ अमेरिकी उन्मत्त तरीकाले बिमानबाट झरे । छन त उनीहरु विदेशी भूमिमै थिए, तर पश्चिमी मुलुकको जमिनमा – स्वतन्त्रताको जमिन चुमे र स्वीस जमिनमा कम्मर मर्काएर, एक आपसमा आँगालो हालेर छमछम नाच्न थाले । वरिपरिका दर्शकले मुखामुख गर्दै निशुल्क मनोरन्जन लिए । त्यो उत्ताउलोपन वास्तवमै अपत्यारिलो र असिमित थियो – तर वास्तविक थियो ।

व्यवसायी मेन्डेज र जुलियोको अवको यात्रा पनि लुसुक्क पश्चिम जर्मनी पुग्ने थियो । उनीहरुको वास्तविक परिचय त त्यहाँ कुनै कोठामा खत्रक्क कैद गरिएको थियो । गुप्तबासी छ जनालाई खुसुक्क सिआइएका स्थानीय एजेन्टको जिम्मा लगाएर दुवै फ्रयाङ्कफर्टतिर उडे । गुप्तबासको साँङ्गे भएको थिएन, उपवासको ङारङुर अझै बाकी थियो । स्वीस एजेन्टले छ जनालाई दूरदराजको माउन्टेन लजमा राखे – स्पष्ट निर्देशन थियो बाकी बन्धक नछुटेसम्म कोही कसैसँग सम्पर्क गर्न वा अन्तर्वार्ता दिन पाउने छैन । उनीहरुलाई सरक्क फ्लोरिडा पुर्‍याएर छुपेरुस्तमको रुपमा राखिने छ । एक रातको बसाइ पछि गुप्तवासीहरुलाई सरक्क पश्चिम जर्मनीको रमस्टेइन एअरबेस हुदै डोभर एअरफोर्स बेसतर्फ उडाइयो ।

उडेसिस कू डु क्यानाडा एन इह्रा

क्यानाडा तथा इरानको मित्रता १९५५ मा शुरु भएको थियो । भ्यालेन्टाइन डे काण्डसम्म तेहरानको दूतावासमा झण्डै नौ सय कर्मचारी कार्यरत भए पनि सो काण्डका कारण क्यानाडाले राजदूतस्तरमै भए पनि दूतावासको आकार पूर्णरुपमा घटाएको थियो । क्यानाडेली जम्मा दश जना थिए, १९८० को जनवरी २५ मा मेन्डेज पुग्दा – पाँच सोही दिन स्वदेश फर्कदैका सहित । त्यही पाँचले पनि गुप्तबासीको बहिर्गमन सकिएको केही घण्टा पछि लन्डन भएर क्यानाडा फर्कने अपरान्हको टिकट मिलाएका थिए – इरानी अधिकारीको आँखा छल्न बेग्लावेग्लै एजेन्टमार्फत ।

ठ्याक्कै भन्दा गुप्तबासीले विहान साँढे सातमा इरानबाट उड्नु पर्ने थियो, तर उनीहरु साँढे आठतिरमात्र इरानी भूमि छोड्न सफल भए । स्वीस एअरले साढे नौ बजेतिर इरानी हवाइ आकास छोडेको हुनुपर्दछ । स्वीस एअर लगायतका युरोपीय विमान कम्पनीका इरानमा बसेका स्टेसन म्यानेजरहरुसँग टेलोर निरन्तर सम्पर्कमा थियो । क्रान्तिले उग्र तेहरानको अवस्था अनुसार छ क्यानाडेली चढेको विमानबारे सोधपुछ गर्न उसलाई कुनै आइतबार कुर्न पर्दैनथ्यो । त्यस्ता सोधपुछले त क्यानाडेली राजदूत आफ्ना नागरिकप्रति कति जिम्मेवार रहेछन् भन्ने सकारात्मक सूचना प्रवाह गर्दथ्यो । फ्याट्ट कसैले इरानीलाई कुरा खुस्काएमा पनि स्वीस विमानमा क्यानाडेली छन् भन्ने भान पार्दथ्यो, टेलोर फाइदामै हुन्थ्यो । स्वीटजरल्यान्ड र टर्कीमा रहेका क्यानाडेली राजदूतहरु पनि विमान अवस्थितीको सूचना तेहरान पठाइरहेका थिए । प्रष्ट रुपमा गुप्तवासीहरु इरानी आकास छोडेको पक्का भए पछि टेलोरले एघार बज्नु अगावै इरानी विदेश मन्त्रालयमा एक कुटनीतिक पत्र पठाएः

'आन्तरिक कारणहरुले तेहरानको क्यानाडेली दूतावास केही समयका लागि अस्थायी बन्द गरेका छौं'

त्यसरी दूतावास नै बन्द गर्ने योजनाका कारण कुनै पनि कागजात सावुद राख्न मिल्दैनथ्यो – कम्तिमा गोप्य भनिएका कागजात । क्रान्तिको उग्रतामा रहेको तेहरानमा गोप्य नभएका सामान्य कागजातबाटै प्रोपेगान्डा हुन सक्दथ्यो । क्रान्तिकारीले अमेरिकी दूतावासमा गलैंचाकर्मीबाट कागजात जिर्णोद्धार भैरहेको सूचना टेलोर जस्ता कागको फूल चोर्न सक्ने कुटनितिज्ञले चाल नपाउने कुरै थिएन । त्यसैले पनि कागजातको धुलाइ जिर्णोद्धार नहुने गरी गरिएको थियो ।

क्लाउडेले १९ जनवरीदेखि नै कागज नष्ट गर्न बाह्र पाउन्डको घन चलाइरहको थियो, उसका हातमा उठेका ठेला पनि मरिसकेका थिए । क्यानाडेलीको बाकी समूह चाही दिउसोको ब्रिटिस विमानबाट बाहिरियो र पर्सिपल्ट क्यानाडा पुग्यो ।

क्यानाडेलीले नष्ट गर्न नसकेका सामान्य कागजात, दूतावास भवन, निवास तथा स्थानीय कर्मचारी चाही न्युजिल्यान्ड दूतावासमा स्थानान्तरण गर्ने सहमति थियो – चार दिन पछि दूतावास तथा आवास भवन एवं स्थानीय कर्मचारी न्युजिल्यान्डको दूतावासको नियन्त्रणमा गयो ।

क्यानाडा सरकारको सहयोग रहँदा रहँदै पनि रातो दीर्घवृताकारभित्र सेता अक्षरको ला प्रेसको २९ जनवरीको अङ्कमा रातो रंगको भँगेरे टाउके अक्षरमा केनेथ टेलोरको फोटो सहितको समाचार छापियो –

'उडेसिस कू डु क्यानाडा एन इह्राँ, अमेरिकाने क्याचेज अ लाम्बासासाडे सुभ्ज – इरानमा क्यानाडाको साहसी तख्तापलट कू, दूतावासमा लुकेकाहरु बचाइयो'

त्यो समाचार ला प्रेशका जोल पेलेटरको बुद्धिमानीले डिसेम्बर १० देखि रोकिएको थियो र सन्सनीपूर्ण समाचार तत्कालै अरु समाचार संस्थामार्फत फैलियो – वासिङ्गटन पोस्टको 'ओ क्यानाडा' सम्पादकीय सहित ।

'थ्याङ्क्यु क्यानाडा' भन्दै लाखौं अमेरिकी सडकमा आए भने पर्यटन व्यवसायीको 'क्यानाडा सप्ताह', लस एञ्जलसको 'थ्याङ्क्यु क्यानाडा मन्थ' जस्ता कार्यक्रमहरुको शुरुवात भयो ।

त्यत्रो समाचारबारे इरानी धारणा पत्ता लगाउन अमेरिकी समाचार संस्थाका तेहरान सम्बाददाताले दूतावास कब्जा गरी बसेका विद्यार्थीसमक्ष गए ।

'छ अमेरिकी कर्मचारी क्यानाडाको सहयोगमा इरानबाट बाहिरिएछन् । यस सम्बन्धमा तपाईहरुलाई थाहा थियो?'

प्रवक्ताले तत्काल जवाफ फर्काए– 'त्यसो भए त्यो अवैधानिक काम हो ।'

क्यानाडेली कू पछि पनि जिमी कार्टरको सरकार इरानसंग बन्धक छुटाउने क्रममा नै थियो । स्वास्थ्य सुधार नभए पछि अमेरिका छोडेका शाहले १९८० जुलाइ २७ मा इजिप्टमा देहत्याग गरे । मृतात्माको कायरोमा गरिएको इजिप्टेली 'राजकीय सम्मान' सहितको दाहसंस्कारमा भूतपूर्व अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनले श्रदाञ्जली दिए ।

क्यानाडाले भगाएका छ गुप्तवासीहरुको नाम अमेरिकाले उपलव्ध गराएको बन्धक सूचिमा सानका साथ समावेश थियो । त्याग, शहादत र त्यत्रो संघर्षबाट उखेलिएर भागेका शाहको बहिर्गमन अमेरिकी औपचारिक अभिलेखमा अङ्कित थिएन, इरानका राष्ट्रप्रमूखमा शाह नै थिए । मृत्युको दुई महिना अगाडिसम्म इरानसंगको दौत्य सम्बन्ध यथावत रहँदा पनि इरानमा शाह नै कायम थिए ।

क्यानाडेली कूमार्फत सबै छ गुप्तबासी अमेरिकी भूमिमा आइ वरी घर परिवारसँग मिलान भैसके पनि अमेरिकी सरकारले हराएका छ सहित अमेरिकीको बन्धनमुक्तिको माग कहिल्यै घटाएन । त्यत्रो दुःख गरेर गुप्तवासी अमेरिका पुगेको झण्डै एक वर्ष पछि १९८१ जनवरी २१ मा रोनाल्ड रेगनको शपथ ग्रहणको केही मिनेट पश्चात अल्जेरिएन एकर्ड बमोजिम सबै अमेरिकी बन्धक मुक्त गरिए । इम्पेरियल स्टेट अभ इरानको नाममा रेजा पह्लवीको निर्वासित सरकारले अमेरिकामा स्वतन्तापूर्वक आफ्ना गतिविधी गरिरहेकै छ, युवराजकै स्वउपाधिमा ।

त्रासदीपूर्ण सम्बन्धका कारण दौत्य सम्बन्ध विच्छेद गरिएको इरानका लागि अमेरिकी सरकारी अभिलेखमा इरानका राष्ट्राध्यक्ष शाह नै छन्, उनको गद्दि खाली नै छ, अमेरिकाका ६ कुटनैतिक कर्मचारी इरानमा अझै बन्धककै अवस्था हराइ रहेकामा छन् ।

अमेरिकीहरुलाई प्रवेश निषेधको चिन्ह झल्किने सडक बोर्डमा दूतावास कब्जाको मिति सम्झने गरी १३ अबान नाम राखिएको सडकमा अमेरिकी झण्डा सबैले कुल्चिउन भनि बनेको झण्डे जेब्राक्रसबाट गए पछि पर्खालको अग्रभागमा हरेक वर्ष रङ्ग्याइने राक्षसको अनुहार बनाएको अमेरिकी स्वतन्त्रता चिन्ह, आगनमा अमेरिकी गोप्य सेटेलाइट भनिएको पोलिगोनल आकारको वस्तु र बन्धक छुटाउन गरिएको कारवाहीमा बालुवे-हुरीका कारण दूर्घटनामा परेको हेलिकोप्टरका भागहरु, पहिला भित्र राखिए पनि अहिले भवनको द्वारमा सारिएको दुवै हात शिरमा राखेर आत्मसमर्पण गरेको अमेरिकी सैनिकको सालिक एकापट्टी र स्वतन्त्रताको मसाल समातेको इरानीको सालिक अर्कापट्टी, द्वारको माथि 'महान १३ अबान प्रदर्शनीकक्ष' लेखिएको बोर्ड, भुईंमा सबैले कुल्चने गरी रङ्ग्याइएको च्यातिएको देखाउने अमेरिकी झण्डे-चित्र, भऱ्याङ्गका भित्तामा चाँही लडेको अमेरिकी स्वतन्त्रता चिन्हको चित्र र वर्ल्ड ट्रेड टावरमा अमेरिकी आफैंले हवाइजहाज ठोकाएका चित्र, कोठामा छिर्दा ढोकामा राखिएका 'डाउन विथ युएसए' लेखिएका डोरमेटमा जुत्ता पुछेर जाँदा देखिने दूतावासका पुराना सामानहरु मिलाएर राखिएका कक्ष, कब्जाका बखत धुलाइएका कागजात सहित बिग्रेको मेशिन, गलैंचाकर्मीले धुलाइएको कागजबाट बनाएका पुस्तक, कब्जाको बखतका फोटो प्रदर्शनी, सिआइएले कोड भाषामा रुपान्तरण गर्ने भनिएको मेशिन सहितको सञ्चारकक्ष, अमेरिकामा बनेको खोल्न विशेष विधी भएको ढोका सहितको कक्ष सहितको तेहरानको अमेरिकी दुतावास चाँही 'डेन अभ स्पाइस' जासुसको गुँडको उपाधीबाट अहिले इस्लामिक सांस्कृतिक केन्द्र र संग्रहालयको रुपमा खुला छ, अर्कै झण्डे जेब्राक्रसबाट फर्कने गरी ।

* *